[illegible] पूर्णाङ्क

# पूर्णिमा

संशोधन–मण्डल



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

३ वर्ष

३ अङ्क

[इतिहास-प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—

गौतमवज्र वज्राचार्य

महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक—

धनवज्र वज्राचार्य

(संशोधनमण्डलद्वारा)

सहयोगीहरू—

रामजी तिवारी

देवीप्रसाद भण्डारी

शङ्करमान राजवंशी

दिनेशराज पन्त

# विषयसूची


पृष्ठ

| | | | |
|---|---|---|---|
| १. | धापासीको शिवदेव र अंशुवर्माको अप्रकाशित अभिलेख | —गौतमवज्र वज्राचार्य | १–६ |
| २. | लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या | —धनवज्र वज्राचार्य | ६–१७ |
| ३. | श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि पनि चोर्नु भयो | —शङ्करमान राजवंशी | १७–२४ |
| ४. | श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | २४–३२ |
| ५. | वीर भक्ति थापा | —महेशराज पन्त | ३३–३६ |
| ६. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे | — दिनेशराज पन्त | ३७–४८ |
| ७. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | — रामजी तेवारी | ४९–६२ |
| ८. | पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | —नयराज पन्त | ६३–९९ |
| ९. | ऐतिहासिक शिरोमणि श्रीबाबुराम आचार्यज्यूसंग प्रार्थना | —नयराज पन्त | ९९–१०० |
| | हाम्रो वक्तव्य (श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन) | | १०१–१८ |

# धापासीको शिवदेव र अंशुवर्माको अप्रकाशित अभिलेख

–गौतमवज्र वज्राचार्य

काठमाडौंबाट १½ कोशजति उत्तरतिर धापासी गाउँ पर्दछ । धापासी गाउँको नगीचै चुनदेवी फिसल गाउँ भन्ने ठाउँमा पीपलको बोटमुनि चौरमा उत्तरतिर फर्केर यो अभिलेख रहेको छ ।

धापासी गाउँ भएर जाने चलतीको कुनै मूल बाटो पर्दैन । यस कारण यो अभिलेख नेपालको इतिहासमा चाख राख्ने व्यक्तिहरूको आँखामा पर्न सकेन र अहिलेसम्म अप्रकाशित रहिरह्यो । यो अभिलेख यहाँ छ भन्ने कुराको सूचना मेरा काका वैद्य श्रीसिद्धिवज्र वज्राचार्यबाट मैले पाएको हुँ । उहाँबाट सूचना पाएपछि भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, दिनेशराज पन्त र म धापासी गयौं र यसको पाठ पढ्यौं तथा उतार पनि ल्यायौं ।

धापासी गाउँ आजभोलि कुनै प्रख्यात ठाउँ होइन । नत यहाँ घना बस्ती नै छ । परन्तु यस अभिलेखबाट अंशुवर्माको समयमा प्रणालीदिमक नाउँले प्रसिद्ध यस ठाउँमा धेरै गृहस्थीहरूको बसोवास थियो भन्ने बुझिन्छ । उपत्यकाको छेउ छेउमा लिच्छविकालमा बढ्ता बस्ती बसेको थियो भन्ने कुरालाई धापासीमा पाइएको यस अभिलेखले पनि पुष्टि गरेको छ ।

यस शिलालेखको शिरोभागमा बीचमा चक्र त्यसको दायाँ बायाँ दुइटा शंखका आकार अङ्कित छन् । शिलालेखका अक्षर विशेष गरेर माथिल्लो भागमा केही खिइसकेका छन् । त्यसमा पनि काइ परेको हुनाले पाठ ठम्याउन निकै परिश्रम पर्न गएको छ । छेउछेउमा धार लगाउन हतियार घोटिएको हुनाले केही अक्षर खण्डित छन् तापनि प्रसङ्ग मिलाई पढ्न सकिने छन् । अभिलेख कुँदिएको भाग २४ अङ्गुल लम्बा १९ अङ्गुल चौडा छ ।

## मूलपाठ

१. (स्व)स्ति मानगृहादखण्डमण्डलेन्दुकिरणावदातयशोवितानस्थगि(ता
२. खि)लदिङ्मण्डलो लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीशिवदे(वः कु-)
३. (श)ली प्रणालीदिमकग्रामनिवासिनः प्रधानपुरस्सरान्कुट(म्बिनः)
४. कुशलमाभाष्य समाज्ञापयति विदितं भवतु भवतां यथाने(न)

५. पृथुममरसम्पातनिर्जयाधिगतपराक्रमोपनमितान्य(क्षि)–
६. तिपतिशिरोमणिप्रभाभासितचरणारविन्दयुगलेनाशेष(सा)–
७. मन्तावगाहनि...कृत...न्दचचक्षुषा श्रीमहासामन्तांशुवर्म्मणा
८. मां विज्ञाप्य मदनुज्ञातेन सता कुर्थेलिङ्ग्वलपञ्चापराधमात्राप्र–
९. वेशेन वः प्रसादः कृतः समुचितकरमात्रसाधनाय तु तद–
१०. धिकृतैः प्रवेष्टव्यमेव चिरस्थितये चास्य शिलापट्टकशासन–
११. मिदन्दत्तं तदेवंवेदिभिरस्मत्पादप्रसादोपजीविभिरन्यै–
१२. र्व्वा न कैश्चिदिदमप्रमाणङ्कार्य्यं यस्त्वेतामाज्ञां विलङ्घ्यान्यथा
१३. कुर्य्यात्कारयेद्वा तमहमन्यायकारिणन्न मर्षयिष्यामि भा(वि–)
१४. रभिपि भूपतिभिर्द्धर्म्मगुरुभिर्ग्गुरुकृतप्रसादानुवर्तिभिरि–
१५. यमाज्ञा सम्यक्प्रतिपालनीयेति समाज्ञापना दूतकश्चात्र
१६. लच्छा गोमी, संवत् ५२६ वैशाखशुक्लदिवापञ्चम्याम्

## अनुवाद

[ कल्याण होस्। मानगृह दरबारबाट पूर्णिमाको जून जस्तो सफा कीर्तिको फैलावटले सारा दिशा ढाकेका लिच्छविकुलका झण्डा जस्ता भएका गाथमा आराम रहेका भट्टारक (गद्दीनशीन) महाराज श्रीशिवदेवले प्रणालीदिमक गाउँमा बस्ने ठालु मुखियालगायत गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ–ठूलो लडाइँ हुँदा जितबाजीबाट भएको पराक्रमले नुहाइएका अरू राजाहरूका श्रीपेजका मणिको किरणले दुवै पाउ सुहाएका जम्मै सामन्तहरूलाई हेर्दा······ आँखा भएका श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाएर हाम्रो आज्ञा लिई कुथेर, लिङ्ग्वल (अड्डा) र पञ्चखतसंवन्धी काम कुरामा चाहिँ (सरकारी अधिकारीहरूले तिमीहरूकहाँ) पस्न नपाउने गरी निगाह गरिदिइएको छ। उचित कर लिनालाई चाहिँ अधिकारीहरू पस्न पाउँछन्। यो कुरा तिमीहरूलाई थाहा होस्। यो स्थितिबन्धेज स्थायी पार्नाको लागि यो सनद शिलापत्र गरिदिइएको छ। त्यस कारण यो कुरा थाहा पाएर हाम्रो निगाहबाट जीविका चलाएका (सरकारी कर्मचारी) अथवा अरू कसैले यस कुराको बखिलाप नगर्नू। जसले यो आज्ञा नाघेर अन्यथा गर्ला वा गराउला, त्यस अन्यायवालालाई हामी सहनेछैनौं। पछि हुने राजाहरूले पनि नियम कानूनलाई ठूलो संझी मान्यजनले गरिदिएको निगाहको ख्याल राखी यो आज्ञाको राम्रो प्रतिपालन गर्नुपर्दछ भन्ने आज्ञा छ। यहाँ मार्फत लच्छा गोमी। संवत् ५२६ वैशाख शुक्ल पञ्चमी। ]

यो अभिलेख शिवदेव र अंशुवर्माको संयुक्त शासनकालको अन्त्यतिरको हो❁ । यस वेलासम्ममा अंशुवर्माको हातमा निकै शक्ति आइसकेको थियो । यो कुरा यहाँ प्रयोग गरिएको उनको प्रशस्तिले बुझाउँछ । यहाँ अंशुवर्माको जस्तो प्रशस्ति शिवदेवको छैन । यस वेला गद्दीनशीन राजा शिवदेव भएका हुनाले रजौटा र अरू साना राजाहरूले उनलाई प्रणाम गरेको वा उनीहरू उनको वशवर्ती भएको वर्णन यहाँ हुनुपर्थ्यो । परन्तु यहाँ त्यस्तो वर्णन परेको छैन । रजौटा राजा र अरू साना राजाले अंशुवर्मालाई प्रणाम गरेको र उनीहरू अंशुवर्माको वशवर्ती भएको वर्णन यहाँ गरिएको छ । यसबाट अंशुवर्मा शासन चलाउने काममा शिवदेवका सहायक मात्र थिएनन्, भविष्यमा आफ्नो एकलौटी शासन कायम गर्ने अवस्थामा यस वेला उनी पुगिसकेका थिए भन्ने कुरा यताबाट बुझिन्छ ।

अंशुवर्माले धेरैजसो अभिलेखहरूमा लडाइँमा शत्रु राजाहरूलाई परास्त पारेका भन्ने विशेषण लिएका छन् । यस अभिलेखमा पनि त्यसको उल्लेख भएको छ । कुन घटनालाई यस कुराले सङ्केत गरेको हो सो स्पष्ट हुन सकेको छैन ।

'कथं प्रजा मे सुखिता भवेदिति' = मेरा प्रजाहरू कसरी सुखी होलान् भन्ने आदर्श अगाडि राखी अंशुवर्माले शासन चलाएका थिए । यस कारण अंशुवर्माले शासनव्यवस्थामा निकै सुधार गरेका थिए । शासनाधिकारलाई मूल (केन्द्र)मा सीमित नगरी ग्राम, तल, द्रङ्ग आदि विभिन्न तहका प्रजालाई नै शासनको भार सुम्पी उनले स्वायत्त शासनलाई बढी महत्त्व दिएको देखिन्छ । यसरी शासन–व्यवस्थामा सुधार गर्दा उनले एकैचोटि सबै ठाउँमा एकै किसिमको शासनाधिकार चाहिँ दिएको देखिँदैन । तत् तत् प्रदेशका जनताको शासन चलाउने क्षमता हेरी तदनुसार उनले अधिकार सुम्पेको देखिन्छ । यो कुरा बुझ्न अंशुवर्माले गरिदिएका विभिन्न सनद शिलापत्रको केही अंश यहाँ उद्धृत गर्नुपरेको छ–

"महाराजश्रीशिवदेवः······(समाज्ञा)पयति·· श्रीसामन्तांशुवर्म्मणा विज्ञापितेन मया [युष्मदनुकम्पया] –कुथेर्वृत्त्यधिकृतानां समुचितत्रिकरमात्रसाधना(यैव प्रवेशो)स्मिन् द्रङ्गे...लिङ्ग्वलशुल्लीपञ्चापराधादिनिमित्तन्त्वप्र(वेश इति प्रसादो)वः कृतो लशुन(प)लाण्डुकराभ्या प्रतिमुक्त(ः) ···संवत् ५१६+ वैशाखमासे शुक्लदिवादशम्याम् ।

[पाटन भीमसेनस्थानको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख योगी नरहरिनाथद्वारा इतिहास–प्रकाश १ अङ्क ५५–५६ मा प्रकाशित भएको छ । पछि नोलीद्वारा पनि २३ संख्याको रूपमा प्रकाशित भएको छ ।]

---

❁ शिवदेव र अंशुवर्माको संयुक्त शासनकालको अहिलेसम्म पाइएकोमा सबभन्दा पछिल्लो अभिलेख सवत् ५२६ आश्विन शुक्लको हो । अभिलेख–संग्रह पहिलो भागको २९–३१ पृष्ठ हेर्नुहोस् ।

+ योगी नरहरिनाथले पाटन भीमसेनस्थानको यस अभिलेखको संवत् २९६ पढ्नुभएको छ । नोलीले चाहिं यस अभिलेखको संवत् ५१७ पढ्नुभएको छ । परन्तु मूलमा सवत् ५१६ स्पष्ट देखिन्छ । यसको प्रतिलिपि पूर्णिमा ५ पूर्णाङ्क ७ पृष्ठमा हेर्नुहोस् ।

[महाराज श्रीशिवदेवबाट...आज्ञा भएको छ...सामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा...तिमीहरूका उपरको दयाले कुथेर अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र यस द्रङ्गमा पस्नु योग्य छ,...लिङ्ग्वल शुल्ली (अड्डा) को काम र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ । लसुन र व्याजमा लाग्ने कर छोडिदिएको छ ।...संवत् ५१६ वैशाख महीना शुक्ल पक्ष दशमी तिथिमा]

"महाराजश्रीशिवदेवः... माखोप्रिम्ससतलद्रङ्गनिवासिनः ... समाज्ञापयति ... श्रीमहासामन्तांशुवर्म्मणा विज्ञापितेन मया...युष्मदनुकम्पया...कुथेर्वृत्यधिकृतानामत्र समुचितस्त्रिकरमात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृतः...संवत् ५१६ ÷ ज्येष्ठशुक्लदिवा दशम्यास्"

(भक्तपुर गोलमाढीटोलको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख बेण्डलद्वारा १ संख्याको रूपमा नोलीद्वारा २४ संख्याको रूपमा प्रकाशित भएको छ ।)

[महाराज श्रीशिवदेवबाट...तलसहितको माखोप्रिम द्रङ्गमा बस्नेहरूलाई...आज्ञा भएको छ ।... श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा...तिमीहरूका उपरको दयाले यहाँ तिमीहरूको गाउँमा कुथेर अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र पस्नु योग्य छ, पुर्जी काट्ने र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ । संवत् ५१६ जेठ महीना शुक्ल पक्ष दशमी तिथिमा ।]

"महाराज श्रीशिवदेवः...खिपुङ्ग्रामे निवासिनः समाज्ञापयति..श्रीमहासामन्तांशु(वर्म्मणा) विज्ञापितेन मया..युष्मदनुकम्पया कुथेर्वृत्यधिकृतानामत्र समुचितस्त्रिकरमात्रसाधनायैव प्रवेशो लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश इति प्रसादो वः कृतः.."

(भक्तपुर तुलाछें टोलको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख लेवीद्वारा ९ संख्याको रूपमा नोलीद्वारा २५ संख्याको रूपमा प्रकाशित भएको छ ।)

[महाराज श्रीशिवदेवबाट..खिपुङ गाउँमा बस्नेहरूलाई आज्ञा भएको छ..। श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा..तिमीहरूका उपरको दयाले यहाँ तिमीहरूको गाउँमा कुथेर अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र पस्नु योग्य छ, पुर्जी काट्ने र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ..।]

"...शिवदेवः...समाज्ञापयति......श्रीमहासामन्तांशुवर्म्मणा युष्मदनुग्रह...कुथेरवृत्त्यधिकृतानामिह समुचितस्त्रिकरमात्रसाधनायैव (प्रवेशो ले)ख्यदानपञ्चापराधनिमित्तं त्वप्रवेश इति प्रसादो वः (कृतः)...संवत् ५१७❀ प्रथमाषाढशुक्लदिवाद्वादश्याम्"

---

÷ नोलीले भक्तपुर गोलमाढी टोलको यस अभिलेखको संवत् ५१७ पढ्नुभएको छ । परन्तु मूलमा ५१६ स्पष्ट देखिन्छ । यसको प्रतिलिपि पूर्णिमा ५ पूर्णाङ्क ७ पृष्ठमा हेर्नुहोस् ।

❀ नोलीले धर्मस्थलीको यस अभिलेखको संवत् ५१८ पढ्नुभएको छ । परन्तु मूलमा संवत् ५१७ स्पष्ट देखिन्छ । यसको प्रतिलिपि पूर्णिमा ५ पूर्णाङ्क ७ पृष्ठमा हेर्नुहोस् ।

(धर्मस्थलीको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख नोलीद्वारा २६ संख्याको रूपमा प्रकाशित भएको छ ।)

[ ( महाराज ) शिवदेवबाट...आज्ञा भएको छ...श्रीमहासामन्त अंशुवर्माले तिमीहरूका उपरको दयाले...यहाँ तिमीहरूको गाउँमा कुथेर अड्डाका अधिकारीहरूले तीनवटा रकम उठाउनाका लागि मात्र पस्नु योग्य छ, पुर्जी काट्ने र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ । संवत् ५१७ प्रथमआषाढ शुक्ल पक्ष द्वादशी तिथिमा]

"महाराजश्रीशिवदेवः..आङ्लाबकसपितानरसिंहोभयपाञ्चालीनिवासिनो..ग्रामकुटुम्बिनःसमाज्ञापयति...श्रीमहासामन्तांशुवर्म्मणा विज्ञापितेन मया...(युष्मदनुकम्प)या कूथेर्त्त्यधिकृतानां समुचित-(स्त्रिकरमात्रसाधनार्थंव प्रवेशो लेख्यदान) पञ्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वः कृतः... संवत् ५१७❁ प्रथमाषाढशुक्लद्वादश्याम्"

(बूढानीलकण्ठको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख भगवानलालद्वारा ५ संख्याको रूपमा, नोलीद्वारा २७ संख्याको रूपमा प्रकाशित भएको छ ।)

[महाराज श्रीशिवदेवबाट...आङ्लाबकसपिता भन्ने ठाउँ र नरसिंह भन्ने ठाउँका पाञ्चाली (पञ्चायत ?) भित्रका...गृहस्थीहरूलाई...आज्ञा भएको छ...श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा...तिमीहरूका उपरको दयाले (यहाँ तिमीहरूको गाउँमा) कुथेर अड्डाका अधिकारीहरूले (तीनवटा रकम उठाउनाका लागि मात्र ) पस्नु योग्य छ, (पुर्जी काट्ने र) पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ...। संवत् ५१७ प्रथम आषाढ शुक्ल पक्ष द्वादशी तिथिमा ]

"महाराजश्रीशिवदेवः...कुर्पासीग्रामनिवासिनः...समाज्ञा(प)यति...श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य...युष्माकं सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः (स)मुपस्थितविचारणीयकार्य्येषु स्वतलस्वामिनैव यूयं विचारणीया...संवत् ५२० चैत्रकृष्णपक्षे तिथौ पञ्चम्याम्"

(खोपासीको शिवदेव र अंशुवर्माको अभिलेखबाट । यो अभिलेख लेवीद्वारा १२ संख्याको रूपमा नोलीद्वारा ३१ संख्याको रूपमा प्रकाशित भएको छ ।)

[महाराज श्रीशिवदेवबाट.. कुर्पासी गाउँमा बस्नेहरूलाई आज्ञा भएको छ...। श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजूरमा बिन्ति चढाउँदा...तिमीहरूकहाँ सबै अड्डाले पस्न नपाउने गरी निगाह गरियो । आइपरेका विचार पुऱ्याउनुपर्ने कामहरूको बारे आफ्ना तलस्वामीद्वारा तिमीहरूको हेरविचार हुनेछ। संवत् ५२० चैत्र महीना कृष्ण पक्ष पञ्चमी तिथिमा ]

माथि उद्धृत पाटन भीमसेनस्थानको अभिलेखमा कुथेर, लिङ्ग्वल, शुल्ली यी तीन अड्डाले गर्ने काम, पञ्चखतको तहकीकात गर्ने काम स्थानीय जनताले नै गर्नू भनी त्यहाँका जनतालाई

---

❁ भगवानलाल र नोलीले बूढानीलकण्ठको यस अभिलेखको संवत् ५१८ पढ्नुभएको छ । परन्तु मूलमा संवत् ५१७ स्पष्ट देखिन्छ । यसको प्रतिलिपि पूर्णिमा ५ पूर्णाङ्क ७ पृष्ठमा हेर्नुहोस् ।

अधिकार दिइएको कुरा परेको छ। तीनवटा रकम उठाउने अधिकार मात्र सरकारी अधिकारीहरूलाई दिइएको छ । दैनिक व्यबहारमा आउने तरकारी लशुन प्याजमा लागिराखेको कर माफी गरिदिएको उल्लेख पनि त्यहाँ परेको छ ।

भक्तपुर गोलमाढीटोल, तुलाछें टोल, धर्मस्थली, बुढानीलकण्ठको अभिलेखमा एकै व्यहोराका कुरा परेका छन्, तीन रकम उठाउने बाहेक अरू कुरामा कुथेर अड्डाका अधिकारीहरूले ती गाउँमा नपस्नू, कुथेर अड्डाले गर्ने काम पञ्चखतको तहकीकात गर्ने काम स्थानीय जनताले नै चलाउनू भन्ने व्यवस्था बाँधिएको छ ।

खोपासीको अभिलेखमा चाहिँ अर्कै व्यवस्थाको उल्लेख परेको छ । सरकारी सबै अड्डाले गर्ने काम त्यहींका जनताले तलस्वामीमाफत चलाउनू भन्ने कुरा त्यहाँ लेखिएको छ ।

यसै गरी धापासीको यस अभिलेखमा पनि कुथेर र लिङ्ग्वल अड्डाले गर्ने काम र पञ्चखतको तहकीकात गर्ने अधिकार त्यहाँका जनतालाई सुम्पेको कुरा परेको छ । उचित कर उठाउनालाई मात्रै सरकारी अधिकारीले यस गाउँमा पस्न पाइन्छ भन्ने उल्लेख छ ।

यसरी लिच्छविकालको शासनव्यवस्थामा सुधार गरी जनताको सुखसुविधामा अंशुवर्माले दृष्टि दिएका थिए भन्ने कुरा यो अभिलेख र उनका अरू अभिलेखबाट स्पष्ट थाहा पाइएको छ ।

यस अभिलेखमा दूतक (मार्फत) लच्छा गोमी छन् । लेलेको यसै सालको अभिलेखमा पनि दूतक यिनै प्रतिहार लच्छा गोमी छन् । यसबाट लच्छा गोमी यस ताका अंशुवर्माका विश्वासप्राप्त व्यक्ति देखिन्छन् ।

–★–

# लिच्छविकालका शासनसम्बन्धी पारिभाषिक शब्दको व्याख्या

## सर्वदण्डनायक, महाप्रतिहार, महाबलाध्यक्ष, कुमारामात्य

–धनवज्र वज्राचार्य

लिच्छविकालमा शासन व्यवस्थित रूपमा चलाउनाका लागि विभिन्न अधिकरण (अड्डा)हरू रहेका थिए, त्यहाँ अधिकारीहरू नियुक्त भएका हुन्थे भन्ने कुराको उल्लेख अभिलेखहरूमा पाइन्छ ।

तर ती अधिकारीहरूका पद के कस्ता हुन्थे, तिनका नाम के के थिए आदि कुरा अभिलेखहरूबाट खुल्दैन ।

लिच्छवि राजदरबारमा राजाका विश्वासप्राप्त अधिकारी तथा शक्तिशाली अधिकारीका रूपमा रहेका सर्वदण्डनायक, महाप्रतिहार, महाबलाध्यक्ष, कुमारामात्य आदि एकथरी अधिकारीहरू थिए भन्ने कुराचाहिं अभिलेखहरूबाट थाहा पाइन्छ ।

राजा वसन्तदेवको पालामा सर्वदण्डनायक महाप्रतिहार रविगुप्त शक्तिशाली व्यक्ति थिए। गणदेवको पालामा सर्वदण्डनायक महाप्रतिहार भौमगुप्त शासकका रूपमा रहन पुगेका देखिन्छन्। अंशुवर्माका पालामा प्रतिहार लच्छा गोमी, सर्वदण्डनायक राजपुत्र विक्रमसेन, महाबलाध्यक्ष विन्दुस्वामी दूतक (मार्फत) बसेका छन् । नरेन्द्रदेवका अभिलेखमा दण्डनायक नृपदेव, कुमारामात्य प्रियजीव दूतक देखिएका छन् । राजाका विश्वासप्राप्त अधिकारी वा उत्तराधिकारी मात्र सनदपत्रहरूमा दूतक बनाइन्थे ।

यताबाट दण्डनायक सर्वदण्डनायक, प्रतिहार महाप्रतिहार, महाबलाध्यक्ष, कुमारामात्य यी पदाधिकारीहरूले लिच्छविकालमा राजदरबारमा उच्च स्थान पाएका थिए भन्ने थाहा पाइन्छ । यस कारण लिच्छविकालको शासनसंग सम्बन्ध राख्ने यी पारिभाषिक शब्दको ठीक ठीक अर्थ ठम्याउनु आवश्यक छ ।

## दण्डनायक, सर्वदण्डनायक

नेपालका प्राचीन अभिलेखहरूमा जस्तै भारतका अभिलेखहरूमा पनि दण्डनायक, सर्वदण्डनायक पदको उल्लेख पाइन्छ। यस शब्दको अर्थ गराइमा विद्वान्हरूको मतभिन्नता देखिएको छ। 'दण्डो यमे मानभेदे लगुडे दमसैन्ययोः' विश्वकोशको यस उक्तिअनुसार दण्ड शब्दको अर्थ फौज पनि हुने हुनाले कसैले दण्डनायकको अर्थ सेनापति भन्ने गरेका छन् । परन्तु भारतका कुनै अभिलेखमा अधिकारीहरूको क्रममा महादण्डनायकको संगसंगै महासेनापतिको पनि उल्लेख भएको पाइन्छ+ । यस कारण दण्डनायकको सेनापति भन्ने अर्थ मिल्दैन भन्ने स्पष्ट छ । लिच्छविकालका अभिलेखमा सर्वदण्डनायक र महाबलाध्यक्ष दुवै पदको उल्लेख एकै समयमा पाइने हुनाले पनि दण्डनायक भनेको सेनापति होइन भन्ने कुराको पुष्टि हुन्छ।

दण्डनायक, सर्वदण्डनायक पदको अर्थ बुझ्न राजकाजमा दण्ड शब्द कुन अर्थमा प्रयोग हुन्थ्यो भन्ने बुझ्नुपरेको छ । दण्डको विस्तृत वर्णन गर्दै जाँदा मनुस्मृतिकार लेख्तछन्—

'अमात्ये दण्ड आयत्तो दण्डे वैनयिकी क्रिया' । मनुस्मृति ७।६५
(अमात्यको अधीनमा दण्ड रहेको हुन्छ, विनयसम्बन्धी कामकुरा दण्डमा रहेको हुन्छ ।)

---

+ तल कुमारामात्यको प्रकरणमा उद्धृत महीपालको अभिलेखमा महादण्डनायक र महासेनापति पदको संगै उल्लेख भएको छ ।

यसबाट दण्डको काम सबैमा विनय कायम गर्नु हो भन्ने बुझिन्छ । विनय भनेको आफ्नो आफ्नो कर्तव्यपालनसम्बन्धी ज्ञान हो । जब कोही कर्तव्य बिर्सेर देशको ऐन कानून नाघेर अकर्तव्य गर्दछ, तब त्यसलाई तह लाउन दण्ड गर्नुपर्ने हुन्छ ।

यताबाट दण्डनायकको काम आफ्ना कर्तव्य भुली हुलदङ्गा कुटपीट, थिचोमिचो, चोरी डकैती आदि गैरकानूनी काम गर्नेलाई समाती दण्ड दिलाउनु हो भन्ने बुझिन्छ । वर्तमान कालमा यो काम पुलीसविभागको हो । अतः दण्डनायकको अर्थ पुलीसविभागका उच्च अधिकारी र सर्वदण्डनायकको अर्थ पुलीसविभागका सबभन्दा मुख्य अधिकारी भन्ने अर्थ गर्नु मिल्दो देखिन्छ ।

## प्रतिहार, महाप्रतिहार

'प्रतीहारो द्वारपालद्वास्थद्वास्थितदर्शकाः' २।८।६ अमरकोशअनुसार 'प्रतिहार' शब्दको अर्थ 'राजदरबारको ढोके' भन्ने हुन्छ । परन्तु प्रतिहारको काम ढोका कुरेर बस्नु मात्र हुँदैनथ्यो । बाहिरका विभिन्न कुरा राजाकहाँ जाहेर गर्नु आदि काम प्रतिहार वा प्रतिहारीको हुन्थ्यो । एउटा श्लोकमा प्रतिहारीको लक्षण यसरी दिइएको छ—

सन्धिविग्रहसंनद्धनानाचारसमुत्थितम् ।

निवेदयन्ति याः कार्यं प्रतिहार्यस्तु ता मताः ॥

[मेल, झगडा, सैनिक तयारी आदि अनेक व्यवहारका काम कुरा राजाकहाँ जाहेर गर्नेलाई प्रतिहारी भनी भन्दछन् ।]

यसबाट प्रतिहार वा प्रतिहारीको काम जाहेरी गर्नु हो भन्ने निश्चित हुन्छ । साधारण प्रतिहारभन्दा माथिल्लो दर्जाका प्रतिहार 'महाप्रतिहार' कहलाउँथे । राजाका हजुरियाको काम महाप्रतिहारले गर्दथे । महाप्रतिहारसंग नभेटीकन कसैले राजासंग भेट गर्न पाउँदैनथ्यो । राजाको अङ्गरक्षकको काम पनि महाप्रतिहारले गर्दथे । यसैले राजाका भरपर्दा व्यक्ति मात्र महाप्रतिहार हुन्थे । महाप्रतिहारको राम्रो वर्णन हर्षचरित्रमा पाइन्छ । कवि बाणले हर्षवर्द्धनकहाँ जाँदा उनको दरबारको सुन्दर वर्णन गरेका छन् । त्यसै प्रसङ्गमा त्यहाँ महाप्रतिहारको चित्रण यसरी गरिएको छ—

"मेखलकस्तु दूरादेव द्वारपाललोकेन प्रत्यभिज्ञायमानः 'तिष्ठतु तावत् क्षणमात्रमत्रैव पुण्यभागी' इति तमभिधायाप्रतिहतः पुरः प्राविशत् ।

अथ स मुहूर्तादिव प्रांशुना,...गौरेण, धौतकञ्चुकच्छन्नवपुषा, समुन्मिषन्माणिक्यपदकबन्धबन्धुर-शस्तबन्धकुशालवग्नेन,...विशालवक्षसा...विकटांसतटेन, उरसा...हारं बिभ्रता...श्रवणगताभ्यां मणि-कुण्डलाभ्यां समुद्भासमानेन,...मौलिना पाण्डुरमुष्णीषमुद्वहता, वामेन स्थूलमुक्ताफलच्छुरणदन्तुरत्सरुं करकिसलयेन कलयता कृपाणम्, इतरेण शातकौम्भीं वेत्रयष्टिमुन्मृष्टां धारयता पुरुषेणानुगम्यमानो निर्गत्यावोचत् 'एष खलु महाप्रतीहाराणामनन्तरश्चक्षुष्यो देवस्य पारियात्रनामा दौवारिकः । समनुगृह्णात्वेनमनुरूपया प्रतिपत्त्या कल्याणाभिनिवेशी' इति । दौवारिकः समुपसृत्य कृतप्रणामो

मधुरया गिरा सविनयमभाषत 'आगच्छत । प्रविशत, दर्शनाय कृतप्रसादो देवः' इति। बाणस्तु 'धन्योऽस्मि, यद्देवमनुग्राह्यं मां देवो मन्यते' इत्युक्त्वा तेनोपदिश्यमानमार्गः प्राविशदभ्यन्तरम् ।"

(हर्षचरित द्वितीय उच्छ्वासबाट)

[मेखलकचाँहि टाढैबाट ढोकेहरूले चिनिएका हुँदा 'एक छिन तपाईं यहाँ बस्नुहोस' भनी बाणलाई भनेर सरासर भित्र पसे ।

अनि एक छिनपछि अग्ला, गोरा, सफा जामाले जीउ ढाकिएका, टलकने माणिक्य जडेको पदकले सुहाएको कमरपेटी बाँध्नाले झिनो कमर भएका, ठूलो छाति भएका, पुष्ट काँध भएका, मोतीको माला लाएका, मणि जडेका चौगडी कानमा लाएका,...टाउकोमा सेतो पगरी (फेटा) लाएका, बायाँ हातले ठूलठूला मोती जडेको बींड भएको तरबार र दायाँ हातले टल्कने सुनले मोरेको बेतको लठ्ठी लिएका मानिस पछि लाएर आई मेखलकले भने–'यहाँ महाप्रतिहारहरूमा मुख्य पारियात्र भन्ने राजाका मन परेका महाप्रतिहार हुनुहुन्छ । उहाँसंग भलाकुसारी गर्नुहोस् ।' (अनि) नमस्कार गरिएका महाप्रतिहारले नजीक आई 'आउनुहोस् दर्शन भेटको लागि राजाबाट निगाह गरिबक्सेको छ' भनी भने । बाणचाहिं 'म भाग्यमानी रहेछु, यसरी मलाई राजाबाट अनुग्रह गर्न लायक ठानिबक्स्यो' भनी उनले देखाएको बाटोबाट भित्र पसे ।]

बाणको यस वर्णनबाट 'महाप्रतिहार'ले 'राजाका हजुरिया'को काम गर्दथे भन्ने स्पष्ट बुझिन्छ । हर्षवर्द्धनको समयमा महाप्रतिहारको सरकारी पोशाक कस्तो हुन्थ्यो भन्ने पनि यताबाट थाहा पाइन्छ । त्यस वेला महाप्रतिहारले माथिदेखि तलसम्म पुग्ने जामा लाउँथे, कम्मरपेटी बाँध्थे, सेता पगरी (फेटा) लाउँथे, एक हातले तरबार र अर्को हातले सुनले मोरेको बेतको लठ्ठी लिन्थे भन्ने बुझिन्छ ।

लिच्छविकालका नेपालका अभिलेखहरू केलाई हेर्दा त्यस वेलाको शासनव्यवस्थामा दण्डनायक सर्वदण्डनायक, प्रतिहार, महाप्रतिहार पदको उल्लेखनीय स्थान रहेको थियो भन्ने बुझिन्छ । गद्दीनशीन राजा अलि कमजोर भएको मौकामा सर्वदण्डनायक महाप्रतिहार पदाधिकारीहरूले शासनको बागडोर आफ्नो हातमा पारी शक्तिशाली बनेका उदाहरणबाट यी पदाधिकारीहरूको महत्त्व झन् स्पष्ट बुझ्न सकिन्छ । यो कुरा राम्ररी बुझ्न अभिलेखको उल्लेखसाथ यहाँ केही विचार गर्नुपरेको छ ।

प्रसिद्ध लिच्छवि राजा मानदेवका अनेक अभिलेख पाइएका छन् तापनि उनले गरिदिएको सनद शिलापत्र भने एउटा पनि पाइएको छैन । यस कारण मानदेवको शासनकालका अधिकारीहरूबारे केही थाहा पाइएको छैन ।

मानदेवको मृत्यु भएको लगत्तै उनका छोरा महीदेवको पनि मृत्यु भएको देखिन्छ । यसो हुनाले मानदेवका नाति वसन्तदेव गद्दीमा बसे । उनको पहिलो सनदपत्र थानकोट आदिनारायणस्थानको संवत् ४२८ को हो+ । त्यहाँ दूतक विरोचनगुप्त छन् । उनलाई याज्ञिक (यज्ञ गर्ने = अग्निहोत्री)

+ नोलीद्वारा १२ संख्याको रूपमा यो अभिलेख प्रकाशित भएको छ ।

भनी त्यहाँ भनिएको छ । उनको पदको उल्लेख त्यहाँ गरिएको छैन तथा अरू कुनै पनि अधिकारीको उल्लेख त्यस अभिलेखमा परेको छैन । यसको केही वर्षपछि वसन्तदेवका हजुरिया, पुलिस-विभागका मुख्य अधिकारी रविगुप्त उनका विश्वासप्राप्त शक्तिशाली अधिकारीका रूपमा देखापर्छन् । रविगुप्तको पहिलो उल्लेख दूतकका रूपमा पाटन बाहालुखा र काठमाडौं जैसीदेवलको संवत् ४३५ को वसन्तदेवको अभिलेखमा पाइन्छ‡ । त्यहाँ रविगुप्तको दर्जा सर्वदण्डनायक महाप्रतिहार दिइएको छ । यस वेलादेखि रविगुप्त वसन्तदेवको शासनकालको अन्तिम समयसम्म भने जस्तै स्थायी रूपमा रहेका देखिन्छन् । उठानमा दूतकका रूपमा देखापरेका रविगुप्तको पछि पछि झन् अधिकार बढ्दै गएको देखिन्छ । यो कुरा बलम्बु चौकिटार र पासिख्यको संवत् ४५४ को वसन्तदेवको अभिलेखबाट हामी बुझ्न सक्छौं । सो अभिलेखमा यस्तो लेखिएका छ—

"....भट्टारकमहाराजश्रीवसन्तदेवः... समाज्ञापयति..सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन विज्ञापितेन (मया) ..सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन महाराजमहासामन्तश्रीक्रमलीलेन च सार्कं समवाप्य तथेति प्रसादः कृतः...दूतकश्चात्र सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तः ब्रह्म ङि च प्रतिहारभवगुप्ते व्यवहरतीति सं ४५४ ज्येष्ठशुक्लदिवा ७"

(चौकिटारको अभिलेख नोलीद्वारा १५ संख्याको रूपमा प्रकाशित भएको छ । पासिख्यको अभिलेख 'अभिलेखसंग्रह' पाँचौ भागमा प्रकाशित भएको छ ।)

[...भट्टारक महाराज श्रीवसन्तदेवबाट आज्ञा भएको छ...सर्वदण्डनायक महाप्रतिहार रविगुप्तले हाम्रा हजूरमा बिन्ति चढाएका हुँदा...सर्वदण्डनायक महाप्रतिहार रविगुप्त र महाराज-महासामन्त श्रीक्रमलीलसंग सल्लाह गरेर निगाह गरिएको छ । ...यस कुरामा दूतक सर्वदण्डनायक महाप्रतिहार रविगुप्त छन् । प्रतिहार भवगुप्त ब्रम्हुङ्ले मुद्दामामिलाको काम गरिरहेको वेलामा संवत् ४५४ ज्येष्ठ शुक्ल सप्तमीको दिन]

यसबाट सर्वदण्डनायक महाप्रतिहार रविगुप्त यस वेला दूतक मात्रै थिएनन्, महाराज महासामन्त क्रमलील-संगसंगै वसन्तदेवका संयुक्त सहायक शासकका रूपमा पुगिसकेका थिए भन्ने स्पष्ट बुझिन्छ ।

यस अभिलेखमा प्रतिहार भवगुप्तले मुद्दामामिलासम्बन्धी काम गरिरहेको भन्ने उल्लेख पनि परेको छ । भारतका गुप्तकालका अभिलेखमा मुद्दामामिलासम्बन्धी यस्ता काम नगरश्रेष्ठी सार्थवाह कायस्थ आदिसमेत मिली सरकारी अधिकारीले गरेको उल्लेख पाइन्छ❀ । यहाँ राजाका प्रतिहारले यो काम गरेको उल्लेख आएको हुनाले लिच्छविकालमा प्रतिहारको कामबारे अलि बढ्ता कुरा यसबाट बुझिएको छ ।

---

‡ पाटन बाहालुखाको अभिलेख संशोधनमण्डलद्वारा 'अभिलेख–संग्रह' पाँचौ भागमा प्रकाशित भएको छ । जैसीदेवलको अभिलेख भगवानलाल ३ संख्या र नोली १३ संख्याको रूपमा प्रकाशित भएको छ ।

❀ तल कुमारामात्यको प्रकरणमा उद्धृत कुमारगुप्तको पालाको दामोदरपुरको अभिलेखबाट यो कुरा बुझिन्छ । अरू अभिलेखमा पनि यसको उल्लेख पाइन्छ ।

पशुपति भस्मेश्वरमा प्रतिहार ध्रुवसङ्कको एउटा अभिलेख रहेको छ+ । त्यहाँ उनले पाँचवटा शिवलिङ्ग स्थापना गरी ४०० भूमि असल खेत गूठी राखेको उल्लेख परेको छ। यसबाट प्रतिहार ध्रुवसङ्क धनी थिए भन्ने बुझिन्छ ।

राजा गणदेवका सबै अभिलेखमा सर्वदण्डनाक महाप्रतिहार भौमगुप्तको उल्लेख आउँछ । भौमगुप्तले बिन्ति चढाएका हुनाले मैले यस्तो व्यवस्था बाँधिदिएको छु भन्ने बेहोरा त्यहाँ परेको पाइन्छ । जस्तै—

"...भट्टारकमहाराजश्रीगणदेवः...ग्रामे...सर्व्वानेव कुटुम्बिनः कुशळं पृष्ट्वा मानयति...मया सर्व्वदण्डनायकमहाप्रतिहारश्रीभौमगुप्तविज्ञापितेन···चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्यमिति स्थितिपट्टकेन प्रसादः कृतः..."

(बलम्बुको अभिलेखबाट । 'पूर्णिमा' १० पूर्णाङ्कमा सम्पूर्ण यो अभिलेख अनुवादसहित छापिएको छ । यही बेहोराको चौकिटारको अभिलेख नोलीद्वारा १९ संख्याको रूपमा छापिएको छ ।)

[भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवले...गाउँमा बस्ने सबै गृहस्थीहरूलाई कुशल-मङ्गल सोधेर आज्ञा गर्नुभएको छ...सर्वदण्डनायक महाप्रतिहार श्रीभौमगुप्तले हाम्रा हजुरमा बिन्ति चढाएका हुनाले हामीबाट (तिमीहरूको गाउँमा)...चारै अधिकरणले प्रवेश नपाउने गरी यो सनद शिलापत्र निगाह गरि दिइएको छ ।]

यसबाट गणदेवको पालामा कहाँ के व्यवस्था गर्नुपर्छ भन्ने कुराको बन्दोवस्त पहिले भौमगुप्त गर्दथे, अनि गणदेवमा जाहेर गरी सो व्यवस्थाको सनदपत्र गरी दिइन्थ्यो भन्ने बुझिन्छ । यसको अर्थ यस वेला शासनको बागडोर भौमगुप्तको हातमा गइसकेको थियो भन्ने स्पष्ट छ । यस कुरालाई देउपाटन गचाननीको स्वामी वार्त्तको अभिलेखले पुष्टि गर्छ§ । त्यहाँ भौमगुप्तको अगाडि राजोचित परमदैवत (ठूला देवतास्वरूप) भन्ने विशेषण जोडिएको छ तथा स्वामी वार्त्त (सरकारिया जागीरदार)ले आफूलाई राजाको अनुग्रह पाएका नभनीकन भौमगुप्तको अनुग्रह पाएका भनी भनेका छन् ।

अंशुवर्माको हातमा शासनाधिकार गएपछि अरू अधिकारीहरू शक्तिशाली हुन सकेका देखिँदैनन् । तर उनका विश्वासप्राप्त अधिकारीका रूपमा अनेक व्यक्ति उनका सनद शिलापत्रमा दूतक बसेका देखिन्छन् । तिनमा राजपुत्र विक्रमसेन र लच्छा गोमी पनि हुन् । सांगाको अभिलेखमा विक्रमसेनको दर्जा सर्वदण्डनायक दिइएको छ,‡ । बुङ्मतीको अभिलेखमा चाहिं महासर्व(दण्ड)नायक दिइएको छ* ।

---

+ 'अभिलेख-संग्रह' पहिलो भागमा यो प्रकाशित भएको छ ।

§ यो अभिलेख संस्कृत-सन्देश १।८।मा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु नयराज पन्तद्वारा अनुवादसहित प्रकाशित भएको छ, नोलीद्वारा पनि २० संख्याको रूपमा छापिएको छ ।

‡ यो अभिलेख लेभीद्वारा १५ सख्याको रूपमा र नोलीद्वारा ३७ संख्याको रूपमा छापिएको छ। पाठ केही पुरा पारी 'पूर्णिमा' ७ पूर्णाङ्कमा पनि अनुवादसहित यो छपाइएको छ ।

* भगवान्लालद्वारा ६ संख्याको रूपमा र नोलीद्वारा ३९ संख्याको रूपमा यो छापिएको छ ।

लेलेको अभिलेखमा दूतक लच्छा गोमी छन् । त्यहाँ उनको दर्जा प्रतिहार दिइएको छ× ।
नरेन्द्रदेवको देउपाटन कसैंटोलको अभिलेखमा दूतक नृपदेव छन्। त्यहाँ उनको दर्जा दण्डनायक दिइएको छ△ ।

विश्वासप्राप्त व्यक्ति मात्र दूतक बनाइने हुनाले दूतक बसेका व्यक्तिको अधिकार प्रकारान्तरले यसबाट प्रकट हुन्छ ।

यति कुराबाट लिच्छविकालमा प्रतिहार, महाप्रतिहार, दण्डनायक, सर्वदण्डनायक पद महत्त्वपूर्ण थिए भन्ने कुरा स्पष्ट देखिन्छ।

## महाबलाध्यक्ष

संस्कृतवाङ्मयमा राजकाजको प्रकरणमा 'बल' शब्दले फौजलाई बुझाउँछ । 'स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलानि च' यस उक्तिअनुसार राज्यका सात अङ्गमध्ये एउटा 'बल' हो । यस कारण बलाध्यक्ष, महाबलाध्यक्षको अर्थ सेनापति र प्रधानसेनापति हो भन्ने कुरा निश्चित छ ।

भारतका अभिलेखहरूमा महाबलाध्यक्षको उल्लेख धेरै पाइन्छ। हाम्रो यहाँ लिच्छविकालका अभिलेखमा पनि यसको केही उल्लेख पाइन्छ । हाँडिगाउँको अंशुवर्माको अभिलेखमा मर्यादाको लागि दिइने रकमको प्रसङ्गमा गद्दोनशीन राजा सरह महाबलाध्यक्षलाई २५ पुराण दिने उल्लेख परेको छ । जस्तै—

"...मर्यादानिमित्तं यावन्तः पणा देयास्तेषामयथोचितदानेन माभूदुभयेषां...मया पूर्वराजानुवृत्त्या यथोचितप्रदानाय...लिखितो यत्र..श्रीभट्टारकपादानांप्रत्येकं पु २५ महाबलाध्यक्षस्य पु २५..."

(लेभी १३ संख्या, नोली ३५ संख्याको हाँडिगाउँको अभिलेखबाट)

[...मर्यादाको निमित्त जति पण दिनुपर्ने हो, ती ठीकसंग नदिनाले दुवैको (हानि) नहोस् भन्नाका लागि...मैले पहिलेका राजाले दिएअनुसार उचित दिनाका लागि लेखिराखेको छु । जसमा...श्रीभट्टारक (गद्दोनशीन राजा) प्रत्येकलाई २५ पुराण, महाबलाध्यक्षलाई २५ पुराण...]

यताबाट लिच्छविकालमा 'महाबलाध्यक्ष' पद माथिल्लो दर्जाको हुन्थ्यो भन्ने बुझिन्छ । अंशुवर्माको पाटन सुनधाराको अभिलेखबाट त्यस बेला महाबलाध्यक्ष विन्दुस्वामी थिए भन्ने थाहा पाइन्छ❁ । नरेन्द्रदेवको पालाको देउपाटनको अभिलेखमा पनि महाबलाध्यक्षको उल्लेख आएको छ+ ।

---

× लेलेको अभिलेख 'अभिलेख-संग्रह' पहिलो भागमा छापिएको छ ।

△ नोलीद्वारा ६८ संख्याको रूपमा यो छापिएको छ। पाठ केही पूरा पारी 'पूर्णिमा' ७ पूर्णाङ्कमा पनि अनुवादसहित यो छापिएको छ ।

❁ पाटन सुनधाराको अभिलेख बेण्डालद्वारा २ संख्याको रूपमा, नोलीद्वारा ३८ संख्याको रूपमा छापिएको छ ।

+ नोलीद्वारा ६५ संख्याको रूपमा यो छापिएको छ ।

## कुमारामात्य

लिच्छवि राजा नरेन्द्रदेवको पाटन भन्सारचोकको अभिलेखमा तथा काठमाडौं यङ्गालहिटीको अभिलेखमा दूतक कुमारामात्य प्रियजीवको उल्लेख परेको छ* । लिच्छविकालका अभिलेखमा 'कुमारामात्य' को प्रयोग भएको सर्वप्रथम हामी यहीं पाउँछौं । यसभन्दा अघिका नेपालका अभिलेखमा 'कुमारामात्य' को प्रयोग देखिएको छैन । गुप्तकालदेखि यताका भारतका अभिलेखमा भने 'कुमारामात्य' को उल्लेख धेरै ठाउँमा पाइन्छ । भारतको इतिहासको खोजीको काममा लागेका विद्वान्हरूले आफ्नो आफ्नो विचारअनुसार 'कुमारामात्य' को विभिन्न अर्थ गरेका छन् । संक्षेपमा ती अर्थ यस प्रकारका छन्—

(१) 'कौमारादारभ्य येऽमात्यास्ते' अर्थात् कुमारावस्थादेखि नै अमात्य भएकालाई 'कुमारामात्य' भनिन्छ ।

(२) 'कुमारश्चासावमात्यः कुमारामात्यः' अर्थात् राजकुमारले नै अमात्यको काम गर्दा तिनलाई कुमारामात्य भन्दछन् ।

(३) 'कुमारस्यामात्यः कुमारामात्यः' अर्थात् राजकुमारका अमात्य

अब यी अर्थमध्ये कुनचाहिं ठीक हो भन्ने कुरा परीक्षा गरी निश्चित गर्नुपरेको छ । पहिले पहिलो अर्थबारेमा विचार गरौं ।

कुमारावस्थाका व्यक्तिलाई अमात्य बनाउने चलनको उल्लेख प्राचीन अर्थशास्त्र स्मृति आदिमा हामी कतै पाउँदैनौं । अमात्य कस्तालाई बनाउने भन्ने विषयमा उह्लिका अर्थशास्त्रकारहरूले विभिन्न दृष्टिबाट विचार गरेका छन् । यस विषयमा 'अमात्योत्पत्ति' भन्ने प्रकरणमा आचार्य कौटल्यले आफूभन्दा अगाडिका आचार्यहरूको मतको समेत उद्धरण दिई विवेचना गरेका छन् । तर त्यहाँ कुमारावस्थाका व्यक्तिलाई अमात्य बनाउने कुराको उल्लेख परेको छैन❀ । मनुस्मृति याज्ञवल्क्यस्मृति आदि ग्रन्थमा पनि कुमारावस्थाका व्यक्तिलाई अमात्य वा मन्त्री बनाउने उल्लेख कतै परेको छैन । हुन पनि शास्त्र पढेका, कामको खूब अनुभव भएका आदि गुण भएकालाई अमात्य बनाउँदा मात्र काम राम्ररी चल्न सक्ने हुनाले अनुभवै नपाएका कुमारावस्थाका व्यक्तिलाई अमात्य बनाउँदा काम राम्ररी चल्नु सम्भव छैन । यस कारण 'कुमारामात्य' को 'कुमारावस्थादेखि अमात्य बनाइएका' भन्ने अर्थ ठीक छैन भन्ने स्पष्ट देखिन्छ ।

अब राजकुमारले नै अमात्यको काम गर्दा तिनलाई 'कुमारामात्य' भन्दथे भन्ने दोस्रो अर्थको विचार गरौं ।

---

* यङ्गालहिटीको अभिलेख नोलीद्वारा ६६ संख्याको रूपमा प्रकाशित भएको छ । भन्सारचोकको अभिलेख संस्कृत–सन्देश २।१–२–३ मा ऐ. शि. बाबुराम आचार्य र श्रीगुरु पं. नयराज पन्तद्वारा प्रकाशित भएको छ । नोलीद्वारा पनि ६७ संख्याको रूपमा यो छापिएको छ ।

❀ कौटलीय अर्थशास्त्रको विनयाधिकरणको ८ अध्याय हेर्नुहोस् ।

समुद्रगुप्तको प्रयागको स्तम्भलेखका रचयिता कवि हरिषेणलाई त्यस अभिलेखमा 'कुमारामात्य' भनी लेखिएको छ तथा त्यस अभिलेखमा हरिषेणले आफूलाई समुद्रगुप्तका दास (सेवक) भनेका छन् । जस्तै—

"एतच्च काव्यमेषामेव भट्टारकपादानां दासस्य समीपपरिसर्प्पणानुग्रहोन्मीलितमतेः खाद्यटपाकिकस्य महादण्डनायकध्रुवभूतिपुत्रस्य सान्धिविग्रहिककुमारामात्यमहादण्डनायकहरिषेणस्य"

[उहाँ परमभट्टारक (गद्दीनशीन = समुद्रगुप्त) को दास भएका, नजीकमा पुग्न पाउनुरूपी अनुग्रहले बुद्धि सप्रेका, खाद्यटपाकिक (भान्साको रेखदेख गर्ने अधिकारी ?) महादण्डनायक (पुलीसविभागका उच्च अधिकारी) ध्रुवभूतिका छोरा, सान्धिविग्रहिक (परराष्ट्रविभागका उच्च अधिकारी) कुमारामात्य महादण्डनायक हरिषेणको यो काव्य हो ।]

यसबाट ध्रुवभूतिका छोरा कुमारामात्य हरिषेण राजकुमार थिएनन् भन्ने स्पष्ट देखिन्छ । यस कारण कुनै वैयाकरणले 'कुमारामात्य'को 'कुमारश्चासावमात्यः कुमारामात्य' भनी विग्रह गरी सन्तोष माने पनि इतिहासको खोजीनीति गर्नेको मनले यस अर्थलाई मान्न सक्तैन ।

यसरी दोस्रो अर्थ पनि ठीक नभएको हुँदा अब तेस्रो अर्थतिर दृष्टि दिनुपरेको छ ।

एकराजतन्त्र शासनप्रणालीमा राजापछिको स्थान राजकुमार (युवराज)को रहन्छ । युवराजले राज्यको शासनको केही भार पनि बोक्दथे । यस कुराको उल्लेख हामी प्राचीन कालदेखि पाउँछौं । उदाहरणार्थ रामचन्द्रलाई युवराज बनाउन लाग्दाखेरिको वाल्मीकीय रामायणको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

ततः परिषदं सर्वामामन्त्र्य वसुधाधिपः ।
हितमुद्धर्षणं चैवमुवाच प्रथितं वचः ॥१॥
विदितं भवतामेतद्यथा मे राज्यमुत्तमम् ।
पूर्वकैर्मम राजेन्द्रैः सुतवत्प्रतिपालितम् ॥४॥
मयाप्याचरितं पूर्वैः पन्थानमनुगच्छता ।
प्रजा नित्यमनिद्रेण यथाशक्त्यभिरक्षिताः ॥६॥
राजप्रभावजुष्टां च दुर्वहामजितेन्द्रियैः ।
परिश्रान्तोस्मि लोकस्य गुर्वीं धर्मधुरं वहन् ॥९॥
सोहं विश्राममिच्छामि पुत्रं कृत्वा प्रजाहिते ।
संनिकृष्टानिमान्सर्वाननुमान्य द्विजर्षभान् ॥१०॥

(वाल्मीकीय रामायण अयोध्याकाण्ड २ सर्ग)

[त्यसपछि सभाका सबै सदस्यलाई सम्बोधन गरी राजा (दशरथ)ले हित हुने, खुशी तुल्याउने र उदार बोली यसरी बोल्नु भयो—तपाईंहरूलाई थाहै छ, हाम्रा पुर्खाहरूले यो असल

राज्यलाई आफ्नै छोरालाई जस्तै पालना गर्नुभएको थियो । पुर्खाले हिंडेको बाटोमा हिंडेर मैले पनि हरबखत होशियार भईकन सकभर प्रजाको रक्षा गरेको छु । इन्द्रिय नजितेकाहरूले बोक्न नसकिने यो गह्रौं राज्यभार बोकेर म थाकें । त्यसैले यहाँ उपस्थित भएका सबै विद्वान्हरूको अनुमति लिएर छोरा (रामचन्द्र)लाई दुनियाँको हित हुने यस काममा लाएर म आराम लिन चाहन्छु ।]

कवि कालिदासले पनि यस कुरालाई ठाउँ ठाउँमा देखाएका छन् । तिनमा एउटा उदाहरण यहाँ दिइन्छ—

"ततः प्रजानां चिरमात्मना धृतां नितान्तगुर्वीं लघयिष्यता धुरम् ।
निसर्गसंस्कारविनीत इत्यसौ नृपेण चक्रे युवराजशब्दभाक् ॥३५॥
नरेन्द्रमूलायतनादनन्तरं तदास्पदं श्रीर्युवराजसंज्ञितम् ।
अगच्छदंशेन गुणाभिलाषिणी नवावतारं कमलादिवोत्पलम् ॥३६॥

(रघुवंश तृतीय सर्ग)

[त्यसपछि धेरै कालदेखि आफूले बोकेको प्रजाको ज्यादै गह्रुंगो भारलाई हलौं पार्ने इच्छाले राजा (दिलीप)ले यी (रघु) स्वभाव र संस्कार (शिक्षा दीक्षा)ले गर्दा विनीत छन् भनी यिनलाई युवराज बनाए ।

'राजा' भन्ने मुख्य पदपछिको 'युवराज' भन्ने त्यो पदमा गुण चाहने राज्यलक्ष्मी कमलबाट नयां फुलेको अर्को कमलमा शोभा सरे जस्तै सरिन् ।]

यसरी राजकुमारले पनि राज्यको शासनको केही भार बोक्ने हुनाले तिनलाई काममा सहायता दिने अमात्यको आवश्यकता हुनु स्वाभाविक छ । यहाँनिर पुगेपछि कुमारामात्यको अर्थ केही खुले जस्तो हुन आउँछ तथा कुमारलाई सहायता दिने अमात्य नै कुमारामात्य कहलाएको हुनुपर्छ भन्ने धारणा बस्न थाल्छ । हाम्रो यस धारणालाई वैशालीमा पाइएको 'श्रीयुवराजभट्टारकपादीयकुमारामात्याधिकरणस्य = श्रीयुवराज भट्टारकको मातहतमा रहेको कुमारामात्याधिकरणको' भन्ने छापले पुष्टि गर्दछ× । तथा युवराजलाई सहायताको लागि कुमारामात्याधिकरण भन्ने एक छुट्टै अड्डा नै कायम भएको हुन्थ्यो भन्ने पनि यसबाट बुझिन्छ । कुनै कुनै अभिलेखमा राजामात्य र कुमारामात्य संगसंगै प्रयोग गरिएको पनि पाइन्छ । जस्तै—

"…महाराजाधिराजः श्रीमान्महीपालदेवः कुशली श्रीपुण्ड्रवर्द्धनभुक्तौ कोटीवर्षविषये… कुरटपल्लिकाग्रामे समुपगताशेषराजपुरुषान् राजराजन्यकराजपुत्रराजामात्यमहासान्धिविग्रहिकमहाक्षपटलिकमहामन्त्रिमहासेनापतिमहाप्रतिहारदौःसाधनिकमहादण्डनायकमहाकुमारामात्य…चाटभटसेवकादीन् अन्यांश्चाकीर्तितान् राजपादोपजीविनः प्रतिवासिनो…यथार्हं मानयति बोधयति समादिशति च ।"

(दिनाजपुर बाणगढको महीपालको ताम्रपत्रबाट)

× "आर्कियोलोजिकल सर्भे अफ् इन्डिया, आन्युएल रिपोर्ट" १९०३–४ को १०७ पृष्ठ हेर्नुहोस् ।

[गाथमा आराम रहेका महाराजाधिराज श्रीमहीपालदेवले पुण्ड्रवर्द्धन भुक्ति (प्रान्त) कोटीवर्ष विषय (जिल्ला) …कुरटपल्लिका गाउँमा उपस्थित सबै सरकारिया अधिकारी राजा रजौटा राजपुत्र राजामात्य महासान्धिविग्रहिक महाक्षपटलिक महामन्त्री महासेनापति महाप्रतिहार दौःसाधनिक महादण्डनायक महाकुमारामात्य…चाटभट सेवक आदि र अरू पनि यहाँ उल्लेख नभएका सरकारिया कर्मचारी र बासिन्दाहरूलाई यथोचित मान गरी, कुरा बुझाई आज्ञा गर्नुहुन्छ।]

यहाँ अधिकारीहरूको श्रेणीमा राजामात्य र कुमारामात्य दुवैको उल्लेख परेको छ। यसबाट राजाको सहायताका लागि नियुक्त अमात्यलाई 'राजामात्य' र कुमारको सहायताको लागि नियुक्त अमात्यलाई 'कुमारामात्य' भनी छुट्ट्याएको स्पष्ट देखिन्छ।

यति कुराबाट 'कुमारामात्य' पदको उत्पत्ति कुमारलाई सहायता गर्ने अमात्यका रूपमा भएको हो भन्ने निश्चित हुन्छ।

कुमारामात्यको कार्यक्षेत्र भने निश्चित हुँदैनथ्यो। आवश्यकताअनुसार कुमारामात्यले विभिन्न काम गरेको देखिन्छ। माथि उद्धृत समुद्रगुप्तको प्रयागको अभिलेखबाट हरिषेण 'कुमारामात्य'का साथ सान्धिविग्रहिक, महादण्डनायक पनि छन्। करमदाण्डाको कुमारगुप्तको पालाको अभिलेखबाट पृथिवीषेण पहिले कुमारामात्य र मन्त्री थिए, पछि उनले महाबलाधिकृत (प्रधान सेनापति) पनि भई काम गरको देखिन्छ ❀। दामोदरपुरको कुमारगुप्तको पालाको अभिलेखमा कुमारामात्य वेत्रवर्माले विषयपति (बडाहाकिम) को काम गरेको उल्लेख परेको छ ÷।

---

❀ "…महाराजाधिराजश्रीचन्द्रगुप्तस्य मन्त्री कुमारामात्यशिखरस्वाम्यभूत्तस्य पुत्रः पृथिवीषेणो महाराजाधिराजश्रीकुमारगुप्तस्य मन्त्री कुमारामात्योऽनन्तर च महाबलाधिकृतः…"

[…महाराजाधिराज श्रीचन्द्रगुप्तका मन्त्री र कुमारामात्य शिखरस्वामी भए। उनका छोरा पृथिवीषेण पहिले महाराजाधिराज कुमारगुप्तका मन्त्री र कुमारामात्य थिए, पछि महाबलाधिकृत पनि बनाइए…]

"÷ सं. १२८ वैशाख दि १३ परमदैवतपरमभट्टारकमहाराजाधिराजश्रीकुमारगुप्ते पृथिवीपतौ तत्पादपरिगृहीतस्य पुण्ड्रवर्द्धनभुक्तावुपरिकचिरातदत्तस्य भोगेनानुवहमानककोटिवर्षविषये तन्नियुक्तककुमारामात्यवेत्रवर्म्मणि अधिष्ठानाधिकरणञ्च नगरश्रेष्ठिधृतिपालसार्थवाहबन्धुमित्रप्रथमकुलिकधृतिमित्रप्रथमकायस्थशाम्बपालपुरोगे संव्यवहरति ❁"

[गुप्तसंवत् १२८ (वि. सं. ५०४) वैशाखको तेह्रौं दिनमा परमदैवत परमभट्टारक महाराजाधिराज श्रीकुमारगुप्तले राज्य गरिरहनुभएको वेलामा उहाँका पाउको अनुग्रह पाएका पुण्ड्रवर्द्धन भुक्ति (प्रान्त) का उपरिक (प्रान्तपाल) चिरातदत्तको शासनको अन्तर्गत भएको कोटिवर्ष विषय (जिल्ला) मा उनले नियुक्त गरिएका कुमारामात्य वेत्रवर्माले नगरश्रेष्ठी धृतिपाल, सार्थवाह बन्धुमित्र, प्रथमकुलिक धृतिमित्र प्रथम कायस्थ शाम्बपालसहित भईकन अधिष्ठानाधिकरणमा मुद्दामामिला छिन्ने काम गरिरहेका वेलामा]

---

❁ यस निबन्धमा उद्धृत गरिएका भारतका अभिलेखहरू फ्लीट, दीनेशचन्द्र सरकार, राजवली पाण्डे, अक्षयकुमार मैत्रेयका भारतीय अभिलेखसम्बन्धी पुस्तकको आधारमा दिइएका हुन्।

नरेन्द्रदेवको माथि उल्लिखित अभिलेखमा चाहिं कुमारामात्य प्रियजीवले 'दूतक'को काम गरेका छन् ।

यति कुराबाट 'कुमारामात्य'को कुनै निश्चित काम हुँदैनथ्यो, राजाले जिम्मा लाइदिएको विभिन्न काम कुमारामात्य गर्दथे भन्ने बुझिन्छ तथा 'कुमारामात्य' पदको उत्पत्ति 'राजकुमारलाई शासनमा सहायता दिने' को रूपमा भएको थियो तापनि कुमार राजा बनेपछि पनि आफ्ना विश्वस्त मानिसलाई यो पदले विभूषित पार्दथे भन्ने देखिन्छ ।

-❀-

# श्रीडिल्लीरमण रेग्मीज्यूले हाम्रो सम्पत्ति फेरि+ पनि चोर्नुभयो

-शङ्करमान राजवंशी

नेपालको इतिहासका पुस्तक अशुद्धप्राय छन् । नेपालको इतिहास शुद्ध होस्, देशमा विद्याको उन्नति होस् तथा पछि आफूले पनि काम गर्न सुविधा पाइयोस् भन्ने हेतुले संशोधनमण्डलमा रही हामी प्रत्येक सदस्यले महीनाको १५, १५ रुपियाँ आफ्ना खर्चबाट हाली अभिलेखसंग्रह पूर्णिमा पत्रिकाहरू चलाई आइरहेको पूरा साढे ५ वर्ष भयो । यसभन्दा अघि पनि हामीले आफ्नो खर्चले इतिहाससंशोधनहरू चलाई आइरहेका थियौं । इतिहाससंशोधनहरू चलाउन थालेको पूरा १४ वर्ष भयो । हिउँदमा शनिवार शनिवारमा अभिलेखहरू खोजी गर्न जान्छौं । टाढा टाढाका अभिलेख ल्याउँदा मोटरखर्चसमेत लाग्छ र एउटा अभिलेखलाई २०, २५ रुपियाँ भने जस्तो खर्च पर्न आउँछ । इतिहासविषयका पाइएका प्रकाशित पुस्तक किन्ने र अप्रकाशित पुस्तकलाई रातदिन गरी सार्ने गरिआएका छौं । यसरी संशोधनमण्डलबाट जे जति काम भएको छ, हाम्रो सम्पत्ति भन्नु नै त्यही हुन गएको छ ।

वि.स २०११ वैशाखमा योगी नरहरिनाथले एउटा ठ्यासफु ल्याई यो पुस्तक ठिमीनिवासी श्रीचन्द्रमान जोशीको हो, सकभर चाँडै सारी फिर्ता दिनुपर्छ भनी हामीलाई दिनुभएको थियो ।

+ हामीले प्रशस्त मिहिनेत गरी खोजेको कुरा रेग्मीज्यूले अघि पनि चोर्नुभएको थियो । (वि. सं. २०१७ मा प्रकाशित विद्यारक्षा ३ संख्या हेर्नुहोस् ।)

हामी (रामजी तेवारी, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल) ले सो पुस्तक सारी फिर्ता दिएका थियौं। वि.सं. १७३४ देखि १७६२ सम्मका विशेष घटना यसमा दिइएका छन्। घटना भएको दिनको पञ्चाङ्ग दिइएका छन्। यो पञ्चाङ्ग गणना गर्दा मिल्दछन्। शिलालेखमा पाइएका तिथिमिति घटनासमेत योसंग मिल्छन्। यस कारण यस पुस्तकमा प्रामाणिकता देखिन्छ।

वि.सं. २०११ मार्गदेखि हामीहरूले इतिहाससंशोधन गर्दा सो ठ्यासफु र पाइएका अरू ठ्यासफुहरूलाई पनि उपयोग गरिआएका छौं। जस्तै—

सं.८०७ आषाढशुक्ल :। तृतीया अश्लेषप्र. मघनक्षत्र व्यतिपातयोग शनिश्चरवार थ्व कुन्हुया रात्रीया घटि ९ श्रीश्रीपार्थिवेन्द्रमल्ल मोक आरकस वासर तयाओ नकाओ।

[ने. सं. ८०७ आषाढशुदि ३ अश्लेषाउप्रान्त मघानक्षत्र व्यतीपातयोग शनैश्चरवारको रातको ९ घडी जाँदा भातमा औषधि (बिषादि) हाली खुवाइएका हुनाले श्रीपार्थिवेन्द्र मल्ल स्वर्ग हुनुभयो।]

(वि.सं. २०११।८।६।१ मा प्रकाशित धनवज्र ज्ञानमणिको इतिहाससंशोधन ४ संख्याको १५ पृष्ठ)

त्यस बेला जम्मै वाक्यको अर्थ नलाइसकेकोले परिश्रमपूर्वक पढ्द जाँदा अरू वाक्यको अर्थ पनि खुल्यो र

सं ८०७ आषाढशुक्ल। तृतीया अश्लेष प्र मघानक्षेत्र शुद्धि प्र व्यतीपात योग शनैश्चरवार थ्व कुन्हुया रात्रीया घटि ९ श्रीश्रीपार्थिवेन्द्रमल्ल मोक. आरकस वासर तयाओ नकाओ माजुपनि मछिङ शिजोको मसिक. नकमयजु, भिन, माराविन्यसपनि सकलयनं ह्ना २४ सति वङ।

[ने. सं. ८०७ (वि. सं. १७४४) आषाढशुक्ल तृतीया अश्लेषाउप्रान्त मघानक्षत्र शुद्धिउप्रान्त व्यतीपातयोग शनैश्चरवारका दिन रातको ९ घडी जाँदा खानेकुरामा औषधि (विषादि) राखी खुवाइएकाले श्रीश्रीपार्थिवेन्द्रमल्लको मृत्यु भयो। आमाहरू बिरामी भए। मर्न मात्र मरेनन्। नकमयजु भिन मारा आदि जम्मा २४ जना सती गए।]

{ वि. सं. २०१४।२।१२ मा प्रकाशित धनवज्र वज्राचार्यको इतिहाससंशोधन ८ संख्याको १७–१८ पृष्ठ }

पछि यसरी दिइयो।

द् ठ्यासफु एउ पुटस् द् डेट् अफ् द् डेथ् अफ् पार्थिवेन्द्रमल्ल इन् एन्.एस् ८०७ अन् आषाढशुक्ल ३ अश्लेषा प्र मघानक्षत्रे शुद्धि प्र व्यतीपातयोगे शनिश्चरवार। अकर्डिङ् टु दिस् सोर्स् (एफ् ६१) ही डाइड् यॉट् ९ घटी इन् द् नाइट्❁ ह्याभिङ् टेकन् राइस् मिक्सड् विद् पइजन्। टवेन्टि-फोर् विमिन् वेर् बर्न्ट् टु डेथ् विद् हिम् इनक्लूडिङ् नकमजु, भिन, मारा यॉन्ड्…दोज

❁ थ्व कुन्हुया रात्रिया ९ घटी श्रीश्री पार्थिवेन्द्रमल्ल मोक आरकस वासर सयाओ नकाओ (रेग्मीज्यूले दिनुभएको टिप्पणी)

हू वेर् हेल्प्लेस् टु फलो डिड् नट् जइन् देङ्गर् हज्बन्ड् अत् द् पाइर, द् मदर् (चीफ् क्वीन) व्हाँड अनुव्सो टेङ्ग कन् इळ् बट् शी डिड्नट् डाइ ।

{वि. सं. २०२३ मा प्रकाशित दिल्लीरमण रेग्मीको मेडिईभळ् नेपाळ् दोस्रो भागको १३३–३४ पृष्ठ +}

यो कुरा माथिको इतिहाससंशोधनको सोझै अनुवाद हो । यो एउटा सानो उदाहरण मात्र हो। इतिहाससंशोधन, अभिलेखसंग्रह, त्रिरत्नसौन्दर्यगाथा, ऐतिहासिकपत्रसंग्रह, पूर्णिमाहरूद्वारा गरेको जम्मै परिश्रमले रेग्मीज्यू आफू यशस्वी अन्वेषक भई धन मान कमाउन लाग्नुभएको छ भन्ने कुरो इतिहाससंशोधनहरू र रेग्मीज्यूको पुस्तकलाई संगसंगै राखी पढ्ने विज्ञजनले बुझ्न सक्नुहुन्छ ।

यसरी हामी केही मानिस मिली आफ्नो गच्छेअनुसारको खर्च गरी १२, १४ वर्षदेखि जोड्दै लगेको शुद्ध इतिहासरूपी बालीमा राति सुटुक्क पस्ने चोर झैं पसी हाम्रो सम्पत्ति गुट्मुटयाई रेग्मीज्यू एक्लै सम्पन्न हुन लाग्नुभएको छ ।

मैले ११ सालदेखि इतिहाससंशोधन गर्न थालेको हुँ । म साधारण मानिस हुँ । मैले आजसम्म संशोधनमण्डलमा काम गरी आइरहेको छु । अब हालसालैको आफ्नो कुरा भन्दछु ।

वि. सं. २०२२ को प्रारम्भमा पाटनका एक जना मानिसले मल्लकालका राजा तथा भारदारका जन्मकुण्डलीसहित घटना लेखिएको ठ्यासफु बेच्न ल्याएका थिए । सो ठ्यासफुको मोल अगाडि निकै चर्को गरेकोले हामी जस्ता गरीब मानिसका संस्थाले सो ठ्यासफु किन्न संभव भएन र ४० रुपियाँ तिरी त्यस ठ्यासफु संशोधनमण्डलमा ४ दिन राखी हामी साथीहरू मिली परिश्रमपूर्वक सारेर लिएका थियौं । ❁

वि. सं. २०२२ श्रावणसंक्रान्तिमा प्रकाशित पूर्णिमा ६ अङ्कमा मैले ती सारिएका ऐतिहासिक सामानमध्ये योगमतीको जन्म, लोकप्रकाशको राज्यारोहण, इन्द्रमल्लको राज्याभिषेकको ऐतिहासिक सामानलाई परिश्रमपूर्वक पढी अर्थ गरी तिथिमितिको गणनासहित प्रकाश गरेको थिएँ । सो यस प्रकारको छ—

"सम्वत् ८०५ श्रा कृ अ ३२ वि ४८ प्र नवम्यान्तिथौ ।। रोहिणीनक्षत्र ६०।। ब्या १४ प्र. हर्षणयोगे ।। बुधवासरे ।। सं प्र घटि २४ वि ३६ तदा कर्कटलग्ने मीनाङ्शके तृतीयद्रेकाणे श्रीश्रीयोगनरेन्द्रमल्लस्य प्रथमपुत्री जाता योगमती नाम ।। श्रीठकुनीजु

सं. ८२६ कार्तिकशुक्ल एकादशी ।। बुधवार ।। थ्व कुन्हु यिनक्वस श्रीश्रीजययोगनरेन्द्र मल्ल राजा स्वर्ग्गारोहनदिन जुरो ।। सहगामिनीह्म ३३ थ्वन संतिकुन्हु यंया राणी राजा चा थेनेओ धावो अभाग जुयाओ प्यन्हु कुन्हु लोकप्रकाश मल्ल यंस यंने तंजाव महाउत्पात जुओ जुरो श्री ३

---

+ अंग्रेजी भाग पूर्णिमाका सम्पादकले देखाइदिनुभएको हो ।

❁ त्यसपछि सो ठ्यासफु वि. सं. २०२२ आषाढ १४ गते वीरपुस्तकालयले ७० रु. मा किन्यो ।

वुंगदेव आदिन देव संभव जुयाओ यमितो सह्लिन मयाछि स्याक जुरो. वेस्ये ओङ २ थास लाङाव दायाव स्याक जुरो. पूर्णिमासी कुन्हुया रात्रीस यसंस थथ्य जुओ जुरो ।। ङामन्हु कुन्हु यंया राणी येसं सयाव छोया जुरो ।। थवनलि कार्त्तिक कृष्ण ।। एकादशी ।। वृहस्पतिवार ।। विछसंक्रान्ति कुन्हु श्री २ लोकप्रकाशमल्ल राजा शाला दिन जुरो. खप्वया राजा बिज्याक जुरो. चंगुण लित हयाओ परमस थङाव शखमूलस अग्निसंस्कार याक जुरो ।

सं. ८२६ कार्तिक शुक्ल एकादशी।। बुधवार।। थ्व कुन्हु श्रीश्रीयोगनरेन्द्रमल्ल वभुस हताल छोयाओ थमजुक्व चंगुस बिज्याङाव चंगुस मृत्यु जुव दिन जुरो।।

सं. ८२६ कार्तिक कृष्ण ।। एकादशी ।। बृहस्पतिवार ।। विचछसंक्रान्ति ।। थ्व कुन्हु वाह्लि नह्ला श्रीश्रीलोकप्रकाशमल्ल तेका बिया दिन जुरो ।। थ्व दन अश्विणी कृष्ण ।। षष्ठी प्र. सप्तमी ।। बुधवार ।। कुन्हु वाचानलि ।। स एव श्रीलोकप्रकाश मल्ल लयकछिन दायाव मृत्यु जुव जुरो ।। थ्वन संति कुन्हु लोक मुनकाओ श्रीश्रीइन्द्र मल्ल राजा याय धकु केङा जुरो ।। ।।थ्व कुन्हु श्रीलोकप्रकाश मल्ल परमस थङाओ महायात्रा याक जुरो।। वर्ष ८× दंव ।। थ्वन ह्लस कुन्हु आश्विणी कृष्ण ।। त्रयोदशी ।। हस्त प्र. चित्रानक्षत्र ।। प्रीतियोग।। कुन्हु बुधवार ।। घटि १०×ङस्र घटि १३ थ्वतेनह्ला श्रीश्रीइन्द्रमल्ल तेका बिया दिन जुरो ।

[ने. सं. ८०५ (वि. सं. १७४२) श्रावण कृष्ण अष्टमी (पूर्णिमान्तमानले भाद्रकृष्ण अष्टमी) घडी ३२।४८ उप्रान्त नवमी तिथि रोहिणी नक्षत्र घडी ६० व्याघात घडी १४।० उप्रान्त हर्षण योग बुधवारमा रात्रिगत घडी २४।३६ कर्कटलग्न मीननवांश तेस्रो द्रेष्काणमा श्रीश्रीयोगनरेन्द्र मल्लको जेठी छोरीको जन्म भयो । नाम योगमती श्रीठकुनीजू ।

ने. सं. ८२६ (वि. सं. १७६२) कार्तिक शुक्ल एकादशी बुधवारका दिन श्रीश्रीयोगनरेन्द्र मल्ल राजाको स्वर्गारोहण भयो । सती जाने ३३ । यसको भोलिपल्ट कान्तिपुरका रानी (राजमाता) राजा (भास्कर मल्ल) राती नै पुगे । त्यसपछि कुरा भयो । (योगनरेन्द्र) मरेको चार दिन-पछि लोकप्रकाश मल्ललाई कान्तिपुर लैजान खोज्दा ठूलो उत्पात भयो । श्री ३ बुंगदेव (रातो मत्स्येन्द्रनाथ) आदि देवताको प्रकोप हुनाले कान्तिपुरे १०० भन्दा बढी मारिए । भागेभागेका ठाउँबाट पक्री पिटी मारिदिए । पूर्णिमाको दिन राती कान्तिपुरेको यो हालत भयो । पाँच दिनपछि कान्तिपुरका रानी (राजमाता) कान्तिपुरतिर फर्काइइन् । यसपछि कार्तिक कृष्ण (पूर्णिमान्तमानले मार्ग कृष्ण) एकादशी बृहस्पतिवार वृश्चिकसंक्रान्तिका दिन श्री२ लोकप्रकाश मल्ल राजा बनाइए । भक्तपुरका राजा आउनुभयो ।

चाँगुबाट फर्काई खटमा राखी शंखमूलमा अग्निसंस्कार गरियो । ने. सं. ८२६ (वि. सं. १७६२) कार्तिक शुक्ल एकादशी बुधवारका दिन श्रीश्रीयोगनरेन्द्र मल्लले वभुपा-लड्न पठाई आफू चाँगुमा बस्नुभयो । चाँगुमा मृत्यु भयो ।

ने. सं. ८२६ (वि. सं. १७६२) कार्तिक कृष्ण एकादशी बृहस्पतिवार वृश्चिकसंक्रान्तिका दिन मध्याह्नमा श्रीश्रीलोकप्रकाश मल्लको राज्याभिषेक भयो । यो वर्ष (वि. सं. १७६३) आश्विन-

कृष्ण षष्ठीउप्रान्त सप्तमी बुधवारको आधा रातमा श्रीलोकप्रकाश मल्लको बिफरले मृत्यु भयो। यसको भोलिपल्ट प्रजाहरू जम्मा गरी श्रीश्रीइन्द्र मल्ललाई राजा बनाउने भनी देखाइयो। यस दिन लोकप्रकाश मल्ललाई खटमा राखी जात्रा गरियो। साढें ८ वर्षको उमेर थियो। यसको सात दिनपछि आश्विन कृष्ण त्रयोदशी हस्तउप्रान्त चित्रा नक्षत्र प्रोति योग बुधवारको दिन घडी साढे १० देखि घडी १३ मा श्रीश्रीइन्द्र मल्लको राज्याभिषेक भयो। ]

योगनरेन्द्र मल्लको मृत्युपछि उनका उत्तराधिकारी बनाउने कुरालाई लिई कान्तिपुर-राज्यले ललितपुरका राजकाजमा हात हाल्न पुग्यो र कसरी गडबडी उठ्यो भन्ने अहिलेसम्म प्रकाशमा नआएको नयाँ कुरा यस बिवरणबाट थाहा पाइएको छ। योगनरेन्द्र मल्लको मृत्यु भए-पछि उनकी छोरी योगमतीका छोरा लोकप्रकाशलाई गद्दीमा राख्ने कुरा निश्चित भयो। लोकप्रकाश त्यस बेला सात आठ वर्षका मात्र थिए। योगमती चाहिँ २० वर्षकी थिइन्।"

(पूर्णिमा ६ अङ्क ३९–४१ पृष्ठ)

रेग्मीज्यूको मेडिईभळ् नेपाळ् दोस्रो भागमा मेरो यो परिश्रम लुटुक्क चोरिएको छ। जस्तै—

बर्थ् अफ् योगमतीः अन् संवत् ८०५ ( = १६८५ ए. डी.) श्रावण कृष्ण ८ बुधवार एट्सेटर, वज् बर्न् योगनरेन्द्रमल्ल'स् फर्स्ट् डटर् योगमती।

योगमती वज् २० यर्ज् ओल्ड् ह्वेन् हिज् फादर् डाइड्, यॉन्ड् शी कल्ड् अपन् टु रन् दि अफेर्ज् अफ् स्टेट् यॉज् रीजन्ट्।

क्राउनिङ् अफ् लोकप्रकाशः कार्तिक शुक्ल ११ बुधवार योगनरेन्द्रमल्ल डाइड्, ३२ विमिन् वेर् बर्न्ट् टु डेथ्, द् सेम् नाइट्, द् क्वीनमदर् यॉन्ड् किङ् अफ् काठमान्डु रीच्ड् पाटन्, आफ्टर् फोर् डेज् अफ् द् डेथ् द् पीप्ळ् अफ् काठमान्डु वन्टिड् टु टेक् अवे लोकप्रकाश, यॉन्ड् द रअपन् एनस्यूड् ए सिभीर् कटचॉस्ट्रोफि, गडज् अफ् बुग यॉन्ड् अदर् प्यॉलिसिज् वेर् याङ्ग्रि यॉन्ड् यॉज् ए रिजल्ट् अळ् जइन्ड् ह्यॉन्ड्ज् टु बीट् द् मेन् अफ् काठमान्डु, दे वेर् कट् ह्वाइळ् फ्लीइङ्, क्वाइट् ए नम्बर् अफ देम् वेर् किल्ड्; अळ् दिस् ह्यापन्ड् टु दोज् अफ् काठमान्डु अन् द् डे अफ् पूर्णिमा, फाइभ् डेज् ल्यॉटर् क्वीन् मदर् अफ् काठमान्डु रिटर्न्ड् होम् विद् हर् सन्। आफ्टर् दिस्, लोकप्रकाशमल्ल वज् क्राउन्ड् अन् कार्तिक कृष्ण ११ बृहस्पतिवार, एट्सेट्र।

क्राउनिङ् अफ् इन्द्रमल्लः किङ् लोकप्रकाश डाइड् अफ् यॉन् अटयाक् अफ् स्मळ्पक्स अन् आश्विन कृष्ण ६ प्र ७ बुधवार अफ् द् यर् ८२६। नेक्स्ट् डे, पीप्ळ् कलेक्टिङ्, इन्द्रमल्ल वज् डिक्लेर्ड् किङ्, दिस् भेरि डे लोकप्रकाशमल्ल'स् बडि वज् टेकन् टु द् घाट् फर् क्रिमेशन, द् देन वज् जस्ट् एट् यर्ज् ओल्ड्।

(मेडिईभळ् नेपाळ् दोस्रो भागको १०४३ पृष्ठ)

यो माथि उद्धृत गरिएको पूर्णिमाको लेखको अनुवाद हो भन्ने स्पष्ट छ।

हामी जस्ता साधारण मनुष्यले भई नभई खर्च गरी कैयौं वर्षदेखि परिश्रम गरी जोडेको कुरालाई हाम्रो नाम नलिई आफैले खोजे जस्तो गरी राजनीतिज्ञ नेता हुन लाग्नुभएको छ।

**मौका परे राजकाजमा चलो मुलुकको हालिमुहाली गरुँला, नपरेसम्म अरूको परिश्रम टापटिप पारी विद्वान् कहलाई धन मान कमाऊँ भन्ने प्रवृत्ति रेग्मीज्यूले यहाँ स्पष्ट देखाउनुभएको छ। यसरी विद्या चोरिन लागेपछि विद्यारूपी बाली देशमा कसरी सप्रला भन्ने कुरा नेपालका सपूतहरूले विचार गर्नुपर्ने हुन आएको छ।**❀

---

❀ रेग्मीज्यूले संशोधनमण्डलको मात्र यश हर्न खोज्नुभएको होइन, श्री ५ को सरकार पुरातत्त्व-विभागको पनि यश हर्न खोज्नुभएको छ। जस्तै—

रेग्मीज्यूले आफ्नो ग्रन्थको तेस्रो भागको दोस्रो खण्डका ५६ पृष्ठदेखि ८७ पृष्ठसम्म डा (घ) ठ्यासफु छपाउनुभएको छ। रेग्मीज्यूको घ ठ्यासफु जम्मैका जम्मै श्री ५ को सरकार पुरातत्त्वविभाग वीरपुस्तकालयबाट वि. सं. २०२० कार्तिक १० गते प्रकाशित भएको ऐतिहासिक घटनावलीसंग ट्वाक्कै मिल्दछ। जस्तै—

श्रीस्वस्ति सं. ७९७ कार्तिक कृष्ण चतुर्दशी कुन्ह कौमारी हेला दिन ॥दं छं दं दु सूर्यमणिदेवचा याङा दिन। श्रीधुक चतुर्दशीपाल श्रीधंचाया पाल जुरो॥ मार्ग्गशिरशुक्ल चतुर्थी वोसाधन श्रीवलभद्रजुया पाल॥

[ऐतिहासिकघटनावलीको १४ पृष्ठ तथा
मेडिईभल् नेपाल् तेस्रो भागको दोस्रो खण्डको ५६ पृष्ठ]

यस्तै गरी—

| ऐतिहासिक घटनावली | | रेग्मीज्यूको सो पुस्तक | |
|---|---|---|---|
| १ | पृष्ठ | ७६–७७ | पृष्ठ |
| २ | ,, | ७७–७९ | ,, |
| ३ | ,, | ७९–८१ | ,, |
| ४ | ,, | ८१–८२ | ,, |
| ५ | ,, | ८२–८४ | ,, |
| ६ | ,, | ८४–८६ | ,, |
| ७ | ,, | ८६–८७,६७ | पृष्ठ |
| ८ | ,, | ६७–६८ | पृष्ठ |
| ९ | ,, | ६८–७० | ,, |
| १० | ,, | ७०–७१ | ,, |
| ११ | ,, | ७१–७३ | ,, |
| १२ | ,, | ७३–७५ | ,, |
| १३ | ,, | ७५–७६ | ,, |
| १४ | ,, | ५६–५८ | ,, |
| १५ | ,, | ५८–६० | ,, |

अन्यवर्णपरावृत्या बन्धचिह्ननिगूहनैः ।
अनाख्यातः सतां मध्ये कविश्चौरो विभाव्यते ।।

(बाण)

| ऐतिहासिक घटनावली | रेग्मीज्यूको सो पुस्तक |
|---|---|
| १६ पृष्ठ | ६०–६२ पृष्ठ |
| १७ " | ६२–६३ " |
| १८ " | ६३–६५ " |
| १९ " | ६५–६६ " |
| २० " | ६६–६७ " |

रेग्मीज्यूले डी (घ) ठ्यासफुको परिचयचाहिँ आफ्नो पुस्तकको दोस्रो भागको १७–१८ पृष्ठमा दिनुभएको छ । सो यस प्रकारको छ–

टू लूस् शीट्स् अफ् ओल्ड् पेपर् रिटन् अन् आइदर् साइड् ह्विच् बेर् नोटिङ् अफ् इम्पर्ट्यान्ट् ईभेन्ट्स् बाइ ए स्क्राइब् । फर् द् पीरिअड् बिट्वीन् ७८५यान्ड्८०७ लाइ इन् द् पंजेशन् अफ् द् दर्बार् लाइब्रेरि (क्याट्. ४. एन्. ९७५) । दीज् शीट्स् वेर् सोल्ड्'टु द् लाइब्रेरि ए यर् अगो अलङ् विद् ए बन्ड्ल् अफ् वर्न् आउट् म्यान्युस्क्रिप्ट्स् ।...वी श्याल् यूज् दीज् डक्युमन्ट्स् फर् आउर् पर्पस् अन्डर् वन् नेम्,द् ठ्यासफु डी ।

[ एकजना लेखन्दासले ने. सं. ७८५ देखि ८०७ सम्मका मुख्य मुख्य घटना टिपेको दुवैतिर लेखिएको छुट्टाछुट्टै दुइ ताउ पुरानो कागत वीरपुस्तकालय चौथो ९७५ नं. मा छ । पुरानो हस्तलिखित पुस्तकका पोकोसंगसँगै वर्ष दिनअगाडि वीरपुस्तकालयले यो कागत किनेको थियो ।... यसलाई डी (घ) ठ्यासफु भन्ने नाउँ राखेर हामी काममा लाउँछौं । ]

रेग्मीज्यूले आफ्ना पुस्तकका तीनै भागका भूमिकामा ई. सं. १९६१ जून १ (वि. सं. २०१८ ज्येष्ठ १९ गते) मेरो पुस्तक तयार भइसकेको थियो भनी लेख्नुभएको छ । त्यही वर्ष त्यही महीनामा रेग्मीज्यूका ती पुस्तकका गुरुकापी हामीकहाँ आइपुगिसकेका थिए, छाप्न मात्र ढीलो भएको हो भनी प्रकाशकको वक्तव्यमा लेखिएको छ ।

रेग्मीज्यूले १ वर्षअगाडि वीरपुस्तकालयले यो कागत किनेको हो भनी लेख्नुभएकोले वीरपुस्तकालयले वि. सं. २०१७ मै सो कागत किनेको देखिन आउँछ । तर यो सरासर झूटो कुरो हो । किनभने वि. सं. २०१९ माघ २३ गते रोज ३ मा यो कागत वीरपुस्तकालयले किनेको हो भन्ने प्रमाण वीरपुस्तकालयको स्रेस्ता मै छ ।

वीरपुस्तकालयका अध्यक्ष पं. बुद्धिसागर पराजुलीज्यूले सो कागतको विषयमा बुझ्न मलाई अह्राउनुभयो र मैले परिश्रमपूर्वक सो पढी यसमा मल्लकालका अप्रकाशित धेरै सामान छन् भनी अध्यक्षज्यूलाई निवेदन गरें । यसपछि श्री ५ को सरकार पुरातत्त्वविभागका निर्देशक श्रीरमेशजङ्ग थापाज्यूको निर्देशनअनुसार वीरपुस्तकालयका अध्यक्ष पं. बुद्धिसागर पराजुलीज्यूका अध्यक्षतामा मैले सो कागत सम्पादन गर्दा त्यसको परिचय यसरी दिएको थिएँ —

[अरूका रचनामा केही अक्षर फेरफार पार्दै कुरा तलमाथि पारी ढाकछोप गर्ने चोर कवि-लाई कसैले नपोले तापनि विद्वान्हरूको सभामा उसको चोरी साबीत हुन्छ ।

-❁-

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

## (ऐतिहासिक टिप्पणीसहित)

—देवीप्रसाद भण्डारी

पूर्व दोलखाविजयपछि पृथ्वीनारायण शाहले दोलखाका नारायण, भैरव, भीमसेन यी देवताहरूको गूठीजग्गा थामिदिई त्यहाँका धनदत्त, रत्नवीरसिंह आदिका नाउँमा "देवल, पाटी, पौवा वनाउनू र चिताइ गर्नू" भनी वि. सं. १८१६ ज्येष्ठ १९ गते बुधबारका दिन पत्र* लेखिदिए ।

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्.

आगे धनदत्त रत्नवीरसि कनसि र तिदेव ठकुरले श्रीनारायणकन चह्र्‌याको गुठि धुलबु मुरि २५ श्रीभैरवकन चह्र्‌याको गुठि २५ गुठिबु षेत श्रीभीमसेनकन चह्र्‌याको बोज षेत मुरि १२

---

"यसलाई मुठ्ठा पारी वेरेर वंशावलीको मुठ्ठा भन्ने नामले वीरपुस्तकालय चौथो लगतको ९७५ नं. मा दर्ता गरी राखेको छ । यो कागत हालसालै वीरपुस्तकालयबाट किनिएको हो ।"

श्री ५ को सरकार पुरातत्त्वविभाग वीरपुस्तकालयले सो कागत वि. सं. २०२० कार्तिक १० गते ऐतिहासिक घटनावलीको नामले प्रकाश गरायो ।

तर रेग्मीज्यूले पहिले आफैंले पढी आफैंले प्रकाश गरे जस्तो गरी अरूले छपाएको सम्पूर्ण पुस्तक केवल क्रम तलमाथि पारी जस्ताको तस्तो सारी आफ्नो नाउँमा दर्ता गर्ने उद्योग गर्नुभएको छ ।

* गूठी लगत नं. ४९२ को दोलखाका नारायण आदिको गूठीसम्बन्धी यस पत्रको नकल वि. सं. १९९६ मा गूठी अड्डाबाट लिइएको हो । यसको विवरण 'इतिहास–संशोधनको प्रमाण-प्रमेय'को उपोद्घातको २८–२९ पृष्ठमा हेनुहोस् । श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९८१–८३ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ । सो ग्रन्थ प्रकाशित हुँदैछ ।

बाह्र येती षेतको चितायो गर्नु. बकस भयो. धनदत्त रत्नसिंले चितायो गर्नु. देवल पाटि पौवा बनाउनु. सम्वत् १८१६ साल ज्येष्ठ सुदि ४ रोज ४ शुभम्.

[धुलबु = धुलबु भन्ने ठाउँको जग्गा । मुरि २५ = पच्चीस मुरी माटो = सवा छ रोपनी । गुठिबु षेत = गुठिबु भन्ने जग्गा । षोजषेत = खोज भन्ने ठाउँको जग्गा । मुरि १२ = बाह्र मुरी माटो = तीन रोपनी । चितायो = हेरविचार]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छः—

वि. सं. १८१६ ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | १९ | बुध | चतुर्थी | ११ । | ३७ |

## ऐतिहासिक टिप्पणी–

यो पत्र पृथ्वीनारायण शाहले पूर्व दोलखाप्रदेशका धनदत्त, रत्नवीरसिंह आदिका नाउँमा लेखिदिएका हुन् । पूर्वतिर नालदुम, महादेवपोखरी विजय हुनासाथ (वि. सं. १८११ श्रावण-पछि) यस प्रदेशमा पृथ्वीनारायण शाहले आँखा लाइरहेका थिए★ । यसको केही वर्षपछि दोलखाप्रदेशतिर पनि उनको विजय कायम भयो । यस पत्रमा दोलखाका नारायण, भैरव, भीमसेन यी देवताहरूको परम्परागत धार्मिक स्थितिहरू कायम गरी गूठी जग्गाहरू थामिदिएका र सो जग्गा बकस जानी धनदत्त रत्नवीरसिंह आदिले चिताइ गर्नू तथा देवल, पाटी, पौवाहरू बनाउनू भनी अह्राइएको कुरो परेको छ । यस पत्रमा दिइएका संवत्, तिथि, वार आदि गणना गरिहेर्दा मिल्न आउँछन् ।

पृथ्वीनारायण शाह दूरदर्शी राजनीतिज्ञ पुरुष थिए । उनी आफूले विजय गरेका प्रदेशहरूमा कहिल्यै पनि लूटपीट आदि उत्पात मच्चाई प्रजा भड्कने काम हुन दिँदैनथे । उनी तत्तत्-प्रदेशका मुख्य मुख्य मानिसलाई हात लिई तिनद्वारा त्यहाँ सान्त्वना दिलाई सह्यालिराख्ने प्रबन्ध गर्दथे❀ । यहाँ पनि आफूभन्दा अघिका धार्मिक पुरुषहरूले गरेर गएका धर्मकृत्यहरूलाई खलबलिन नदिई उनीहरूको परम्परा कायम गरी थामिदिनु र यस प्रदेशका मानिसहरूलाई जग्गा बकस भयो भनी उनीहरूलाई हात लिनु आदि काम पृथ्वीनारायण शाहले गरेका छन् । उनी स्वयं पनि प्राचीन परम्पराअनुसारका देवदेवीहरूमा आस्था राख्ने धार्मिक पुरुष थिए । उनले धर्मकृत्यउपर कस्तो नीति लिएका थिए भन्ने कुरा अन्त पनि पाइन्छ ।

पृथ्वीनारायण शाहले रुल्ल्यानकोटकी देवीका स्थानमा गएर देवीको मन्दिरभित्र पस्नु हुन्छ कि हुँदैन, सो कुरा पुजारी राना (मगर) सँग सोधेका र प्राचीन स्थिति (मर्यादा)को उल्लङ्घन नगरी देवीको अनुष्ठान गरेका कुरा आफ्नो उपदेशमा उल्लेख गरेका छन् × । उनी बौद्ध

★ पूर्णिमा ५ पूर्णाङ्क ४५ पृष्ठ हेर्नुहोस् । ❀ पूर्णिमा ५ पूर्णाङ्क ४६–४७ पृष्ठ हेर्नुहोस् ।
× पृथ्वीनारायण शाहको उपदेश ३१९–२० पृष्ठमा छ ।

धर्मप्रति पनि उत्तिकै श्रद्धा राख्थे । उनले स्वयम्भूको चैत्य जीर्णोद्धार हुँदा चैत्यको बीचमा रहने लिङ्गो फेर्नाको निमित्त ठूलो काठ ल्याइदिने वचन दिएका थिए + । कीर्तिपुरविजयपछि त्यहाँका बौद्ध चैत्यको पूजाको निमित्त गूठी राखिदिएका थिए ÷ । नेपालखाल्डोविजयपछि पाटनका शैव, बौद्ध, वैष्णव आदि सम्प्रदायका देवताहरूका दर्शन पूजन गरेका र अघिदेखि चलिआएको धार्मिक प्रथाको अनुमोदन गरेका थिए× । उनले देवस्व मास्ने काम कहिल्यै पनि गरेका थिएनन्, बरु देवस्व मास्तै खर्च गर्दै गर्ने कुप्रथालाई रोकिदिएका थिए❁ । उनी सकेसम्म बल-प्रयोग(धेरै काटमार)द्वारा विजय प्राप्त गर्न चाहँदैनथे । आफूलाई दुइ पटकसम्म असफल पारिदिने कीर्तिपुरका केही विद्रोहीहरूको नाक काटी घमण्ड तोडे तापनि त्यहाँका देवताहरूको पूजाको निमित्त गूठी राखी त्यहाँका धार्मिक जनतामा पृथ्वीनारायण शाहले प्रभाव पारिदिएका थिए । उनको यस किसिमको काम लब्धप्रशमन (हातपरेको राज्यलाई अड्याइराख्नु)को एक अङ्गको उदाहरण बन्न गएको छ ↗ ।

उनको यस नीतिअनुसार दोलखाका देवताको गूठी थामी यो पत्र लेखिदिइएको हो ।

× × ×

पृथ्वीनारायण शाहले गोरखा भेकको रक्षाको काममा खटिइरहेका आफ्ना भारदार रणरुद्र शाह, भद्र शाह, जसकर्ण पाँडेहरूलाई "आषाढको २१ दिन जाँदा आइतवार शिवपुरी कब्जा गर्ने साइत निस्केको हुनाले ठीक आषाढ २० गते नुवाकोटमा आइपुग्ने गरी ६० जना तालीमी

+ इतिहास-संशोधन ६२ क्रमागत संख्या ८-९ पृष्ठ हेर्नुहोस् । ÷ इतिहास-संशोधन ६२ क्रमागत संख्या ६-७ पृष्ठ हेर्नुहोस् । × इतिहास-संशोधन ६२ संख्या ९-१० पृष्ठ तथा त्रिरत्नसौन्दर्यगाथाको १३४-३५ पृष्ठ हेर्नुहोस् ।

❁ काठमाडौंदेखि १ कोस जति पूर्वतिर प्रसिद्ध देवमन्दिर (पशुपतिको मन्दिर?)को भुइँभित्र गाडिएको धन जयप्रकाश मल्लले झिक्न लागेका र सो धन झिकिसक्न नपाउँदैमा पृथ्वीनारायण शाहले सो ठाउँ कब्जा गरी जयप्रकाश मल्लले खन्न लाएको खाल्डोवरिपरि छरिएको धन बटुली त्यही खाडलमा हाली पुर्न लगाएका थिए भनी पादरी जिजेपले लेखेका छन् । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ८३० पृष्ठमा गरिएको छ ।

↗ नवमवाप्य लाभं परदोषान् स्वगुणैश्छादयेत् ॥५॥ ...देशदैवतसमाजोत्सवविहारेषु च भक्तिमनुवर्तेत ॥११॥

चरित्रमकृतं धर्म्यं कृतं चान्यैः प्रवर्तयेत् ।
प्रवर्तयेन्न चाधर्म्यं कृतं चान्यैर्निवर्तयेत् ॥३३॥

(कौटलीय अर्थशास्त्र १३।५)

[ नयाँ राज्य पाएर शत्रुको दोषलाई आफ्ना गुणले ढाकिदिनू । देशका देवता, जात्रा, चाडबाड, उत्सव र खेलहरूमा भक्ति देखाउनू । धर्म हुने असल काम आफूले पनि गर्नू । अरूले गरेको पनि थामिदिनू । अधर्म हुने खराप काम आफूले पनि नगर्नू । अरूले गरेको पनि रोकिदिनू ।]

सैनिक पठाऊ" भन्ने आज्ञा दिई वि. सं. १८१६ आषाढ १० गते बुधवार पत्र + लेखे।

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयीनां—

स्वस्ति श्रीमन्महाराजाधिराजकुमारश्रीरणरुद्रसाह तथा श्रीभद्रुसाहदेवेषु तथा श्रीजसकर्ण पाँडेके आसिकसलामपूर्वक पत्रमिद,

उप्रांत: सिवपुरिको काज असारको २१ दिन जाँदा आइतवार काज गर्नु आंटियो. कुलानन्द जैसिले पनि एहि दिन आंटचा. चिगाले पनि एहि दिन आंटचो. काज गर्छौं. ताहां त नदि पनि बाढ्यो. स्वर पनि सुस्तै छ; बिनिबिनिकन भला भला मानिस जना ६० इहां पठाव. असारको २० दिन जांदा हजुर आइपुगुन. एस दिनभन्दा अघि आया सोर हुन्छ. एस दिनमाहाँ नआइपुग्या काज भेटंनन्. तस्कारन बिसै दिन जाँदा हजुर आइपुगुन्.

मिति आ: वदि १० रो ४ मुकाम नुवाकोट शुभम्.

[बाढ्यो = बाढी आउन थाल्यो। स्वर = शत्रुहरूले आक्रमण गर्ने हल्ला। सुस्तै छ = कमै छ, चालचुल केही छैन। बिनिबिनिकन = छानी छानीकन। सोर हुन्छ = हल्ला मच्चिन्छ।]

यस पत्रमा दिइएको मितिको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१६ आषाढ कृष्ण (पूर्णान्तमानले)

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| आषाढ १० | बुध | दशमी | ९।२४ |

## ऐतिहासिक टिप्पणी–

यो पत्र नुवाकोटबाट पृथ्वीनारायण शाहले रणरुद्र शाह, भद्रु शाह, जसकर्ण पाँडेहरूलाई लेखेका हुन्। यस पत्रमा संवत् लेखिएको छैन। गणना गरिहेर्दा यसमा लेखिएका तिथि-वारादि वि. सं. १८१६ मा मिल्न आउंछन्। यस कारण गणनाबाट र यस पत्रमा उल्लेख गरिएको घटनाबाट पनि यसको पुष्टि हुन आएकोले यो पत्र वि. सं. १८१६ आषाढ १० गते बुधवारको दिन लेखिएको देखिन्छ।

यस पत्रमा नामोल्लेख भएका भारदारहरूमा रणरुद्र शाहको परिचय माथि परिसकेको छ ÷। भद्रु शाहचाहिं पृथ्वीनारायण शाहका माथिल्ला तहका भारादारमध्येका हुन्। यिनलाई पृथ्वीनारायण शाहले आफ्नो काशीयात्रामा पनि साथै लगेका थिए। त्यस बेलादेखि यिनले पृथ्वीनारायण शाहका विजययात्राहरूमा साथ दिई काम गर्दै आएका थिए भन्ने कुरा वंशावलीहरूमा उल्लेख गरिएको छ।

+ 'पृथ्वीदर्शन' प्रदर्शनीमा राखिएको सक्कल प्रतिबाट यो प्रतिलिपि हामीले लिएका हौं। श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ११०९–१२ पृष्ठमा पनि व्याख्यासहित यो छापिएको छ।

÷ पूर्णिमा ९ पूर्णाङ्कको ३२ पृष्ठ हेर्नुहोस्।

यस पत्रमा नामोल्लेख गरिएका भारादारमा जसकर्ण पाँडेको चाहिं परिचय पाउन सकिएको छैन ।

यस वेला पृथ्वीनारायण शाह नुवाकोटमा बसेर नेपालखाल्डोलाई घेरा हाल्न सजिलो हुने उपाय सोची आफ्ना चरहरूद्वारा नेपालखाल्डाका मल्ल राजाहरूको गतिविधि बुझी कान्तिपुरको राज्यक्षेत्रभित्र पर्ने शिवपुरीको अग्लो किल्लालाई कब्जा गर्ने उद्योगमा लागेका थिए। परन्तु पृथ्वीनारायण शाह पूर्वतिर बढ्दै जाने उद्योगमा लागेका थिए तापनि पश्चिमतिर लमजुङ आदि चौबीसीहरू मिली गोरखाउपर आक्रमण गर्न आइलाग्ने हुँदा पृष्ठशोधन गर्न (पछिल्तिरबाट आउने शत्रुलाई रोकी होशियारीसाथ रहन) का लागि उनले धेरैजसो आफ्नो फौज उस वेला उतैतिर तंतयार पारिराखेका थिए । उनको साथमा धेरै फौज थिएनन् । त्यस कारण "अहिले बर्षादको आरम्भ भइसकेको हुनाले उतातिर खोलानाला पनि बढ्दै आयो, आषाढमास भएकोले खेतीको कामकाजले बेफुर्सदको समय छ, लमजुङ आदि शत्रुपक्षले पनि झट्टै आक्रमण गर्लान् जस्तो लक्षण देखिँदैन, यतातिर भने ज्योतिषीहरूले पनि आषाढको २१ गते आइतवार असल साइत छ भन्छन, चेवा चरहरू पनि हाम्रो सल्लाह दिन्छन् , त्यस कारण सबैतिरबाट चाँजो मिल्न आई अहिले असल मौका परेको छ , यसै मौकामा शिवपुरीको किल्ला कब्जा गर्नुपरयो" भन्ने अठोट गरी उक्त साइतमा शिवपुरी कब्जा गर्नाका निमित्त पृथ्वीनारायण शाहले गोरखाभेकतिर शत्रुको आक्रमण रोक्न तयार भइरहेका आफ्ना फौजमध्येबाट छानबीन गरी योग्य योग्य ठहरिएका ६० जना लडाका सैनिकलाई नुवाकोटमा झिकाउने उद्देश्यले यो पत्र लेखेका हुन् भन्ने कुरा यस पत्रमा उल्लिखित "उप्रान्त सिवपुरिको काज असारको २१ दिन जाँदा आइतवार काज गर्नु आँटियो. कुलानन्द जैसीले पनि एहि दिन आटचा. चिगाले पनि एहि दिन आटचो, काज गर्छौं. तहाँ ता नदि पनि बाढयो. स्वर पनि सुस्तै छ. बिनिबिनिकन भला भला मानिस जना ६० इहाँ पठाव". यस वाक्यबाट व्यक्त हुन्छ।

यहाँ पृथ्वीनारायण शाहले फौज झिकाउँदा पनि सबै कुरामा विचार पुरयाई बडो होशियारीसाथ काम गरेको देखिन्छ । आक्रमण गर्ने दिन (आषाढ २१ गते ) भन्दा एकदिन अघि (आषाढ २० गते) मात्र नुवाकोटमा आइपुग्ने गरी उनले फौज झिकाएका छन् ।२० गतेभन्दा अघि आइपुगेमा हल्ला भई शत्रुले भेउ पाउने र त्यस दिन आइनपुगेमा मौका चुकी आफ्नो काम बिग्रन्थ्यो । त्यसै कारणले उनले ठीक २० गते नुवाकोट आइपुग्ने गरी फौज पठाऊ भनी अह्राएका हुन् भन्ने कुरा "असारको २० दिन जाँदा हजुर आइपुगुन्. एस दिनभन्दा अघि आया सोर हुन्छ. एस दिनमाहाँ नआइपुग्या काज भेटैनन्. तस्कारन बिसै दिन जाँदा हजुर आइपुगुन्." यस वाक्यबाट व्यक्त हुन्छ ।

हुन पनि पृथ्वीनारायण शाहले आफ्नो योजनाअनुसार यही आषाढ २१ गते आइतवारका दिनको साइतैमा नुवाकोटबाट फौज पठाई शिवपुरीको किल्लामा आक्रमण गरिहाले । त्यसै दिनदेखि सो शिवपुरीप्रदेश पृथ्वीनारायण शाहका अधीनमा रह्यो❀ । यताबाट पृथ्वीनारायण शाहको

---

❀यस विजयको मिति वंशावली, त्रिरत्नसौन्दर्यगाथा आदिमा पनि आषाढ २१ गते आइतवारकै उल्लेख पाइन्छ । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशका ८३६–३७ पृष्ठमा पनि गरिएको छ ।

ठीक ठीक समयमा काम गर्न सक्ने खुपी थियो भन्ने कुरा झल्कन्छ ।

\+ + +

कान्तिपुरका राजा जयप्रकाश मल्लको राज्यक्षेत्रभित्र पर्ने वाग्वतीको शिरप्रदेशमा रहेको शिवपुरीको किल्ला पृथ्वीनारायण शाहले वि. सं. १८१६ आषाढ २१ गते आदित्यवारका दिन विजय गरे।

"शिवपुरी हाम्नाको साइत हेर भनी मर्जी भयो र शाके १६८१ संवत् १८१६ असारका दिन २१ जाँदा आदित्यवार अर्द्धरात्रिउप्रान्त शिवपुरीमा कीलो गाड्न्या साइत चढाया र त्यसैं साइतमा कीलो गाड्न पठाई चौतरिया काजी सर्दार जेठाबूढा नजिको द्वारचा कपरदार थरघर उमराउ-समेत लश्कर बिदा गर्नुभयो। लश्कर गई शिवपुरीमा ठूलो लडाइँ भयो। ठाना उक्लो बिरु कपर-दारले जेठो तरवार हान्या। आफू पनि उहीं पुग्या। देव्या गुरुङले वैरीलाई हान्दा तिघ्रे छटक्कै छिनी वैरी हान्या। अरू पनि २१४ भला मानिस लश्कर धेरै खेत रह्या। जित गोरखाको भयो। शिवपुरी सर भयो" ।

(भाषावंशावलीबाट)

"संवत् १८१६ आषाढ शुदि ७ रोज १ स्युपुरी (शिवपुरी) अंबल."

(त्रिरत्न–सौन्दर्यगाथा २६१–६२ पृष्ठ)

शिवपुरी विजय भएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८१६ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | २१ | आदित्य | सप्तमी | ५२ । | ३७ |

## ऐतिहासिक टिप्पणी–

यस विजयभन्दा दुइ वर्षअघि (वि. सं.१८१४ ज्येष्ठ १९ गते) भएको कीर्तिपुरको पहिलो युद्धमा ज्योतिषी कुलानन्द ढकाल तथा काजी कालु पाँडे आदि भारादारहरूको सल्लाह नमानी ज्योतिषी बालकृष्णले दिएको साइतमा पृथ्वीनारायण शाहले लडाइँ आँट्ता कुलानन्द ढकाल झोक्किएर बिदा भई लमजुङतिर गएर बसेका थिए। यता सो लडाइंमा काजी कालु पाँडेसमेत धेरै वीर वीर लडाका भारादारहरू परी लडाइं बिग्रँदा त्यस बेला पृथ्वीनारायण शाहलाई निकै ठूलो चोट परेको थियो‡। त्यसले गर्दा दुइ वर्षसम्म उनको विजययात्रामा गतिरोध भइरहेको थियो। तर यस बेलासम्म पृथ्वीनारायण शाहले पश्चिमतिर (गोरखाभेक)को सुरक्षाको निमित्त ठाउँ-ठाउँका गढी गौंडा चोकी आदि सबैतिर फौजको प्रबन्ध गरी राम्रो चाँजो मिलाइसकेका हुनाले पश्चिमतिरको चिन्ता भने उनलाई उत्तिको लिनु परेको थिएन। त्यस कारण पूर्वतिर बढ्दै जाने आफ्नो पूर्वयोजनाअनुसार पृथ्वीनारायण शाहलाई बल्ल मौका मिल्न आयो र उनले नुवाकोटमा बसी शिवपुरीको किल्लामा अधिकार जमाउने चाँजोमा लाग्न पाएका थिए। परन्तु

‡ पूर्णिमा ८ पूर्णाङ्कका २६–२९ पृष्ठ हेर्नुहोस् ।

पृथ्वीनारायण शाह आफ्नो विजययात्राको आरम्भ गर्दा भरपर्दा ज्योतिषीहरूद्वारा राम्रो साइत हेराई उनीहरूको सल्लाह लिएर मात्र विजययात्राको आरम्भ गर्दथे। उनले कुलानन्द ढकालको सल्लाह नमानी बालकृष्णको साइतमा लडाइँ गर्दा ठक्कर खाएका हुनाले मनमा सो कुरा खट्की उनलाई कुलानन्दको साइतमा बढ्ता विश्वास पर्न गएको थियो। त्यस कारण लमजुङमा रहेका कुलानन्द ढकाललाई "अब उप्रान्त तिम्रो सल्लाहबेगर कहिल्यै पनि म काज गर्नेछैन" आदि कुरा लेखी पृथ्वीनारायण शाहले फेरि बोलाई पठाएका थिए। आफ्नो पूर्वाग्रह छोडी पृथ्वीनारायण शाहले आदरपूर्वक बोलाएका हुनाले कुलानन्द ढकाल पनि लमजुङबाट नुवाकोट आए+। उनी आइपुग्नासाथ पृथ्वीनारायण शाहले कुलानन्द ढकाललाई शिवपुरीमा आक्रमण गर्ने आफ्नो पूर्व योजनाअनुसार असल साइत हेर्ने आज्ञा दिए। सोही आज्ञाअनुसार शिवपुरीविजयको साइत हेर्दा वि.सं. १८१६ आषाढ २१ गते आइतवारका दिन आधा रातउप्रान्तको साइत निस्केको थियो। सोही साइतमा आक्रमण गरेमा शिवपुरी विजय हुनेछ भन्ने कुराको सल्लाह कुलानन्द ढकालले पृथ्वीनारायण शाहलाई दिएका हुनाले उनको साहस बढ्दै गयो। उनले सबैतिरको बाँजो मिलाई होशियारीसाथ तरताकिता गर्दै गए। वि. सं. १८१६ आषाढ १० गते बुधवार रणरुद्र शाह, भद्र शाह जसकर्ण पाँडेहरूलाई पत्र लेखी अह्राई योग्य योग्य लडाका फौज झिकाई पठाए। पृथ्वीनारायण शाहले यसै साल आषाढ २१ गते आइतवारको साइतमा × शिवपुरी विजय गर्नाका लागि

+"गोर्खामहाराजबाट फेरि लडाइँको तैयारी मजबूत गरी २ वर्षपछि शिवपुर हान्नको सल्लाह गर्नु हुँदा लमजुङमा भट्की गयाका हुनाले कुलानन्द जैसीलाई पनि बोलाहटको मोहर गयो। तिमी ता भन्दै थियौ, बालकृष्ण जैसीले उचाल्दा कटक (लडाइँ) बिग्र्यो, कालुपाँडे जस्तो काजी पनि पर्‍यो, अब तिम्रा सल्लाहबाहेक काम गरिन्याछैन, मानिसले गर्दा तिमीसित विरोध पर्‍यो तापनि अब आफ्नो घर जानी आऊ भनी मर्जी जाँदा जैसी पनि आई सरकारमा आशीर्वाद चढाया—हजुरले माया नमार्‍यापछि म पनि हजुरको कहाँ माया मारुँला भनी हजुरको दर्शन गर्नाकन आइपुग्याँ। नेपाललाई घेरा नदिई भएन।"

(भाषावंशावलीबाट)

× शिवपुरीविजयको विषयमा गोरखालीहरूको सैनिक इतिहासमा "साके १६७८ (वि.सं. १८१३) मासे ३ दिन २१ मा आधारातउप्रान्त सीउपुरीमा कीलो गाड्या" यस्तो लेखिएको छ। सोमध्वज बिष्टको साही सैनिक इतिहासको ३२ पृष्ठमा पनि शिवपुरीविजयको साल मिति गोरखालीहरूको सैनिक इतिहासअनुसार नै दिइएको छ। यसमा दिइएका महीना र गतेचाहिं भाषावंशावलीमा दिइएका महीना र गतेसंग मिल्दछन्। वारचाहिं यहाँ दिइएको छैन। भाषावंशावलीमा 'वार' आइतवार लेखिएको छ। त्यस कारण गणना गरिहेर्दा र पात्रोसंग भिडाई हेर्दा वि. सं. १८१३ आषाढ २१ गते बुधवार पर्दछ।

भाषावंशावलीकारले दिएको संवत् महीना गते वार तथा त्रिरत्नसौन्दर्यगाथाकारले दिएको संवत् महीना तिथि वारसंग गणना गर्दा आएका महीना गते वार तिथि सबै मिलन आउँछन्।

नुवाकोटबाट आफ्ना फौज शिवपुरीतर्फ पठाए। यो प्रदेश काठमाडौंबाट साढे तीन कोस जति उत्तरतिर वाग्मतीको शिरमा पर्दछ। गोरखाली फौज उक्त साइतमा जब शिवपुरी पुगेथ्यो, त्यहाँ किल्लारक्षकहरूसंग लडाईं चलिहाल्यो। यस लडाइंमा सेनापतिको काम बिरु कपरदारले गरेका थिए। उनी आफू पनि फौजको साथसाथै किल्ला फोर्न पुगे। किल्लाभित्र घोरघमासानको युद्ध भयो। यस युद्धमा २१४ जना हताहत भए। जितचाहिं गोरखालीहरूको भयो। त्यस कारण यस दिनदेखि शिवपुरीप्रदेशमा पृथ्वीनारायण शाहको अधिकार सधैंका लागि भएको हो।

सैनिक दृष्टिकोणबाट पनि यो शिवपुरीको किल्ला अतिमहत्वपूर्ण थियो। यसै हुनाले यस किल्लाको महत्त्व बुझी पृथ्वीनारायण शाहले उपयोगमा ल्याउनाका निमित्त धेरै काल अघिदेखि यस किल्लामा आँखा लाइराखेका हुन्। शिवपुरीको यस विजयले नेपालखाल्डोमा घेरा हाल्ने काममा पृथ्वीनारायण शाहलाई निकै सजिलो तथा फाइदा भएको थियो। यसै हुँदा पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा पनि साङ्ग्रामिक महत्त्व दर्शाई शिवपुरी, ककनी आदि प्रदेशहरूको किल्लाका विषयको चर्चा "ककनि र सिवपुरिमा ठाना हालि मुर्चा लाइ राषेथेउ.।...इस्वरले रचना गर्‍याको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. सिबपुरि १ फुल्चोक २ चन्डागिरि ३ महादेउपोषरि ४ पालु ५ दाप्चा ६ काहुल्या ७ ईनमा पनि किल्ला पको बनाउनु. किल्लापिछे तोप लमद्दट गरि राषीदिनु..." यसरी गरेका छन्।

\+ \+ \+

भक्तपुरका राजा रणजित् मल्लको राज्यक्षेत्रभित्र पर्ने पलाञ्चोकप्रदेश वि. सं. १८१६ मा शिवपुरी विजयपछि फौज पठाई पृथ्वीनारायण शाहले विजय गरे।

"शिवपुरी थाम्न लश्कर राखी अरू लश्कर नुवाकोट झिकी घेरा हाल्नलाई पूर्व नहानी भएन भनी पलाञ्चोक हान्नाको उद्योग गरी चौतरिया दलजित् शाह, काजी हर्ष्या पन्थ, कपरदार भद्र शाही, जेठाबूढा रामकृष्ण कुँवर, वीरभद्र थापा, नजिकी, द्वाञ्चा, थरघर, उमराउ, भूप्रतिमन अधिकारी र मान अधिकारी, सिराञ्चोक कुर्न बस्याका उमराउ भीमसेन थापालाई झिकी लश्कर साथ लाई पलाञ्चोक हान्न बिदा गरिबक्सनुभयो। पलाञ्चोकमा नेपालका लश्कर पनि ठूलो थियो। गोर्खाले ठूलो तयारी गरी पलाञ्चोकठानालाई किस्ता लाग्न्या गरी (प्रभाव पर्ने गरी) ठाना हाली बस्या। साइतमा ठाना च्यात्न जाँदा उमराउ भीमसेन थापा अघि सरी म बाघ भीमसेन थापा हुँ भनी हाँक दिई कुधा (मुढा)मा चढी तरवार हान्न जाँदा

---

कीर्तिपुरको पहिलो युद्धको दुइ वर्षपछि शिवपुरी विजय भएको हो भन्ने भाषावंशावलीको कथनबाट र पृथ्वीनारायण शाहले शिवपुरीमा आक्रमण गर्नाका निमित्त रणरुद्र शाह, भद्र शाह, जसकर्ण पाँडेहरूलाई वि. सं. १८१६ आषाढ १० गते लेखेको पत्रबाट पनि उक्त गणनाको मितिमा पुष्टि हुन्छ। यस कारण वि. सं. १८१६ आषाढ २१ गते आइतवार आषाढ शुक्ल सप्तमीका दिन शिवपुरी विजय भएको हो भन्ने कुरामा शङ्का छैन। यस कारण उक्त सैनिक इतिहासको मिति अशुद्ध हो। यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशका ५२१,८३६ पृष्ठमा गरिएको छ।

कपालमा तरवार, पेटमा गोली लागी उहीं खेत रह्या*। वैरीका पनि धेरै खेत रह्या। हाम्रा पनि केही खेत रह्या। वैरीको ठाना च्याती जित गोर्खाको भयो।"

(भाषावंशावलीबाट)

## ऐतिहासिक टिप्पणी–

नेपालखाल्डोलाई घेरा हाल्ने आफ्नो योजनाअनुसार पृथ्वीनारायण शाहले शिवपुरीविजयपछि लगत्तै नुवाकोटमा प्रशस्त फौजको प्रबन्ध गर्न लागे। यस वेला पश्चिमतिरको रक्षाको प्रबन्ध राम्रोसंग मिलाइसकेका हुनाले सिराञ्चोकको किल्लारक्षक भई बसेका (बाघ) भीमसेन थापा आदिलाई समेत बोलाई यस फौजमा सम्मिलित गराएका थिए। शिवपुरीदेखि पूर्वतिर नालबुम, महादेवपोखरी, भँवरकोट आदि प्रदेशहरूसम्म त वि. सं. १८११ देखि नै उनको अधीनमा भइसकेको थियो‡। त्यसदेखि पूर्वतिर पलाञ्चोकप्रदेश नै मुख्य थियो। यो प्रदेश पूर्व १ नं इलाकाभित्र काठमाडौंबाट १० कोस जति पूर्वतिर पर्दछ। त्यस कारण पृथ्वीनारायण शाहले यसवेला पलाञ्चोक विजय गर्नु आवश्यक संझी सोहीबमोजिम काम गरे।

पलाञ्चोक विजय भएको तिथिमिति यहाँ दिइएको छैन तापनि घटनाक्रमले वि. सं. १८१६ आषाढ २१ गते भएको शिवपुरी विजयपछि फौजको प्रबन्ध गरी पलाञ्चोकतर्फ हान्न पठाई विजय प्राप्त गरेको उल्लेख भएको हुनाले र पलाञ्चोकविजयपछि लगत्तै काभ्रेको किल्लामा आक्रमण गर्नाको निमित्त फौज पठाई सो किल्ला वि. सं. १८१६ माघ १ गते शुक्रवारका दिन विजय भएको तिथिमितिको समेत उल्लेख पाइएको हुनाले पनि वि. सं. १८१६ आषाढ २१ गतेभन्दा पछि माघ १ गतेभन्दा अघि पलाञ्चोक विजय भएको हो भन्ने कुरा निश्चय हुन्छ।

पलाञ्चोकविजयको चर्चा र उक्त विजयमा अधिसरा भई वीरतापूर्वक लड्दा वीरगति पाउने भीमसेन थापाको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ८३७–३८ पृष्ठमा पनि गरिएको छ।

(क्रमशः)

---

* वि. सं. १८६८ मा गीर्वाणयुद्धविक्रम शाहले बूढा अमरसिंह थापा र उनका छोराहरूलाई गरिदिएको लालमोहरमा यस्तो लेखिएको छ–

"आगे रञ्जै थापाको नाति भीमसेन थापाको छोरा वतन चोक अम्बरसिंह थापा"

(अमरसिंह थापाका वंशजबाट परम्पराबाट प्राप्त)

यताबाट बूढा अमरसिंह थापाका बाबु भीमसेन थापा देखिन्छन्। पलाञ्चोकमा लडी वीरगति पाउने यी भीमसेन थापा बूढा अमरसिंह थापाकै बाबु हुन् भन्ने देखिन्छ। सूर्यविक्रम ज्ञवाली-विरचित "अमरसिंह थापा" को २–३ पृष्ठमा "बूढा अमरसिंहका बाबु भीमसेन थापा पलाञ्चोकको युद्धमा मारिए" भन्ने उल्लेख गरिएको छ।

‡ पूर्णिमा ५ पूर्णाङ्कका ४३–४४ तथा ४६–४७ पृष्ठ हेर्नुहोस्।

( क्रमागत )

# वीर भक्ति थापा

—महेशराज पन्त

वि. सं. १८५१ को पजनीमा सुब्बा भक्ति थापा बढुवा भई सरदार भए। वि. सं. १८५१ को असारमा काठमाडौं आई महाराजाधिराजको दर्शन गरेको महीना दिनपछि उनलाई कुमाउको शासक पदमा नियुक्त गरियो ÷ ।

कुमाउको शासक नियुक्त भएका भक्ति थापाले चेपे मर्स्याङ्दीपश्चिमका प्रदेशका अखितयार पाएका थिए। ती प्रदेशका सरकारिया पदमा बहाल रहेका र बहाल नरहेका सैनिक अधिकारीहरूलाई आफ्नो फौज र हातहतियार लिई भक्ति थापासँग कुमाउ जाने आदेश नेपालसरकारले दिएको थियो भन्ने कुरा तलका २ पत्रबाट बुझिन्छ—

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे चेप्या मर्स्यांदिपश्चिमका ढाक्या उमराप्रति
कुमाउँ जानाकन सर्दार भक्ति थापालाई बिदा गराई पठाञ्. तिमिहरुको बरदास्ति सर्दारहरुबाट हुन्याछ. आफनु दलबल लि षातिरजामासित ▣ सर्दारका साथ कुमाउ जाउ.
ईति सम्वत् १८५१ साल श्रावण शुदि १० रो ४+ शुभम्

मार्फत् दामोदर पाँडे

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का
आगे चेप्या मर्स्यादिपश्चिमका जागिया उमराप्रति
कुमाउ जानाकन सर्दार भक्ति थापालाई बिदा गराई पठाञ्. मोहोर देषत ❁ पंजनिमा लेषायाको आफ्नु दलबल हतियार धना‡ बंदुकसमेत लि सर्दारका साथ जाउ. पंजनिमा लेष्यामाफिकको

---

÷ उप्रान्त मेहरले सर्दारिको पगरि बक्सनुभयोथ्यो. दर्सन गऱ्याका महिना दिनपछि कुमाउँ जा भनी मर्जि हुदा कुमाउँ बाकलो र बलियो हुन्या र ढुंगाको सप्रन्या कुरा बुझ्याको बिन्ति गऱ्याँथ्याँ मर्स्याङदिपश्चिमको पँजनि र गर्न्या काजको सवाल बक्सनुभयोथ्यो. सिर चह्राई आयाँथ्याँ.

(हिमवत्संस्कृति ३ अङ्क ७–९ पृष्ठमा छापिएको वि. सं. १८५२ श्रावण शुदि ८ रोज ६ (साउन १२ गते शुक्रवार ) मा रणबहादुर शाहले भक्ति थापालाई लेखेको पत्रबाट। )

▣ षातिरजामासित = विश्वासपूर्वक। + श्रावण शुदि १० रोज ४ = साउन २५ गते बुधवार। ❁ मोहोर देषत = लालमोहर देख्नेबित्तिकै। ‡ धना = धनु।

दलबल कुमाउमा जो पुरचावँनौ. सो अप्सरिया≡ हौला.

ईति सम्वत् १८५१ साल श्रावण शुदि १० रोज ४† शुभम् ।

मार्फत् दामोदर पाँडे"

(हिमवत्संस्कृति ३ अङ्क ६ पृ.)

नुवाकोट दार्मा आदि राज्यका अधिकारीहरूलाई भक्ति थापाको खटनमा चल्ने आदेश नेपालसरकारले दिएको थियो भन्ने कुरा तलको पत्रबाट बुझिन्छ–

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे नवांकोट दार्मा जाहारि दुल्लु दैलेष गोताम् आठबिस् बांकि अछाम्का सुबा सुबेदार ऊमराप्रति

कुमाउं जानाकन सर्दार भक्ति थापालाई बिदा गराई पठाञु. सर्दारहरु ताहा पुग्यापछि इनहरुले भन्यामाफिक गर. गौंडा बनाउ. चाजामा चल. सर्दारहरुले अह्रायाका चाजामा नचल्या अप्सरिया हौला.

ईति सम्वत् १८५१ साल श्रावण शुदि १० रोज ४* शुभम.

मार्फत् दामोदर पाँडे"

(हिमवत्संस्कृति ३ अङ्क ६ पृ.)

प्युठाना र जुम्ला छोडी मर्स्याङ्दीपश्चिमका कुमाउंसम्मका सम्पूर्ण प्रदेशको पजनीको अख्तियार कुमाउका शासक भक्ति थापाले पाए । मर्स्याङ्दीपश्चिमका रजौटाहरूलाई अबदेखि भक्ति थापाको खटनमा चल्नु पर्ने भयो । विद्रोहीहरूको बिराम हेरी उनीहरूलाई मुड्ने, काट्ने, थुन्ने, जरीमाना गर्ने अधिकार भक्ति थापाको हातमा आयो । विदेशसँग सन्धि विग्रह गर्ने अधिकार पनि भक्ति थापाले पाए ।

नेपालले कुमाउ जितेपछि कुमाउका शासकहरू अवधका नवाबको आश्रयमा गई कुमाउको तराई किलपुरीमा बस्न गएका थिए ।

कुमाउको मुकाम अलमोडाबाट २० कोसको मात्र फरकमा रहेको किलपुरीमा कुमाउका हरुवा शासक गई बसेकाले उनीहरूबाट आफ्नो सरहदमा खतरा आउन सक्ने डर भएकोले नेपालले किलपुरी कब्जा गर्ने विचार गरेको थियो ।

तर अवधको आश्रयमा रहेको۞ किलपुरी कब्जा गर्दा नवाबसँग पनि झगडा पर्ने हुनाले किलपुरी दखल गरिहाल्न पनि नेपालको आँट पुगेको थिएन ।

यस कारण नवाबसँग विरोध नपर्ने भए मात्र किलपुरी दखल गर्नू भनी भक्ति थापालाई नेपालसरकारले अह्राई पठाएको थियो ।

---

≡ अप्सरिया = विद्रोही । † श्रावण शुदि १० रो ४ = साउन २५ गते बुधवार ।

* श्रावण शुदि १० रोज ४ = साउन २५ गते बुधवार ।

۞ पूर्णिमा ५ अङ्क ५५ पृ.।

यो कुरा तलको पत्रबाट थाहा पाइन्छन्—

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

आगे सर्दारभक्ति थापाके कुमाउ जाई गर्न्या कुराको सवाल लेखिबक्स्यौं—

१ सवाल. चेप्या मर्स्यांदीपश्चिमका जागिरचा ढाक्या ली कुमाउ जानु. मर्स्यांदीपश्चिमको पजनी बक्स्यौं. श्रीपञ्चमीका दिनदेषि पजनी गर्नु. प्युठाना जुम्लाबाहीक.

२ सवाल. पजनी गर्दा केही काजका चाजो गर्दा सर्दार सुबा बसी मानीस जाचि हालनु.

३ सवाल. सुबा सुबेदारले बुझ्याको सर्दारलाई भंनु. सर्दारले पनि मतोमा राखनु. सर्दारका चाजामा चलनु. कुमाउको पजनी सुबाले गर्दा सर्दारका मतले गर्नु. कंपनीको पजनी सुबेदारले गर्दा सर्दारका सल्लाहैसंग गर्नु.

४ सवाल. कुलषेल★ गरी हाम्रा बिगार्नामा पसन्यालाई पंच बसाई न्यानीरोपन दी कायेल गरी मुडन्यालाई मुड्नु. तार्नामाफीकलाई तार्नु. काट्नामाफीककालाई काट्नु. डन्ड हुन्यालाई डन्ड गर्नु. बाधनामाफीकालाई बाधनु. बीराउमाफीकको सासना गर्नु.

५ सवाल. मर्स्यांदीपश्चिमका राजा राजा संगुताले+ सर्दारका चाजा चलनु. षटायाका ठाउमा बस्न जानु. कुल्हनु. गर्न्या नगर्न्याको चुकली बीन्ती सक्स्यौं.

६ सवाल. अलमुडामा गडी बनाउनु. जती कील्ला बाधी पक्का पर्छ. तीत्ती कील्ला बनाउ. सर्वत्र देस देसको षँबर महिना महीनामा दर्बारमा चोठीपत्र दाषीला गराउनु. मनासीपमाफीक खर्च गरयाका मन्जुर.

७ सवाल. जगाजगाका* राजा राजाका उकील❁ आउदा उनको हालहबीगत बुझी दर्बार्मा पठाउनामाफीकका ता दर्बारमा पठाउनु. उहीदेषि फर्काउनामाफीकका मानिसलाई ढुंगाको△ सप्रन्या हेरी जवाप दी पठाउनु.

८ सवाल. ढुंगामाथी कोही हरिप§ चर्डा आयाको दिन षर्च लाई पनी हरिफ हटाउनु. मोनासीफमाफीकको मोजरा❀ बक्स्योंला.

९ सवाल. जगाजगाका नदीमा साघु‡ पनी बनाउनु. बाटो बनाउनु. बाटामा चौठी नअडकुन्. जो मांदैन. काममाफीकको बीराउ हेरी सासना गरी बनाउ(नु). अन्यायले जाहाँका गाउ उजरयाका छन्. न्यानीरोपन दी बस्ती बसाउनु.

१० सवाल. कुल गर्न्यालाई बाह्र वर्षदेखी उभोकालाई काट्नु. कबी (ला)%लाई नमारनु. आफना आफना घर्बारीमा बसाईदीनु.

---

★ कुलषेल = विद्रोह । + सँगुता = सिर्तो तिर्ने राजा । * जगाजगाका = ठाउँठाउँका । ❁ उकील = दूत । △ ढुंगा = मुलुक । § हरिप = शत्रु । ❀मोजरा = मिह्ला । ‡ साघु = पुल । % कबीला = जहानबच्चा ।

११ सवाल. कुमाउको भोट बुझबुझ मनाउनु. केवलपुरीको काज गर्दा नवाफ नचम्कन्या भया बनाउन्या काम गर.

इती सम्वत् १८५१ साल मीती श्रावण शुदी १२ रोज ६❁ मुकाम कांतिपुर शुभम.

(हिमवत्संस्कृति ३ अङ्क ७ पृ.)

यति ठूलो प्रदेशको भक्ति थापाले पाएको यति ठूलो अधिकार उनले जीवनमा पाएको सबभन्दा ठूलो अधिकार थियो* । (क्रमशः)

*———*

❁ श्रावण शुदी १२ रोज ६ = साउन २७ गते शुक्रवार ।

श्रीसोमध्वज विष्टले यस वि यमा यस्तो लेख्नुभएको छ–

"सम्वत १८५१ वैसाष देषि गोर्खाको शासनको वागडोर श्री ५ रणबहादुरसाह आफैले सह्माले यीनै ताका कुमाउ आक्रमण गर्न सरदार भक्तिथापालाइ खटाइएको थियो । सम्वत १८५१ श्रावण १० गते मर्स्यादी पश्चिमको सबै क्षेत्रको जनता लाइ खबर गरी दिइ सरदार भक्तिथापाले लाएको काम गरी कुमाउ जानु न गएमा अवसरवादी ठहरीने छौ । सरदारसित साथ लागि हात हतियार वन्दुक सबै लिइ गई, गौडा बनाइ काम गर्नु भनि श्री ५ रणबहादुरसाहको लालमोहर पश्चिम नुवाकोट दार्मा जाहारी गोताम, दुल्लु दैलेख आठविस, अछामका सवै सुवेदार उमराउहरुलाइ गएको थियो । कुमाउ विजय गर्ने श्री ५ रणबहादुरसाहको ठूलो ईच्छा पैलेदेखि थियो।

त्यही साल श्रावण १२ गते सर्दार भक्तिथापालाइ काममा सानो–ठानो कुराले अल्झाउनु नपाउने गरी पूरा जिम्मेवारीको सैनिक आदेश (लालमोहर) दिइएको थियो । यही आदेश अनुसार कुमाउ विजय गर्न खटाइएको थियो ।

यीनको सेनाले ठीक एक वर्ष भित्रमा कुमाउ जित गरी आठ ठकुराइराज्यमा समेत धावा गरी सकेको थियो ।

(साही सैनिक इतिहास ६३ पृ.)

वि. सं. १८५१ साउनमा कुमाउ दखल गर्ने अख्तियार पाएका भक्ति थापाले यसको १ वर्षपछि कुमाउ जिते भन्ने विष्टज्यूको भनाइ देखिन्छ ।

वि. सं. १८४७ चैत ११ गते कुमाउ विजय भएको हो (पूर्णिमा ५ अङ्क ६० पृ.) । माथि उद्धरण गरिएको पत्रबाट भक्ति थापा कुमाउमा शासन गर्न गएका हुन्, विजय गर्न गएका होइनन् भन्ने कुरा खुलस्त बुझिन्छ । यस कारण वि. सं. १८५२ मा कुमाउ विजय भयो भन्ने विष्टज्यूको भनाइ अशुद्ध ठहर्छ ।

श्रावण शुदि १० लाई श्रावण १० गते, श्रावण शुदि १२ लाई श्रावण १२ गते भन्ने अर्थ गरी विष्टज्यूले अर्थको अनर्थ गर्नु भएको छ।

त्यस्तै अपसरियाको अर्थ अवसरवादी भनी उहाँले गर्नुभएको पनि ठीक होइन ।

* यति ठूलो अधिकार एउटै मानिसलाई दिनु राम्रो थिएन। भक्ति थापाले राम्ररी शासन गर्न पनि सकेनन् भन्ने कुरा तल आउने पत्रबाट बुझिन्छ।

नवजवान श्री ५ रणबहादुर शाहको अनुभवहीनताको यो एउटा उदाहरण हो ।

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

(वि. सं. १८१५–८८)

—दिनेशराज पन्त

रणबहादुर शाह काशीबाट फर्केपछि जुन नयाँ परिस्थिति कायम भयो, त्यसमा लक्ष्मीपतिले प्रवेश पाएनन् । आफूले पहिलेदेखि गरेर आएको राजज्योतिषी पदचाहिं उनको कायमै रह्यो । यो कुरा राजदरबारसंग सम्बन्ध भएका ज्यौतिषविषयक उनका लेखबाट थाहा पाइन्छ ।

रणबहादुर शाहले काशीबाट आएर वि. सं. १८६१ मा दुइ विवाह गरे । यो कुरा लक्ष्मीपतिको पात्रोबाट बुझिन्छ ‡—

वि. सं १८६१ वैशाख १५ गते वैशाख कृष्ण प्रतिपदा बुधबार श्रीस्वामिनो विवाहः घ. ७।१७
वि. सं. १८६१ फाल्गुन २६ गते फाल्गुन शुक्ल सप्तमी बृहस्पतिवार रात्रौ विवाहः १५।७स्वामिनः

काशीबाट फर्केपछि स्वामी महाराज रणबहादुर शाह केही काल सोझै राजकाजमा लागेनन् । उनका अनुयायी भीमसेन थापाहरूको देखरेखमा शासन चल्यो । तर रणबहादुर शाहको मन स्वामी महाराज भई बस्नुमा मात्रै सन्तुष्ट थिएन । यस कारण उनले सोझै राजकाजमा उत्रने विचार गरे। पहिले आफूले नै राज्य छोडेको हुनाले फेरि स्वयं राजा हुनुचाहिं राम्रो कुरा थिएन । यस कारण उनी सर्वाधिकारसम्पन्न मुख्तियार भई राजकाजमा उत्रे × । तर यो कामको राम्रो नतीजा निस्केन ।

वि. सं १८६३ वैशाख १४ गते काजी त्रिभुवनको घरमा कवहरी गरेर बसिरहेका रणबहादुर शाहलाई उनका भाइ शेरबहादुरले तरवारले हानी मारे। यस अवसरबाट विरोधीहरूलाई पन्छाउन समर्थ भएका हुनाले भीमसेन थापाको हातमा शासनाधिकार आयो* ।

वि. सं. १८६५ वैशाखमा श्री ५ गीर्वाणयुद्धविक्रमको ११ वर्षको उमेरमा व्रतबन्ध तथा विवाह भयो । लक्ष्मीपतिको हस्ताक्षर भएको व्रतबन्ध विवाहको लगन लेखेको सक्कल कागत पाइएको छ। सो यस प्रकारको छ—

---

‡ यस लेखमा उपयोग गरिएका पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका हुन् ।

× चित्तरञ्जन नेपालीको "जनरल भीमसेन थापा र तत्कालीन नेपाल"को ११ पृष्ठ हेर्नुहोस् ।

* पूर्णिमा २ अङ्कका ७२–७३ पृष्ठ हेर्नुहोस् ।

श्रीगुरुगणेशाभ्यान्नमः

स्वस्तिश्रीमन्मङ्गलमूर्तये गणपतये सिद्धिविनायकाय नमः ॥ ॥

सद्विलासकलगर्जनशीलशुण्डिकावलयकृतप्रतिवेलम् ॥

अस्तु वः कलितभालतलेन्दुर्मङ्गलाय किल मङ्गलमूर्तिः ॥

स्वस्तिश्रीसंवत् १८६५ अथ सौरमानाद्वैशाखमासदिन २३ गते भौमवासरे सूर्योदयाद्दिनगतघटी ६ पलेषु ९ पूर्वाभिमुखो भूत्वा पूर्वाङ्ग श्रीगणेशपूजा मातृकापूजा आभ्युदयिकश्राद्धः पुण्याहवाचनं च शुभं. तस्मिन्नेव दिने सूर्योदयाद्दिनगतघटी २८ पलेषु ५७ उपनयनग्रहशान्तिवेदिकानिर्माणम्.

पुनर्वैशाखमासदिन २४ गते बुधवासरे सूर्योदयाद्दिनगतघटी ७ पलेषु २१ मिथुनलग्ने धनुरंशके पूर्वाभिमुखो भूत्वा श्रीगणेशं सम्पूज्य वस्त्रछेदनं सूचीकर्म च. धान्यपत्रदधिमत्स्येक्षुशाकमंगलमृत्तिकाऽऽहरणादिविविधमंगलकर्मारंभः शुभः. तस्मिन्नेव समये यज्ञोपवीतनिर्माणम्.

पुनर्वैशाखमासदिन २५ गते बृहस्पतिवासरे सूर्योदयाद्दिनगतघटी ५ पलेषु ५३ चतुर्वर्गशुद्धे तुलांशे मिथुनलग्ने चूडाकरणम्. तत्प्रागेव तारायै सैन्धवं तिलसुवर्णदानम्. नाडीनक्षत्राय गोसुवर्णदानम्. अवमर्क्षाय गोसुवर्णमृगमांसदानम्. लग्नतः १२ केतुभ्यः भावात् १२ भौमार्काभ्यान्च दानम्. गोचरात्. १ बृहस्पतये च दानम्. पुनस्तद्दिने सूर्योदयाद्दिनगतघटी ८ पलेषु ४३ मिथुनलग्ने कर्कहोरायां तुलाद्दृगाणे मीननवांशके धनुर्द्वादशांशके धनुस्त्रिंशांशे षड्वर्गशुद्धे लग्ने उपनयनम्. गायत्रीदानम्. तत्प्रागेव तारायै नाडीनक्षत्राय अवमनक्षत्राय लग्नात् भावाच्च १२ केतुभ्यः सामान्यलग्नतः ५ शनये जन्मवर्षमासगोचरदशान्तर्दशादितो नवग्रहेभ्यो योगिनीभ्यश्च दानम्. अन्येभ्यश्च यथाशक्ति यथारुचि दानम्. शुभम्भवतु सुतराम्.

अथ स्वस्तिश्रीवैशाखमासदिन २६ गते शुक्रवासरे सूर्योदयाद्दिनगतघटी ८ पलेषु ३३ मिथुनलग्ने कर्कहोरायां तुलाद्रेष्काणे मीनांशके धनुर्द्वादशांशके धनुस्त्रिंशांशे षड्वर्गशुद्धे लग्नेऽमृतवेलायाम् श्रीवधूवरयोः स्वगृह्योक्तविधिना विवाहः शुभः। तल्लग्नात् १२ केतुभ्यो दानम्. सामान्यलग्नतः ५ शनये दानम्. गोचरात् १ बृहस्पतये दानम्. अन्येभ्योऽपि ग्रहेभ्यो लग्नभावपंचाङ्गानुसारतो दानानि विधेयानि. शुभम्भवतु लग्नपत्रोपतेः सुतराम्.

(पछिल्तिर)

श्री ५ मद्रराणामियं व्रतविवाहपत्री विविधमंगलदायिका भवतु.%

[ श्रीगुरु र गणेशलाई नमस्कार

स्वस्तिश्रीमङ्गलमूर्त्ति सिद्धिविनायक गणेशलाई नमस्कार ।

राम्रो ढाँचाकाँचा भएका, राम्रो गर्जाइ भएका, छिनछिनमा सूँड घुमाउरो पान भएका, निधारमा चन्द्रमा भएका, मङ्गलमूर्त्ति श्रीगणेशले यहाँको मङ्गल गरून् ।

---

%काम सिद्धिएपछि संझौटोको लागि सानो अक्षरमा "गीर्वाणयुद्धस्य विवाहपत्रम्" भनी पछिल्तिर लेखिएको छ ।

वि. सं. १८६५ सौरमानले वैशाख २३ गते मङ्गलवार सूर्योदय भएपछि ६ घडी ९ पला जाँदा पूर्वतिर फर्केर पूर्वाङ्ग श्रीगणेशपूजा मातृकापूजा आभ्युदयिकश्राद्ध पुण्याहवाचन गर्ने साइत छ । त्यही दिन सूर्योदय भएपछि २८ घडी ५७ पला जाँदा व्रतबन्धको ग्रहशान्तिको वेदी बनाउने साइत छ ।

फेरि वैशाख २४ गते बुधवार सूर्योदय भएपछि ७ घडी २१ पला जाँदा मिथुनलग्नमा धनुनवांशमा पूर्वतिर फर्केर श्रीगणेशको पूजा गरेर कपडा काट्ने र सिउने साइत छ । धान, पात, दही, माछा, उखु, साग, चोखोमाटो ल्याउने आदि मङ्गल कर्म थाल्ने साइत छ । त्यही समयमा जनै बनाउने साइत छ ।

फेरि वैशाख २५ गते बृहस्पतिवार सूर्योदय भएपछि ५ घडी ५३ पला जाँदा चतुर्वर्ग शुद्ध भएको मिथुनलग्नको तुलानवांशमा चूडा गर्ने साइत छ । त्योभन्दा पहिले नै ताराको दोष हटाउनाको लागि सिंधे नून, तिल, सुन दान गर्नु बढिया छ । नाडीनक्षत्रको दोष हटाउनाको लागि गाई, सुन दान गर्नु बढिया छ । अवम (टुटेको) नक्षत्रको दोष हटाउनाको लागि गाई, सुन, मृगको मासु दान गर्नु बढिया छ । लग्नबाट द्वादशस्थानमा रहेका केतुको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । भावबाट द्वादशस्थानमा रहेका मङ्गल र सूर्यको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । गोचरबाट प्रथमस्थानमा रहेका बृहस्पतिको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । फेरि त्यही दिनमा सूर्योदय भएपछि ८ घडी ४३ पला जाँदा षड्वर्ग शुद्ध भएको मिथुनलग्नको कर्कटहोरामा, तुलाद्रेष्काणमा, मीननवांशमा, धनुद्वादशांशमा धनुत्रिंशांशमा व्रतबन्ध, गायत्रीदान गर्ने साइत छ । त्योभन्दा पहिले नै ताराको, नाडीनक्षत्रको, अवमनक्षत्रको, लग्नबाट र भावबाट द्वादशस्थानमा रहेका केतुको, सामान्यलग्नबाट पञ्चमस्थानमा रहेका शनैश्चरको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । जन्म, वर्ष, महीना, गोचरदशा, अन्तर्दशा आदिबाट नवग्रह र योगिनीहरूको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । अरूहरूको दोष हटाउनाको लागि यथाशक्ति यथारुचि दान गर्नु बढिया छ । ज्यादै असल होओस् ।

अनि वैशाख २६ गते शुक्रवारमा सूर्योदय भएपछि ८ घडी ३३ पला जाँदा षड्वर्ग शुद्ध भएको मिथुनलग्नको कर्कटहोरामा, तुलाद्रेष्काणमा, मीननवांशमा, धनुद्वादशांशमा, धनुत्रिंशांशमा, अमृतवेलामा दुलहा दुलहीको आफ्नो गृहसूत्रमा बताएको रीतिस्थितिबमोजिम विवाह गर्ने साइत छ । लग्नबाट द्वादशस्थानमा रहेका केतुको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । सामान्यलग्नबाट पञ्चमस्थानमा रहेका शनैश्चरको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । गोचरबाट प्रथमस्थानमा रहेका बृहस्पतिको दोष हटाउनाको लागि दान गर्नु बढिया छ । अरू ग्रहहरूको दोष हटाउनाको लागि लग्न भाव पञ्चाङ्गअनुसार दान गर्नु बढिया छ । लग्नपत्रका मालिकको ज्यादै असल होओस् ।

(पछिल्तिर)

श्री ५ को यो व्रतबन्ध, विवाहको कागत ज्यादै शुभ गर्ने होओस् । ]

वि. सं. १८६८ मा विधिपूर्वक शासनसम्बन्धी सर्वाधिकार भीमसेन थापाको हातमा आयो। त्यस अवसरमा अरूभन्दा आफ्नो विशिष्ट स्थान देखाउन उनी जनरल बने% ।

यसको ३ वर्षपछि नेपाल–अंग्रेजयुद्ध भयो ।

नेपाल–अंग्रेजयुध्दको नालापानीयुद्धसंबन्धी केही कुरा लक्ष्मीपतिले टिपिराखेका छन्× —

संवत् १८७१

आसिन सुदि ७ रोजमा+ हांम्रो जगा षुस्यालपुरमा आयो. वांहांबाट उठि ए सुदि ९ का दिन* देहरामा आयो. वांहांबाट उठि ए सुदि ११ का दिन❁ नालापानी हांम्रा किल्लामा कपतान वलभद्र कवर थिया. उनसंग जोरि ६ घरि दिन चढदा↘ दोहरा वन्दुक तोप चलेछ. वैरिका गोलि छर्राले ९ जना षेत रह्या★. हांम्रालाइ दुइ जनालाइ छर्राको घा‡ लागेछ. वैरि हटि देहरै गयेछ.

कर्णेल मानि÷ साहेब बहादुर

कार्त्तिक वदि २ का दिन❀ घरी ४ बाकी छदा± झोकन आयाको.

येही वदी ३ का§ ब्याहान नगराका वषतदेखि† चारैतरफबाट सोहरा लाई& कुधा卐 समाति भरचाङ् लायो.

पुसका २४ दिने बुधबार राती सपहीका विकट् काटयाछन्.▣

त्यसै गरी उनले वारा पर्साको लडाइंसंबन्धी कुरा पनि टिपोट गरिराखेका छन्▨ —

कार्त्तिक सुदि १३ रोज ६ अश्विनी ▱ प्रातः बारामा आयाको.

---

% "जनरल भीमसेन थापा र तत्कालीन नेपाल" का २२,२६३ पृष्ठ हेर्नुहोस् ।

× यसको केही अंश पूर्णिमा १ अङ्क ४८ पृष्ठ, ३ अङ्क ५९ पृष्ठमा प्रकाशित भएको छ ।

+ आसिन सुदि ७ रोजमा = कार्तिक ६ गते । *ए सुदि ९ = कार्तिक ८ गते । ❁ए सुदि ११ = कार्तिक १० गते । ↘६ घरि दिन चढदा = बिहानको साढे आठ बजेतिर । ★ षेत रह्या = मरे । ‡ घा = घाउ । ÷ मानि = माबी । ❀ कार्तिक वदि २ = कार्तिक १६ गते । ± घरी ४ बाकी छदा = दिनको साढे ३ बजे । § येही वदी ३ = कार्तिक १७ गते । † ब्याहान नगराका वषतदेषि = बिहान सबेरैदेखि । & सोहरा लाई = कराई । 卐 कुधा = मूढा ।

▣ यसले कुन कुरालाई सङ्केत गरेको हो, अहिले केही बुझ्न सकिएन ।

▨ यसको केही अंश पूर्णिमा ६ अङ्कको ७१ पृष्ठमा छापिएको छ ।

▱ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७१ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| मार्ग | १२ | शुक्र | त्रयोदशी | ३४ । ५४ | अश्विनी | १५ । ५४ |

(पात्रोबाट)

मेजर बराट् साहेब | हियर | सुदर्शन्
 | बालुन् | डिब्बु
 | नंन | धरम्

(एउटा टिपोटे कागतबाट)

वि. सं. १८७१ पौष १९ गते पौष कृष्ण पञ्चमी शनिवार — रात्रिशेषघटी ६*बाराका मुखमा काटी हटायाको

वि. सं. १८७१ पौष १८ गते पौष कृष्ण चौथी शुक्रवार — रा. घ. १८‡यात्रा युद्धार्थम. फत्य पर्सा उषःकाले❀

(पात्रोबाट)

यसै गरी उनले बुटौलको लडाइँसम्बन्धी कुरा पनि टिपेका छन्—

वि. सं. १८७१ पौष २२ गते पौष कृष्ण अष्टमी मङ्गलवार — बुटौलमा लडाइ भै हटायाको.

(पात्रोबाट)

यस युद्धमा मकवानपुरको सुरक्षाको लागि रणवीरसिंह थापा आदि केही भारादारहरू मकवानपुर खटिई गएका थिए । यो कुरा लक्ष्मीपतिले यसरी टिपेका छन् + —

वि. सं. १८७१ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी | पला | |
|---|---|---|---|---|---|---|
| मार्ग | १३ | शनैश्चर | चतुर्दशी | ३१। | ५० | मीनलग्ने दक्षिणस्यां कर्णालादिनां यात्रा. |

(पात्रोबाट)

नेपाल–अंग्रेजयुद्धताका हार जित कसको के कस्तो हुन्छ भन्ने कुरा लक्ष्मीपति र उनका सहायकहरूले ज्यौतिषको आधारमा विचार गरेका थिए । त्यसमा नेपाल–अंग्रेजयुद्धसँग सम्बन्ध राख्ने मानिस तथा ठाउँको कोष्ठकसमेत बनाई विचार गरिएको छ । तिनको सारांश यस प्रकार छ—

रणजितसिं, बङ्गसिं, लाहोर, अमरसहर

रणजीतसिंहसग फिरंगीको तकार पर्छ. प्रीति रहदैन. जीत रणजीतसिंहको देषीछ. विळबले मंसीरदेषी पुढो योग देषिछ.

रणधिरसिं, भरतपूर

आज मिलापै जस्तो छ. पछि मिलाप नभै युद्धको योग छ. मुहडामा जय रणधीरसिंहको देषिछ. पछि फिरंगीले पाउछ.

---

* रात्रिशेषघटी ६ = राती ४।। बजे । ‡ रा. घ. १८ = राती १२।। बजे । ❀ लडाईंको लागि यात्रा भयो । बिहान पर्सामा जित भयो ।

+ यो पूर्णिमा ७ अङ्कको ७८ पृष्ठमा छापिएको छ ।

गाजिउद्दिन् हैदर बाहादुर, लखनौ
मध्यम प्रीति छ. युद्धयोग पर्दैन.
दौलथराव, ग्वालियर
येस्को फिरंगीसग मीलाप् देखिछ. भेद छैन.
नेपाल, कांतिपूर

नेपालमा फिरंगी रहंछ. तकारले पछि उठन्या देखिंछ. साल साल तकार यत्कींचित् बढ्दो जान्या बिचारमा देखिंछ. यो भूमि किंचित् युद्धको इच्छा गर्दछ. वर्ष १ पछि युद्ध हुंछ. जय त नेपालको देखिन्छ मुड्डामा.

गोर्खा, इंगिलिस, खेडा, कालिकुमाऊ, पीटरागढि, मोरनी, धुरनी, जुनिजागढ, जेउत्यागढ, नालापानी, नाहन, लंगुरगढ, लालमडी, गढवाल, लोभागढ, हुन्, श्रीनगर, श्रीमोड, बाघल, अळमोडा, अर्की, बेसर, कुमाऊ

रणवीर, दलभञ्जन, वक्तसिंह, वीरकेसर, प्राण साह, भक्ति थापा, अमरसिंह थापा, वीरभद्र कुवर, रंगनाथ, भकतीर, भीमसेन, रगध्वज, रणवीर, रणउद्योत, समसेर, समरसेर, बख्तावरसिंह, वजीरसिंह, ज्यान साह

अखतरलोनी, फरीजन्, रावट्, कलोइन, हियर् साहेब, वालु साहेब, नंन साहेब, सुदर्शन साहेब, डिब्बु साहेब, धरम, वराट् साहेब

यस बेलाको नेपालको राजनीतिसंग लक्ष्मीपतिको सोझै सम्बन्धथिएन तापनि उनी राजज्योतिषीपदमा रहेका हुनाले लडाइँको साइतहरूको विषयमा उनीसँग सोधपुछ अवश्य हुन्थ्यो। त्यसैका लागि उनले यो विचार गरेको देखिन्छ।

भीमसेन थापाले लक्ष्मीपतिलाई विशेष अनुग्रह गरेका थिएनन् तापनि झारा, बेठबेगार इत्यादि उनलाई माफ गरिदिएका थिए भन्ने कुरा तलका पत्रबाट बुझिन्छन्—

स्वस्तिश्रीसुबेदार दलबारकस्य पत्रम्

आगे ६ हजार लामाडाडामा झारा÷ गर्न जान्या हुद्दा सिपाहिहरुके यथोचित्. उप्रान्त षरिदार लक्षिमपति पाडेका बिर्ता भिर्पानीको मानषु देउरालिको डाडागाउमा सर्वांक माफ❀ गरिबक्सनुभयाको छ. अघी पनि झारा बेठबेगार★ केहि लाग्याको छैन. आज पनि झारा नलाउ. छाडीदेउ. इति सम्वत् १८६८ साल मार्गशिर शुदि ३ रोज २ ❁शुभम्.

---

÷ झारा = सरकारतर्फबाट बेदाममा दुनियाँसँग लिइने हारगुहार। ❀ सर्वांक भाग = कुनै किसिमको रकम पनि नलाग्ने। ★ बेठबेगार = ज्यालाविना खेताला जानुपर्ने।

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६८ मार्ग शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| मार्ग ५ | सोम | द्वितीया | ७।४० |

(पात्रोबाट)

द्वितीयाको घडी ७।४० उप्रान्त तृतीया लागेको देखिन्छ।

स्वस्तिश्रीजनरल भीमसेन थापा श्रीकाजि रणध्वज थापाकस्य पत्रम्.

आगे नेपाल पाहाडमा गादि × उघाउन ➝ जान्या जनहरुके यथोचित. उप्रान्त लक्ष्मीपति पाँडेको काठमाडौं चांगु थाङ्कोट बडेगाउ मानषु देउराली नयाकोटका * बित्तां गाउ घडचारीमा ‡ गादिममारष ▱ माफ छ. छाडिदेउ. तकार ↑ नगर. लियाको भया फित्तां गरीदेउ. इति संवत् १८७४ साल मिति श्रावण बदि ६ रो. ६ शुभम्.

वि. सं. १८७५ मा लक्ष्मीपति ६० वर्ष पूरा भए । त्यसताका पुगिसरी आएका व्यक्तिहरू विशेष गरी पण्डितहरू बुढेसकालमा काशीवास गर्न जान्थे । यसैले लक्ष्मीपतिले पनि काशीवास जाने विचार गरे । आफू गएपछि छोराहरूमा कलह नहोस् भन्नाका लागि उनले आवश्यक बन्दोबस्त गरिदिए । यो कुरा तलको पत्रबाट बुझिन्छ—

श्रीगुरुगणेशाभ्यान्नमः%

सत्येयम्मदीयाज्ञापत्री卐

स्वस्तिश्रीसंवत् १८७५ श्रीशाके १७४० साल मार्गशीर्ष सुदि १५ रोज ७❁ लिखितं श्रीपाँडे इत्युपनामकश्रीलक्ष्मीपतिशर्मणा +

आगे. संवत् १८६२ सालमा २ सौताको अंश गरी पर सारिदियाका दिनदेषि △ आजतक् मैले कमायाको षेतबाहिक् नगदी जिनिसी जो छ. त्यो सभ औ प्राणनाथका ÷ अंशको उसले कमायाको नगद जिनिस् जो छ. त्यो सभ रतीरती हिसाब गरी लीकन आप्ना चित्तमा धर्म गर्न आयामाफिक् दान धर्म गरी जो रह्याको सभ उठाइ श्रीकाशीवास गर्न गञ्याँ. मेरो प्राणनाथको

---

× गादि = राज्याभिषेकमा लाग्ने कर । ➝ उघाउन = उठाउन । * नयाकोट = नुवाकोट । ‡ घडचारी = घरले चर्चेका जग्गा । ▱ गादिममारष = राज्याभिषेकमा लाग्ने कर । ↑ तकार = झगडा ।
% श्रीगुरु र गणेशलाई नमस्कार । 卐 मेरो यो आज्ञापत्र साँचो हो ।

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८७५ मार्ग शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| मार्ग २९ | शनैश्चर | पूर्णिमा | ३४ । ४१ |

(पात्रोबाट)

+ श्रीलक्ष्मीपति शर्मा पाँडेले यो लेखेको हो ।

△ वि. सं. १८६२ मा अंश छुटयाई गरिदिएको कागत पनि पाइएको छ । सो पछि प्रकाश गरिनेछ ।

÷ प्राणनाथ = लक्ष्मीपतिका काहिला छोरा ।

धन रह्याको छ भनी मैले छोराहरुसंग तक्रार नगर्नु. पिता जानी आप्ना ज्ञानले प्रतिवर्ष जो दिया सो लिनु भनी आप्ना धुसीराजीले अब रह्याका छोरा रंगनाथ पाँडे लीलानाथ पाँडे जीवनाथ पाँडेलाइ फारक ∠ लेखोदिञ्यां. मेरो शेषपछि बाबुको संपत्ति प्राणनायको सम्पत्ति तेरा पेटमा रह्याको छ भनी तिमी तिन् भाई आपसीमा जो भाइ जस् भाईसंग तक्रार गरोस्. सो झूठा. जो एस् धर्मवन्धे(ज)मा रहि मेरो आज्ञा प्रतिपाल गर्ला. सो सच्चा. तस्लाई श्रीइष्टदेवकुल-देवप्रपितामहादिसकलपितृवर्ग उत्तरोत्तर हर्षाभ्युदय गर्नन्. जो एस्मा चूक्ला. तस्लाइ गुर्वाज्ञाभंगको फलपाकभोग दिउन्. एस् बातका साक्षी

सूर्योग्निः ख मरुद्गावः सोमसंध्याहनी दिशः
कं कुः कालो धर्म इति देह्योते कर्मसाक्षिणः +
शुभम्भवतु सत्यपालकानाम्×

यसपछि वि. सं. १८७५ पौष १ गते लक्ष्मीपति जेठी पत्नीका साथ काशीतिर गए। यो कुरा उनका माहिला छोरा लीलानाथले टिपेको तलको वाक्यबाट बुझिन्छ—

वि. सं. १८७५ पौष १ गते पौष कृष्ण द्वितीया सोमवार ल. ५/१७ ❁ रा. ग. घ. २०/३ ❀ यात्रा.
श्रीपितृचरणयो: काशियात्रा §
(पात्रोबाट)

काशीमा गएपछि लक्ष्मीपति त्यहाँ ईश्वरभजन मात्रै गरी वा चूप लागेर बसेनन्, आफ्नो आदतअनुसार बढी दत्तचित्त भई विद्यामा लागे। यो कुरा उनले त्यस बेला रचना गरेका र सारेका पुस्तकहरूबाट बुझ्न सकिन्छ*। ज्यौतिषविषयको काम उनी काशीमा बसेर पनि गरिरहन्थे।

वि. सं. १८८६ आश्विन २० गते श्री ५ राजेन्द्रविक्रमका छोरा श्री ५ सुरेन्द्रविक्रमको जन्म भएको थियो। लक्ष्मीपतिले काशीमा लेखेको सुरेन्द्रविक्रमको चिना पाइएको छ। त्यसको केही अंश यस प्रकारको छ–

गणपोमेशरमेशभैरवाद्या युवराजेन्द्रसुरेन्द्रविक्रमस्य।
सुखमायुस्तनयर्द्धिराज्यलक्ष्मीः प्रदिशंत्वाशु सदैव तु(ष्टियुक्ता) ।।३।।

स्वस्तिश्रीसंवत् १८८६ शाके १७५१ आश्विनशुक्ल ६ रवौ घटयः १७।२९ ज्येष्ठानक्षत्रघटयः १२।७ सौभाग्ययोगघटयः २९।५९ तात्कालिके सप्तमीतिथौ नैकषेयभे गरकरणे दिनावशेषपलेषु

∠ फारक् = मैले बुझ्नुपर्ने कुरा बुझिलिएँ भनी गरिदिइएको कागत।

+ सूर्य, अग्नि, आकाश, वायु, गाई, चन्द्र, संध्या, दिन, दिशा, पानी, पृथ्वी, समय, धर्म, आत्मा यी कामका साक्षी हुन्। × सत्यपालकहरूको असल होओस्।

❁ ल. ५/१७ = कन्यालग्नको सत्र अंश। ❀ रा. ग. घ. २/३° = रातको १ बजे। § बा आमा काशी जानुभयो।

* यी पुस्तकहरूको परिचय पुस्तकको प्रसङ्गमा पछि दिइनेछ।

४५ प्रादुर्भावसमयस्तत्कालार्कः ५।१९ चरं ०।१८ दिनार्द्ध १४।४२ दिनमानं २९।२५ अतः
सूर्योदयादगतघटीष्टकालः २८।३९ तत(काला)र्कः५।१९।२१।३५ गतिः५९।१३...लग्नं ११।१३।१७।८...

[गणेश, महादेव, विष्णु, भैरव आदिले खुशी भएर सधैं युवराजाधिराज सुरेन्द्रविक्रमलाई सुख, आयु, सन्तान, धनसम्पत्ति, राज्यलक्ष्मी दिऊन् ।

वि. सं. १८८६ शाके १७५१ आश्विन शुक्ल षष्ठी १७ घडी २९ पला, ज्येष्ठानक्षत्र १२ घडी ७ पला, सौभाग्ययोग २९ घडी ५९ पला, तात्कालिक सप्तमी तिथिमा, मूल नक्षत्रमा, गरकरणमा, दिन ४५ पला बाँकी भएमा, आदित्यवारमा❀ जन्म भयो । त्यस वेलाको सूर्य ५।१९, चर ०।१८, दिनार्द्ध १४।४२, दिनमान २९।२५, सूर्योदयदेखि २८ घडी २९ पला जाँदा इष्टकाल, तात्कालिक सूर्य ५।१९।२१।३५, सूर्यका गति ५९।१३... लग्न ११।१३।१७।८...]

वि. सं. १८८८ ज्येष्ठ ३ गते अक्षयतृतीयाका दिन लक्ष्मीपतिले १०८ ब्राह्मणलाई भोजन गराएका थिए । त्यस दिन खानपानमा केही तलमाथि हुंदा उनलाई दिसा लाग्यो र भोलि-पल्टदेखि रक्तातिसार (आउँ रगत) भयो । ज्येष्ठ १२ गतेका दिन त्यही रोगले पूरा ७३ वर्षको उमेरमा काशीमा लक्ष्मीपतिको मृत्यु भयो । यो कुरा तलका पत्रबाट बुझिन्छन्–

स्वस्तिश्रीसर्वोपमाजोग्यत्यादिश्रीश्रीश्रीश्रीश्रीश्रीमत्पितृचरणाब्जेषु श्रीप्रसादशर्मणोनतयः शतशो विलसन्तु. तत्रत्य स्वमत्र उभयो कुशलं चं.+

उप्रान्त त्रयोदश दिनांत कर्म समाप्त भयो. आजसम्म ताहाबाट केहि पत्र नआउदा पत्र पुकेन की हाम्राउपर दया रहिछ कि भन्या खेद भयाको छ. तसर्थ कृपापूर्वक पत्र पठाया जावोस्.

आगे अक्षय्यतृतीयाका† दिन ब्राह्मण १०८ लाई श्रीपितामहले बोलाई सान्न सद्रव्य पूजनपूर्वक दिनुभयो. तसै दिन भोजन अकालमा हुनाले दस्त भया✺. अर्का दिनदेषि कष्ट बहुत भै दस्त हुन लाग्या. रक्तातिसार भयो. अब ठर्हदिन भन्नुभयो र दशदानादिक पनी संपूर्ण गर्नुभयो. वैशाखशुदी १०का§ दिन तलला कोठाको माल श्रीपितामहले रुद्र लोहनी★ त पनी दुई जना गयी तलला

❀यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८६ आश्विन शुक्ल

| | गते | वार | तिथि | घडी | पला | नक्षत्र | घडी | पला | योग | घडी | पला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आश्विन | २० | आदित्य | षष्ठी | १७। | २९ | ज्येष्ठा | १२। | ७ | सौभाग्य | २९। | ५९ |

(पात्रोबाट)

+ सबै उपमा दिन लायक श्री ६ बुबा (काका लीलानाथ) कहाँ श्रीप्रसाद (लक्ष्मीपतिका माहिला छोरा रंगनाथका माहिला छोरा) को शयौं ढोगाइ पुगून् । हजुरलाई कुशल आनन्द भए हामी दुवैका कुशल होला ।

† अक्षय्यतृतीया = ज्येष्ठ ३ गते । ✺ दस्त भया = दिसा लाग्यो । § वैशाख शुदी १० = ज्येष्ठ १० गते । ★ रुद्र लोहनी = लक्ष्मीपतिका नातिनीजुवाईं । यिनी पछि राजज्योतिषी भएका थिए । वि. सं. १९४१ मा नेपालको सर्वप्रथम पञ्चाङ्ग छापिंदा रुद्र लोहनी पनि सो पञ्चाङ्गका काम गर्ने-मध्येमा एक जना थिए । (इतिहास–संशोधनको प्रमाणप्रमेयको उपोद्घातको ११ पृ॰ हेर्नुहोस् ।)

कोठाको नगद माल जो छ. सो ल्याउ भनी आज्ञा भयो र हामी २ गयी नगद माल हेर्दा प्याङ् १ पितलको डब्बा १ इ दुयी लि दुयि जना भयी पितामहका अगाडी राखिदिऱ्युं. खोल भनी आज्ञा भयो र खोलि हेर्दा भयाको माल पितामहले लेखिराख भनी आज्ञा भयो र उन्का अगाडीमा रुद्र लोहनीले लेख्याको माल.

नेपाली रुपया रू १८३
पुराना शिक्का रू २६
नया शिक्का रु ४०
पटना रुपया १७
कल्दार असर्फि† २ दर १९
सुनको गोपत्तो १
तिलहरीको गेडो १ मा २

यो लाग्याको बही दाम दाम कौडी कौडीको हिसाप लेखी राख्याको छ सो पछि बुझाउला.

वैशाखशुदी ११◉ का दिन पुस्तक् आपना बिराना* जो छन्. सो लेख भनी पितामहका अगाडीमा लेख्याको कागत् रुद्र लोहनीका पास थियो. उ कागत् ल्याउ. पुस्तक हेर्न भन्दा कागत मसित छैन भ(न) छन्. ऱ्याहां पुस्तक हरायाका छन्. त्यो पनि ताहिबाट विचाऱ्या जाओस्. घरको कबालापत्र+ पनी तेसै दिन रुद्रलायी दिनुभयो राखिदेउ भनीकन. पितामहका खान्या जगहमा भात खांछु. उन्का बैठकमा बस्दछु. पितामह खोजी आउन्यालाई समझमाफिक् उत्तर दिन्छु. सो देषुदा रुद्र लोहनी मेरो रिस गर्छन्. सो पनी विचाऱ्या जावोस्. म तपाईं दु जनाको चित्त बुझ्या हुंछ. एस्ता मानीससित बोल्नु मलाई नपरोस्. सोबात अत्ति गरी पठाया जावोस्. मलाई आउन बस्न जो आज्ञा हुंछ. सो सहि. भूमिदान नवाकोटको मुरी ६०★ डिहीस्मेत× रुद्र लोहनीलाई दिनुभयो. घरखेलका निमित्त अनेक अर्थ गर्छन्. सो तपाँ(ई)लाई भनी पत्र पठायाको होला. ऱ्याहा पनि धेरै खेल गर्छन्. सो बुझी काम गऱ्या जावोस्. पुस्तक-पत्रा जो भयाका भाँडा कपडा सभ मैले २।४ मानीस राखी सुद्धसांतिमा लाग्याका समेत् सब लेखी राख्याको छु. कोठामा ताळ्चा लाईराख्याको छु. सर्वथा पत्र चाडो पठाया जावोस्. बहु किं विज्ञप्तिः मिति ज्येष्ट शुदी १२ रोज ४§ शुभम्.

---

† कल्दार असर्फि = पुरानो मुसलमानी असर्फी। ◉ वैशाख शुदी ११ = ज्येष्ठ ११ गते।
* बिराना = अरूका।

+ वि. सं. १८८३ मा लक्ष्मीपतिले छोरा लीलानाथको नाममा काशीमा घर किनेका थिए। (पूर्णिमा ४ अङ्कका ५२–५३ पृष्ठ हेर्नुहोस्।)

★ मुरी ६० = १५ रोपनी। × डिही = पाखो जग्गा। [] ज्यादा के बिन्ति।

§ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८८ ज्येष्ठ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | १० | बुध | द्वादशी | २ | ४० |

(पात्रोबाट)

(छेउमा)

स्वस्ति श्री ३ देवरकेषु वँह्नि २ सपुत्र सबके आशीष.

संवत् १८८८ साल मिति वैशाख शुदी द्वादशी १२ रो. २❁ मा पितामहको परलोक हुदा उन्का मालको तप्सील्

वैशाख शुदी १० रोज ७★मा पितामहले रुद्र लोहनी त पनी दुई जना गयो तल्ला कोठाको माल ल्याउ भनी आज्ञा भयो र हामी २ गयौ प्याङ १ पितलको डब्बा १ इ दुयी ली दुई जना भयी पितामहका अगाडी राखिदिञ्यु. खोल भनी आज्ञा भयो र खोली हेर्दामा भयाको माल उन्का अगाडीमा लेख्याको तप्सील्

| | |
|---|---|
| नेपाली रुपया १८३ | सुनको गोपलर २ तो १ |
| पटना रुपया १७ | तिलहरीको गेडो १ मा २ |
| पुराना शिक्का रू २६ | वलय कर्णालङ्कार ग्रैवेयक |
| नयाँ शिक्का रूप ४० | चादिको अर्घ्यतो ७ |
| वर १९ कल्दार अर्सफि २ | चक्र त्रिशूलके तो १ |

कपडाको तप्सील्

| | |
|---|---|
| रुमाल् १ सेज्यामा | हरियो वनातका अगर्खा १ से. चिंतामणि |
| सेतो बनातको अगर्खा १ | मलेदा ओढना १ |
| बनात ओढना १ | धुस्सा पश्चिमा १ रुद्रले लिया. |
| दोसाला जोडा १ रातो सेज्यामा | डसना २ चिंतामणि |
| तकिया १ चिंतामणि | काम्ला २ सेज्यामा १ |
| छोटा आसनी २ पूजामासेज्या | वडा आसनी पुराना २ |
| लिहु १ | टाट १ गंगोले ली. |
| सेतो अगर्खा कपडाका २ चितामणि | मलेदाको अगर्खा १ टीकाराम |

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८८८ वैशाख शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| ज्येष्ठ १२ | सोम | द्वादशी | २५ । २७ |

(पात्रोबाट)

★ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. स. १८८८ वैशाख शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| ज्येष्ठ १० | शनैश्चर | दशमी | २० । ४५ |

(पात्रोबाट)

सं. १८८८ शाके १७५३ वैशाखशुक्लद्वादश्यां सोमे दिने काश्यां अस्मत्पिता श्रीलक्ष्मीपतिशर्मा मृतः ।

(लीलानाथले टिपोट गरेको बाव )

[वि. सं. १८८८ शाके १७५३ वैशाख शुक्ल द्वादशी सोमवारका दिन काशीमा हाम्रा बुबा लक्ष्मीपति शर्माको मृत्यु भयो ।]

पाइए जति सामानको आधारमा लक्ष्मिपतिको जीवनमा घटेका घटनाहरूको वर्णन पूर्णिमाका योसमेत ५ वटा अङ्कमा गरी टुङ्ग्याएको छु+। तर सबै किसिमबाट लक्ष्मीपतिलाई यथार्थ रूपमा चिन्न उनको घरायसी जीवन, उनले रचना गरेका र सङ्ग्रह गरेका पुस्तक पात्राहरूको पनि विवेचना गर्नु आवश्यक छ। पूर्णिमाका आगामी अङ्कहरूमा यस विषयमा विचार गर्नेछु ।

←o→

---

+ वि. सं. १८४२ मा नेपाल सरकारले लक्ष्मीपतिलाई दूत बनाई जाजरकोट पठाएको थियो । लक्ष्मीपतिले पनि सो काम सफलतापूर्वक गरेका थिए । यो कुरा तलको पत्रले बुझाउँछ—

(श्री ५ रणबहादुरको प्रशस्ति)

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारसमर्थ श्रीरघुसिंह विष्टके आशीषपूर्वकपत्रमिदम्.

......उप्रान्त गोर्खा जाजरकोटको घा अघिदेखि भै आयाको हो. पोरका साल पनी लक्ष्मीपति पाँडेलाई पठाई कुरो बाँध्याको हो.... ... ...

इति संवत् १८४३ चैत्र वदि ९ रोज ३ मुकाम कान्तिपुर

(योगी नरहरिनाथद्वारा संपादित "सन्धिपत्र–सङ्ग्रह"को ५५ पृष्ठ)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं १८४३ चैत्र कृष्ण

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| चैत्र ३ | मङ्गल | नवमी | ३३ । २५ |

(पात्रोबाट)

या पत्र हालैमात्र पाइएको हुनाले अहिले टिप्पणीमा राखिएको हो ।

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

सम्पादक तथा अनुवादक– रामजी तेवारी

मङ्गलाचरण

श्रीहेरम्बं माधवं वामदेवं नत्वा देवीं भास्करं शिष्यतुष्टैच ।
ब्रूते कृष्णानन्दजो रत्नदीपं गोभूमेघोने शके सौरसूत्रात् ।।१।।

अन्वय–कृष्णानन्दजः श्रीहेरम्बम, माधवम्, वामदेवम्, देवीम्, भास्करम् नत्वा शिष्यतुष्टचैं गोभूमेघोने शके सौरसूत्रात् रत्नदीपम् ब्रूते ।

पदार्थ–कृष्णानन्दजः = कृष्णानन्दका छोरा (लक्ष्मीपति) । श्रीहेरम्बम् = श्रीगणेशलाई । माधवम् = विष्णुलाई । वामदेवम् = महादेवलाई । देवीम् = देवीलाई । भास्करम् = सूर्यलाई । नत्वा = ढोगेर । शिष्यतुष्टचै = चेलालाई खुशी पार्नानिमित्त । गोभूमेघोने = १७१९ । शके = शाकेमा । सौरसूत्रात् = सूर्यसिद्धान्तबाट । रत्नदीपम् = रत्नदीप । ब्रूते = भन्छन् ।

भावार्थ–कृष्णानन्दका छोरा लक्ष्मीपतिले गणेश, विष्णु, महादेव, देवी र सूर्यलाई ढोगेर चेलालाई खुशी पार्नानिमित्त शाके १७१९ (वि. सं. १८५४)मा सूर्यसिद्धान्तको आधारमा रत्नदीप बनाउँछन् ।

१ प्रक्रम – वर्षगण ल्याउने रीति

शाकः शशीभेन्द्रविहीनितः स्याद् गोरक्षशैलाधिपतेः शकाब्दः ।
श्रीद्रव्यसाहस्य स एव नागानलाक्षिहीनोऽत्र मया कृतोऽब्दः ।।२।।

अन्वय–शशीभेन्द्रविहीनितः शाकः गोरक्षशैलाधिपतेः श्रीद्रव्यसाहस्य शकाब्दः स्यात् । नागानलाक्षिहीनः सः एव अत्र मया अब्दः कृतः ।

पदार्थ–शशीभेन्द्रविहीनितः = १४८१ घटेको । शाकः = शाके । गोरक्षशैलाधिपतेः = गोरखाका राजा । श्रीद्रव्यसाहस्य = श्रीद्रव्य शाहको । शकाब्दः = संवत् । स्यात = हुन्छ । नागानलाक्षिहीनः = २३८ घटेको । सः एव = द्रव्य शाहको संवत् नै । अत्र = यहाँ । मया = मैले । अब्दः = वर्ष(गण) । कृतः = मानिएको छ ।

भावार्थ–इष्ट शाकेबाट १४८१ घटाउनू, शेष गोरखाका राजा द्रव्य शाहको संवत् हुन्छ । द्रव्य शाहको संवत्बाट २३८ घटाउनू, यस शेषलाई यस ग्रन्थमा मैले वर्षगण मानेको छु ।

उदाहरण

विक्रमसंवत् १८७१ को वर्षगण ल्याउँदा

विक्रमसंवत् १८७१ बाट १३५ घटाउँदा १७३६ शेष रह्यो । यो शेष १७३६ शाके भयो । शाके १७३६ बाट १४८१ घटाउँदा २५५ शेष रह्यो । यो शेष २५५ द्रव्य शाहको संवत् भयो । द्रव्य शाहको संवत् २५५ बाट २३८ घटाउँदा १७ शेष रह्यो । यो शेष १७ वर्षगण भयो । यस कारण विक्रमसंवत् १८७१ को वर्षगण १७ भयो ।

| | |
|---|---|
| विक्रमसंवत् | १८७१ |
| | १३५ |
| शकसंवत् (शाके) | १७३६ |

| | | | |
|---|---|---|---|
| शकसंवत् | १७३६ | द्रव्य शाहको संवत् | २५५ |
| | १४८१ | | २३८ |
| द्रव्य शाहको संवत् | २५५ | वर्षगण | १७ |

## १ प्रश्नमाला

१. शकसंवत् र द्रव्य शाहको संवत्को अन्तर कति हुन्छ ?

२. शकसंवत्मा कति जोडे विक्रमसंवत् हुन्छ ?

३. कति विक्रमसंवत्मा द्रव्य शाहको संवत् शून्य हुन्छ ?

४. विक्रमसंवत् कतिमा रत्नदीप बनेको हो ?

५. रत्नदीप बन्दा द्रव्य शाहको राज्याभिषेक भएको कति वर्ष बितेको थियो ?

६. विक्रमसंवत् २०११ मा द्रव्य शाहको संवत् कति हुन्छ ?

७. विक्रमसंवत् २०२२ को वर्षगण ल्याऊ ।

उत्तर

(१) १४८१ (२) १३५ (३) १६१६ (४) १८५४ (५) २३८ (६) ३९५ (७) १६८

२ प्रक्रम– अब्दप (मेषसङ्क्रान्तिको वारादि) ल्याउने रीति

अब्दौघः स्वपदान्वितः शशियमघ्नाब्दः स्वखेषुत्रिभू–
भागाढ्यो यमवाजिभिर्विरहितोऽभ्राभ्राब्धिपक्षोद्धृतः ।
लब्धेनाथ युतः कृतान्तसहितः शैलैर्विहृच्छेषकः
सूर्याजक्रमजो दिनादिक इहोष्णांशोर्भवेद् वासरः ॥३॥

अन्वय–शशियमघ्नाब्दः स्वखेषुत्रिभूभागाढ्यः (कार्यः) । यमवाजिभिः विरहितः (कार्यः) । अभ्राभ्राब्धिपक्षोद्धृतः (कार्यः) । लब्धेन स्वपदान्वितः अब्दौघः युतः (कार्यः) । कृतान्तसहितः (कार्यः) । शैलैः विहृत् (कार्यः) । शेषकः सूर्याजक्रमजः दिनादिकः उष्णांशोः वासरः भवेत् ।

पदार्थ–शशियमघ्नाब्दः = २१ ले गुनिएको वर्षगण । स्वखेषुत्रिभूभागाढ्यः = आफ्नो १३५० भाग जोडिएको । कार्यः = गर्नू । यमवाजिभिः = ७२ ले । विरहितः = घटेको । कार्यः = गर्नू । अभ्राभ्राब्धिपक्षोद्धृतः = २४०० ले भाग लिएको । कार्यः=गर्नू । लब्धेन = लब्धिले । स्वपदान्वितः= आफ्नो चौथाई जोडिएको । अब्दौघः = वर्षगण । युतः = जोडिएको । कार्यः = गर्नू । कृतान्त-सहितः = २ जोडिएको । कार्यः = गर्नू । शैलैः = ७ ले । विहृत् = भाग लिएको । कार्यः = गर्नू । शेषकः = शेष । सूर्याजक्रमजः = सूर्यको मेषसङ्क्रान्तिबाट भएको । दिनादिकः = दिनादि । उष्णांशोः = आदित्यवारदेखि । वासरः = वार । भवेत् = हुन्छ ।

भावार्थ–वर्षगणलाई ४ ले भाग लिनू, लब्धि दिनादि हुन्छ । सो लब्धि दिनरूप वर्षगणमा जोड्नू । योगफल पहिलो दिनादि हुन्छ । वर्षगणलाई २१ ले गुन्नू । गुणनफललाई १३५० ले भाग लिनू । लब्धि गुणनफलमा जोड्नू । योगफलबाट ७२ घटाउनू । शेषलाई २४०० ले भाग लिनू । लब्धि दोस्रो दिनादि हुन्छ । दोस्रो दिनादिलाई पहिलो दिनादिमा जोड्नू । योगफलमा २ जोड्नू । योगफल मेषसङ्क्रान्तिको वारादि हुन्छ । वार ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू ) । १ शेष रहेमा आइतवार २ शेष रहेमा सोमवार इत्यादि क्रमले वार हुन्छ । मेषसङ्क्रान्तिको यो वारादि लङ्काको मध्यम सूर्योदयदेखि ( लङ्काको बेहानको ६ बजेदेखि ) बितेको समय हुन्छ ।

## उदाहरण

विक्रमसंवत् १८७१ को मेषसङ्क्रान्तिकाल (वारादि) ल्याउँदा

यस वर्षको वर्षगण १७❁ हो । वर्षगण १७ लाई ४ ले भाग लिंदा लब्धि ४ दिन १५ घडी आउँछ । यो लब्धि ४।१५ लाई दिनरूप वर्षगण १७मा जोड्दा योगफल २१ दिन १५ घडी आउँछ । यो योगफल २१।१५ पहिलो दिनादि हुन्छ ।

---

❁ १ प्रक्रमको उदाहरण हेर्नुहोस् ।

वर्षगण १७ लाई २१ ले गुन्दा गुणनफल ३५७ आउँछ । यो गुणनफल ३५७ लाई १३५० ले भाग लिंदा लब्धि ० दिन १५ घडी ५२ पला आउँछ । यो लब्धि ०।१५।५२ लाई गुणनफल ३५७ मा जोड्दा योगफल ३५७ दिन १५ घडी ५२ पला आउँछ । यो योगफल ३५७।१५।५२ बाट ७२ दिन घटाउंदा २८५ दिन १५ घडी ५२ पला शेष रहन्छ । यो शेष २८५।१५।५२ लाई २४०० ले भाग लिंदा लब्धि ० दिन ७ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला आउँछ । यो लब्धि ०।७।७।५३।४८ दोस्रो दिनादि हुन्छ ।

पहिलो दिनादि २१।१५ र दोस्रो दिनादि ०।७।७।५३।४८ को योगफल २१ दिन २२ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला आउँछ । यो योगफल २१।२२।७।५३।४८ मा २ दिन जोड्दा २३ दिन २२ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला आउँछ । २३ दिनलाई ७ ले तष्ट गर्दा २ शेष रहन्छ । यस कारण वारादि २ दिन २२ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला हुन्छ । यस कारण विक्रमसंवत् १८७१ को मेषसङ्क्रान्ति सोमवार २२ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला जांदा पर्छ । यो घट्यादि लङ्काको मध्यम सूर्योदयकालदेखि (बेहानको ६ बजेदेखि) बितेको समय हो ।

४) १७ वर्षगण ( ४।१५ दिनादि
१६
—
१
×६०
—
६०
६०
—

१७ वर्षगण
×२१
—
१७
३४
—
३५७

दिन।घडी
१७।० वर्षगण
४।१५ वर्षगणको चौथाई
—
२१।१५ पहिलो दिनादि

दि. घ. प.
१३५०) ३५७ (०।१५।५२
×६०
—
४५) ३५७
×२
—
१५) ११९ → ×६०
×२ 1) १३
— ×४
२३८ —
१५ ५२
—
८८
७५
—
१३ →

| दि. | घ. | प. |
|---|---|---|
| ३५७ | ० | ० |
| ० | १५ | ५२ |
| ३५७ | १५ | ५२ |

| दि. | घ. | प. |
|---|---|---|
| ३५७ | १५ | ५२ |
| ७२ | ० | ० |
| २८५ | १५ | ५२ |

```
२४००)   २८५।१५।५२   (०।७।७।५३।४८ दोस्रो दिनादि
         ×६०
        १७१००                        →२१५२
           १५                          २००
        १७११५                          १५२
        १६८००                          १२०
          ३१५                           ३२
          ×६०                          ×६०
        १८९००                       २) ३२
           ५२                           ×३
        १८९५२                       १) १६
        १६८००                           ×३
         २१५२                           ४८
          ×६०
  ४०)    २१५२
          ×१→
```

| दि. | घ. | प. | बि. | प्र. | |
|---|---|---|---|---|---|
| २१ | १५ | ० | ० | ० | पहिलो दिनादि |
| ० | ७ | ७ | ५३ | ४८ | दोस्रो दिनादि |
| २१ | २२ | ७ | ५३ | ४८ | |

| दि. | घ. | प. | बि. | प्र. |
|---|---|---|---|---|
| २१ | २२ | ७ | ५३ | ४८ |
| २ | ० | ० | ० | ० |
| २३ | २२ | ७ | ५३ | ४८ |
| २ | २२ | ७ | ५३ | ४८ |

```
७)२३(३
  २१
  ──
   २
```

यस कारण विक्रमसंवत् १८७१को मेषसंक्रान्ति सोमवार २२ घडी ७ पला ५३ विपला ४८ प्रतिविपला जाँदा हुन्छ ।

## २ प्रश्नमाला

(१) विक्रमसंवत् २०२३ को मेषसङ्क्रान्तिकाल ल्याउ ।

(२) विक्रमसंवत् २०२२ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(३) विक्रमसंवत् २०२१ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(४) विक्रमसंवत् २०२० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(५) विक्रमसंवत् २०१९ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(६) विक्रमसंवत् २०१८ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(७) विक्रमसंवत् १८६० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(८) विक्रमसंवत् १८६१ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(९) विक्रमसंवत् १८६७ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(१०) विक्रमसंवत् १८६८ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(११) विक्रमसंवत् १८६९ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(१२) विक्रमसंवत् १८७० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(१३) विक्रमसंवत् १९६० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(१४) विक्रमसंवत् १९७० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

(१५) विक्रमसंवत १८५४ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

उत्तर

| | वा. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|---|
| (१) | ४ | ४१ | ५९ | २६ | ३६ |
| (२) | ३ | २६ | २७ | ५५ | १२ |
| (३) | २ | १० | ५६ | २३ | ४८ |
| (४) | ० | ५५ | २४ | ५२ | २४ |
| (५) | ६ | ३६ | ५३ | २१ | ० |
| (६) | ५ | २४ | २१ | ४९ | ३६ |
| (७) | २ | ३१ | २१ | ८ | २४ |
| (८) | ३ | ४६ | ५२ | ३९ | ४८ |

| | वा. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|---|
| (९) | ४ | २० | १ | ४८ | १२ |
| (१०) | ५ | ३५ | ३३ | १९ | ३६ |
| (११) | ६ | ५१ | ४ | ५१ | ० |
| (१२) | १ | ६ | ३६ | २२ | २४ |
| (१३) | २ | २३ | ५३ | २८ | २४ |
| (१४) | ० | ५९ | ८ | ४२ | २४ |
| (१५) | १ | ५८ | १२ | ० | ० |

*३ प्रक्रम—*

२ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि ग्रन्थ रचनाकाल (वि. सं. १८५४) र त्यसपछिका वर्षको मेषसङ्क्रान्तिकाल ल्याउने रीति विद्यार्थीको मनमा राम्रोसंग चढ्दछ। अब हामी वि. सं. १८५४ भन्दा अगाडिका वर्षको मेषसङ्क्रान्तिकाल ल्याउने उदाहरण दिन्छौं ।

१ उदाहरण

विक्रमसंवत् १८५३ को मेषसङ्क्रान्तिकाल ल्याउँदा

विक्रमसंवत् १८५३ बाट १३५ घटाउँदा शाके १७१८ हुन्छ। शाके १७१८ बाट १४८१ घटाउँदा द्रव्य शाहको संवत् २३७ हुन्छ । द्रव्य शाहको संवत् २३७ बाट २३८ घटाउँदा वर्षगण ऋण १ हुन्छ ।

वर्षगण ऋण १ लाई ४ ले भाग लिंदा लब्धि ० दिन १५ घडी आउँछ । यो ऋण ०।१५ लाई दिनरूप वर्षगण ऋण १ मा जोड्दा योगफल ऋण १ दिन १५ घडी आउँछ । यो ऋण १।१५ पहिलो दिनादि हुन्छ ।

वर्षगण ऋण १ लाई २१ ले गुन्दा गुणनफल ऋण २१ आउँछ । यो गुणनफल ऋण २१ लाई १३५० ले भाग लिंदा लब्धि ऋण ० दिन ० घडी ५६ पला आउँछ । यो लब्धि ऋण ०।०।५६ लाई गुणनफल ऋण २१ मा जोड्दा योगफल ऋण २१ दिन ० घडी ५६ पला आउँछ । यो योगफल ऋण दिनादि २१।०।५६ बाट ७२ दिन घटाउंदा ऋण ९३ दिन ० घडी ५६ पला आउंछ । यो ऋण दिनादि ९३।०।५६ लाई २४०० ले भाग लिंदा लब्धि ऋण ० दिन २ घडी १९ पला ३१ विपला २४ प्रतिविपला आउँछ । यो लब्धि ऋण ०।२।१९।३१।२४ दोस्रो दिनादि हुन्छ ।

पहिलो दिनादि ऋण १।१५ र दोस्रो दिनादि ऋण ०।२।१९।३१।२४ को योगफल ऋण १ दिन १७ घडी १९ पला ३१ विपला २४ प्रतिविपला आउँछ । यो योगफल ऋण दिनादि १।१७।१९।३१।२४ मा धन २ दिन जोड्दा (२ दिनबाट दिनादि १।१७।१९।३१।२४ घटाउंदा) योगफल ० दिन ४२ घटी ४० पला २८ विपला ३६ प्रतिविपला आउँछ । यस कारण वारादि ० दिन ४२ घडी ४० पला २८ विपला ३६ प्रतिविपला हुन्छ । यस कारण विक्रमसंवत् १८५३ को मेषसङ्क्रान्ति शनैश्चरवार ४२ घडी ४० पला २८ विपला ३६ प्रतिविपला जाँदा पर्छ । यो घट्यादि लङ्काको मध्यम सूर्योदयकालदेखि (बेहानको ६ बजेदेखि) बितेको समय हो ।

विक्रमसंवत् १८५३
१३५ द्रव्य शाहको संवत्
शाके १७१८

शाके १७१८
१४८१
२३७

२३८
द्रव्य शाहको संवत् २३७
-१

४)-१ वर्षगण(-०।१५ दिनादि
×६०
१) १
×१५
१५

दि. घ.
-१।० । वर्षगण
-०।१५ । वर्षगणको चौथाई
-१।१५ । पहिलो दिनादि

-१ वर्षगण
×२१
-२१

दि.।घ.।प.
१३५०)-२१(-०।०।५६
६०
४५) २१
×२
१५) ७
×२→

१४
×६०
१) १४
×४
५६

दि. घ. प.
−२१। ०। ०
−० । ०। ५६
−२१। ०। ५६

दि. घ. प.
−२१ । ०। ५६
−७२ । ०। ०
−९३ । ०। ५६

२४००)−९३।०।५६(−०।२।१९।३१।२४ दोस्रो दिनादि

६०
५५८०
४८००
७८०
×६०
४६८००
५६
४६८५६
२४००
२२८५६
२१६००
१२५६
×६०
४०) १२५६
×१
५) १५७
×१
१५७
१५ →

→ ७
५
२
×६०
१) २
×१२
२४

दि. घ. प. वि. प्र.
−१। १५। ०। ०। ० पहिलो दिनादि
−०। २। १९। ३१। २४ दोस्रो दिनादि
−१। १७। १९। ३१। २४

दि. घ. प. वि. प्र.
+२ । ०। ०। ०। ०
−१ । १७। १९। ३१। २४
० । ४२। ४०। २८। ३६

यस कारण विक्रमसंवत् १८५३ को मेषसंक्रान्ति शनैश्चरवार ४२ घडी ४० पला २८ विपला ३६ प्रतिविपला आँदा हुन्छ।

## २ उदाहरण

### विक्रमसंवत् १७३८ को मेषसंक्रान्तिकाल ल्याउँदा

विक्रमसंवत् १७३८ बाट १३५ घटाउँदा शाके १६०३ हुन्छ। शाके १६०३ बाट १४८१ घटाउँदा द्रव्य शाहको संवत् १२२ हुन्छ । द्रव्य शाहको संवत् १२२ बाट २३८ घटाउँदा वर्षगण ऋण ११६ आउँछ।

वर्षगण ऋण ११६ लाई ४ ले भाग लिंदा लब्धि ऋण २९ दिन आउँछ। यो लब्धि ऋण २९ दिनलाई दिनरूप वर्षगण ऋण ११६ मा जोड्दा योगफल ऋण १४५ दिन आउँछ। यो ऋण १४५ पहिलो दिनादि हुन्छ।

वर्षगण ऋण ११६ लाई २१ ले गुन्दा गुणनफल ऋण २४३६ आउँछ। यो गुणनफल ऋण २४३६ लाई १३५० ले भाग लिंदा लब्धि ऋण १ दिन ४८ घडी १६ पला आउँछ। यो लब्धि ऋण दिनादि १।४८।१६ लाई गुणनफल ऋण २४३६ मा जोड्दा योगफल ऋण २४३७ दिन ४८ घडी १६ पला आउँछ। यो योगफल ऋण दिनादि २४३७।४८।१६ बाट ७२ दिन घटाउँदा ऋण २५०९ दिन ४८ घडी १६ पला आउँछ। यो ऋण दिनादि २५०९।४८।१६ लाई २४०० ले भाग लिंदा लब्धि ऋण १ दिन २ घडी ४४ पला ४२ विपला २४ प्रतिविपला आउँछ। यो लब्धि ऋण १।२।४४।४२।२४ दोस्रो दिनादि हुन्छ।

पहिलो दिनादि ऋण १४५ र दोस्रो दिनादि ऋण १।२।४४।४२।२४ को योगफल ऋण १४६ दिन २ घडी ४४ पला ४२ विपला २४ प्रतिविपला आउँछ। १४६ दिनलाई ७ ले तष्ट गर्दा ६ दिन शेष रहन्छ। यस कारण ६ दिन २ घडी ४४ पला ४२ विपला २४ प्रतिविपला हुन्छ। दिनादि ऋण ६।२।४४।४२।२४ मा धन २ दिन जोड्दा (२ ❁ दिनबाट दिनादि ६।२।४४।४२।२४ घटाउँदा) योगफल २ दिन ५७ घडी १५ पला १७ विपला ३६ प्रतिविपला हुन्छ।

यस कारण वारादि २ दिन ५७ घडी १५ पला १७ विपला ३६ प्रतिविपला हुन्छ। यस कारण विक्रमसंवत् १७३८ को मेषसंक्रान्ति सोमवार ५७ घडी १५ पला १७ विपला ३६ प्रतिविपला जाँदा पर्छ। यो घट्यादि लङ्काको मध्यमसूर्योदयकालदेखि (बिहानको ६ बजेदेखि) बितेको समय हो।

वि. सं. १७३८
      १३५
शाके १६०३

शाके १६०३
      १४८१
द्रव्य शाहको संवत् १२२

२३८
द्रव्य शाहको संवत् १२२
वर्षगण −११६

४)−११६ वर्षगण(−२९ दिनादि
८
३६
३६
×

दि.
−११६। वर्षगण
− २९। वर्षगणको चौथाई
−१४५। पहिलो दिनादि

❁ २ दिनबाट दिनादि ६।२।४४।४२।२४ नघट्ने हुनाले २ मा ७ थपी ९ दिनबाट दिनादि ६।२।४४।४२।२४ घटाउँदा।

दि.। घ.। प.।

```
 -११६ वर्षगण
  ×२१
 ------
  ११६
 २३२
 ------
 -२४३६
```

```
१३५०)-२४३६(-१।४८।१६
      १३५०
      ----
      १०८६
       ×६०
      ----
४५) १०८६
       ×२
      ----
१५) ३६२
      ×२
      ----
      ७२४
      ६०
      ----
      १२४
      १२०
      ----
        ४
      ×६०
      ----
१)     ४
      ×४
      ----
      १६
```

```
 दि.    घ.  प.
—२४३६। ० ।०
—    १।४८।१६
--------------
—२४३७।४८।१६
```

```
 दि.    घ.  प.
—२४३७।४८।१६
—   ७२। ०। ०
--------------
—२५०९।४८।१६
```

२४००)-२५०९।४८।१६(-१।२।४४।४२।२४। दोस्रो दिनादि

```
 २४००
 ------
 १०९                 →१६९६
 ×६०                  ×६०
 ------              -------
 ६५४०           ४०) १६९६
   ४८                 ×१
 ------              -------
 ६५८८            ५) २१२
 ४८००                २०
 ------              -------
 १७८८                १२
 ×६०                 १०
 ------              -------
 १०७२८०               २
     १६              ×६०
 ------              -------
 १०७२९६          १)   २
  ९६००               १२
 ------              -------
  ११२९६              २४
  ९६००
 ------
  १६९६→
```

| दि. | घ. | प. | वि. | प्र. | |
|---|---|---|---|---|---|
| —१४५ | ० | ० | ० | ० | पहिलो दिनादि |
| — १ | २ | ४४ | ४२ | २४ | दोस्रो दिनादि |
| —१४६ | २ | ४४ | ४२ | २४ | |

७)—१४६(—२०
१४
—६

| दि. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|
| — ६ | २ | ४४ | ४२ | २४ |

| दि. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|
| +२ | ० | ० | ० | ० |
| —६ | २ | ४४ | ४२ | २४ |
| २ | ५७ | १५ | १७ | ३६ |

यस कारण विक्रमसंवत् १७३८ को मेषसङ्क्रान्ति सोमवार ५७ घडी १५ पला १७ विपला ३६ प्रतिविपला जाँदा हुन्छ ।

## ३ प्रश्नमाला

(१) विक्रमसंवत् १८११ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(२) विक्रमसंवत् १८१० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(३) विक्रमसंवत् १७३१ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(४) विक्रमसंवत् १७३२ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(५) विक्रमसंवत् १६१६ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(६) विक्रमसंवत् १६१५ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(७) विक्रमसंवत् १५३८ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(८) विक्रमसंवत् १५३७ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(९) विक्रमसंवत् १४४४ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(१०) विक्रमसंवत् १४४३ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(११) विक्रमसंवत् १३५२ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(१२) विक्रमसंवत् १३५३ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(१३) विक्रमसंवत् १ को मेषसङ्क्रान्तिकाल ल्याऊ ।
(१४) विक्रमसंवत् ० को मेषसङ्क्रान्तिकाल ल्याऊ ।

उत्तर

| दि. घ. प. वि. प्र. | दि. घ. प. वि. . |
|---|---|
| (१) ३। ५०।३६।२९।४८ | (८) १।५६।३९।६।१२ |
| (२) २। ३५। ४।५८।२४ | (९) ३।५२।४७।२६।० |
| (३) १। ८। ३४।३७।४८ | (१०) २।३७।१५।५४।३६ |
| (४) २। २४।६। ९।१२ | (११) ०।४। २७। १७।१२ |
| (५) ३। २३।९।२६।४८ | (१२) १।१९।५८।४८।३६ |
| (६) २। ७।३७।५५।२४ | (१३) ०।२९।३९।१५।४८ |
| (७) ३। १२।१०।३७।३६ | (१४) ६।१४।७।४४।२४ |

४ प्रक्रम–

विक्रमसंवत् २०२२ को मेषसङ्क्रान्तिको वारादि ३।२६।२७।५५।१२ र विक्रमसंवत् २०२३ को मेषसङ्क्रान्तिको वारादि ४।४१।५९।२६।३६ छन्। यी उदाहरणबाट १ बर्षमा वारादि १।१५।३१।३१।२४ बढ्दो रहेछ भन्ने देखिन्छ। यस कारण वारादि १।१५।३१।३१।२४ लाई १, २, ३ इत्यादि अङ्कले गुन्दा तथा विक्रमसंवत ० को वारादिलाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ।

## १ सारणी

वा. घ. प. वि. प्र.

क्षेपक ( विक्रमसंवत् ० को मेषसङ्क्रान्तिको वारादि ) = ६।१४।७।४४।२४

| वर्षको | वार | घडी | पला | विपला | प्रतिविपला |
|---|---|---|---|---|---|
| १ | १ | १५ | ३१ | ३१ | २४ |
| २ | २ | ३१ | ३ | २ | ४८ |
| ३ | ३ | ४६ | ३४ | ३४ | १२ |
| ४ | ५ | २ | ६ | ५ | ३६ |
| ५ | ६ | १७ | ३७ | ३७ | ० |
| ६ | ० | ३३ | ९ | ८ | २४ |
| ७ | १ | ४८ | ४० | ३९ | ४८ |
| ८ | ३ | ४ | १२ | ११ | १२ |

## १ सारणी

| वर्षको | वार | घडी | पला | विपला | प्रतिविपला |
|---|---|---|---|---|---|
| १ | ४ | १९ | ४३ | ४२ | ३६ |
| १० | ५ | ३५ | १५ | १४ | ० |
| २० | ४ | १० | ३० | २८ | ० |
| ३० | २ | ४५ | ४५ | ४२ | ० |
| ४० | १ | २१ | ० | ५६ | ० |
| ५० | ६ | ५६ | १६ | १० | ० |
| ६० | ५ | ३१ | ३१ | २४ | ० |
| ७० | ४ | ६ | ४६ | ३८ | ० |
| ८० | २ | ४२ | १ | ५२ | ० |
| ९० | १ | १७ | १७ | ६ | ० |
| १०० | ६ | ५२ | ३२ | २० | ० |
| २०० | ६ | ४५ | ४ | ४० | ० |
| ३०० | ६ | ३७ | ३७ | ० | ० |
| ४०० | ६ | ३० | ९ | २० | ० |
| ५०० | ६ | २२ | ४१ | ४० | ० |
| ६०० | ६ | १५ | १४ | ० | ० |
| ७०० | ६ | ७ | ४६ | २० | ० |
| ८०० | ६ | ० | १८ | ४० | ० |
| ९०० | ५ | ५२ | ५१ | ० | ० |
| १००० | ५ | ४५ | २३ | २० | ० |
| २००० | ४ | ३० | ४६ | ४० | ० |
| ३००० | ३ | १६ | १० | ० | ० |
| ४००० | २ | १ | ३३ | २० | ० |
| ५००० | ० | ४६ | ५६ | ४० | ० |
| ६००० | ६ | ३२ | २० | ० | ० |
| ७००० | ५ | १७ | ४३ | २० | ० |
| ८००० | ४ | ३ | ६ | ४० | ० |
| ९००० | २ | ४८ | ३० | ० | ० |
| १०००० | १ | ३३ | ५३ | २० | ० |

*५ प्रक्रम–* **१सारणीबाट इष्ट विक्रमसंवत्को मेषसङ्क्रान्तिको वारादि ल्याउने रीति**

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको वारादि शतस्थानीको वारादि दशस्थानीको वारादि र एकस्थानीको वारादिसमेत जोड्नू। योगफल क्षेपकमा जोड्नू। योगफल इष्ट विक्रमसंवत्को मेषसङ्क्रान्तिको वारादि हुन्छ। वार ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेषमात्र लिनू)। १ शेष रहेमा आदित्यवार २ शेष रहेमा सोमवार इत्यादि क्रमले वार हुन्छ।

जस्तै—

विक्रमसंवत् १८७१ को मेषसङ्क्रान्तिको वारादि ल्याउँदा

| | वा. | घ. | प. | वि. | प्र. | |
|---|---|---|---|---|---|---|
| १००० वर्षको वारादि | ५। | ४५। | २३। | २०। | ० | |
| ८०० वर्षको वारादि | ६। | ०। | १८। | ४०। | ० | |
| ७० वर्षको वारादि | ४। | ६। | ४६। | ३८। | ० | ७)१७(२ |
| १ वर्षको वारादि | १। | १५। | ३१। | ३१। | २४ | १४ |
| १८७१ | १७। | ८। | ०। | ९। | २४ | ३ |

| वा. | घ. | प. | वि. | प्र. |
|---|---|---|---|---|
| ३। | ८। | ० । | ९ । | २४ |

| | वा. घ. प. वि. प्र. |
|---|---|
| क्षेपक = वि. सं. ० को मेषसङ्क्रान्तिको वारादि | ६।१४।७।४४।२४ |
| १८७१ वर्षको वारादि | ३। ८। ०।९। २४ |
| | ९।२२।७।५३। ४८ |

वि. सं. १८७१ को मेषसङ्क्रान्तिको वारादि २।२२।७।५३।४८

यस कारण विक्रमसंवत् १८७१ को मेषसङ्क्रान्तिको वारादि २।२२।७।५३।४८ हुन्छ।

२ तथा ३ प्रश्नमालाका जम्मै प्रश्नका उत्तर ५ प्रक्रमको रीतिबाट पनि ल्याई सो रीतिको अभ्यास गर्नु बढिया छ।

[क्रमशः]

★—★

(क्रमागत)

# पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति

—नयराज पन्त

*८ प्रक्रम*

अहिलेसम्म गोपाल पाँडेको रीतिबाट पूर्ण घनसंख्याको मात्र घनमूल ल्याउने विषयमा हामीले विचार गर्यौं । अब हामी २ आदि अघनसंख्याको, ८.२ आदि दशमलवयुक्त संख्याको, $\frac{२}{३}$ आदि भिन्नसंख्याको घनमूल ल्याउन गोपाल पाँडेको रीतिको प्रयोगको विषयमा विचार गर्छौं । यी विषयमा गोपाल पाँडेले बोलेको कुरा यो हो—

**"यदि शेष रह्यो भने तीन २ शून्य थपदै मूल लिदै जानु । यदि भिन्नसंख्या छ भने तेसका हरलाइ जुनसंख्याले गुणदा घन हुन्छ तेसले अंश र हरलाइ गुणनु फेरि अंशको आसन्नघनमूललाइ हरका घनमूलले भाग लिनु."**

*१ उदाहरण*

२ को घनमूल ल्याउंदा

२ ( १
१
१०००

$३(१^२+१)+१$
$=३\times २+१=७$
७००

७००) १००० ( १
७००

घनमूलको दोस्रो अङ्क २

$३(१२^२+१२)+१$
$=३\times १५६+१=४६९$
४६९००

१२
१४४
१२
१७२८

२०००
१७२८
२७२०००

४६९००) २७२००० ( ५
२३४५००

घनमूलको तेस्रो अङ्क ६

```
   १२६
  ----
  १४७६
 १४४
 -----
 १५८७६
   १२६ →
```

```
→ ९५२५६
 ३१७५२
 १५८७६
--------
 २०००३७६
```

१२६ को घन २०००३७६ हुन्छ । यो संख्या २०००००० बाट घट्न नसकेकोले लब्धि ५ नै घनमूलको तेस्रो अङ्क हुने भयो ।

```
   १२५
  -----
  १२२५
 १४४
 -----
 १५६२५                    २००००००
   १२५                    १९५३१२५
 -----                   ---------
 ७८१२५                    ४६८७५०००
 ३१२५०
 १५६२५
 -------
❀ १९५३१२५
```

❀ यसरी ठूला ठूला अङ्कको घन गर्न कठिन हुन्छ । अघि १२६ को घन गरेकै छ । अहिले १२६ भन्दा १ कम भएको संख्या १२५ को घन गर्नुपरेको छ ।

१२६ = अ मानेमा

यस कारण १२५ = अ−१

$$(१२६)^३ - (१२५)^३ = अ^३ - (अ-१)^३$$
$$= अ^३ - (अ^३ - ३अ^२ + ३अ - १)$$
$$= ३अ^{२} - ३अ + १$$
$$= ३अ(अ - १) + १$$
$$= ३ \times १२६(१२६ - १) + १$$
$$= ३७८ \times १२५ + १$$
$$= ४७२५० + १$$
$$= ४७२५१$$

```
  ३७८
  १२५
 -----
 १८९०
 ७५६
३७८
-----
४७२५०
```

यस कारण

$$(१२५)^३ = (१२६)^३ - ४७२५१$$
$$= २०००३७६ - ४७२५१$$
$$= १९५३१२५$$

१ कम संख्याको घन यसरी ल्याउने गरेमा सजिलो पर्छ ।

★

$$३(१२५^२+१२५)+१$$
$$=३\times१५७५०+१=४७२५१$$

४७२५१००

४७२५१००)४६८७५०००(९
४२५२५९००

घनमूलको चौथो अङ्क ९

यस कारण २ को आसन्न घनमूल

१·२५९ उत्तर

आसन्न घनमूल ट्वाक्क नआउने हुनाले उत्तरको घन गरी उत्तर जाँच्नु विशेष काम लाग्ने हुँदैन ।

२ उदाहरण

८·२ को घनमूल ल्याउँदा

दशमलवस्थान ३, ६, ९ इत्यादि पारी घनमूल लिनुपर्ने हुनाले ✺

८·२ = ८·२००

८·२०० ( २
८
२००

---

★ $(१२६)^२-(१२५)^२$
$=अ^२-(अ-१)^२$
$=अ^२-(अ^२-२अ+१)$
$=२अ-१$
$=२\times१२६-१$
$=२५२-१$
$=२५१$

१२६ को वर्ग अघि गरेकै छ । यस कारण

$(१२५)^२=(१२६)^२-(२\times१२६-१)$
$=१५८७६-२५१$
$=१५६२५$

✺ ·२×·२×·२ = ·००८ हुन्छ ।

यस कारण ·००८ को घनमूल ·२ हुन्छ भन्ने स्पष्ट छ ।

यसै गरी ·०२×·०२×·०२ = ·००००८ हुन्छ ।

$$३(२^२+२)+१$$
$$=३\times६+१=१९$$

१९००

१९०० ) २०० ( ०

२१
४४१
२१
४४१
८८२
९२६१

**८२०० बाट २१ को घन ९२६१ नघटेको हुनाले घनमूलको दोस्रो अङ्क ० हुन्छ ।**

८२००
८०००
२०००००

---

यस कारण ·०००००८ को घनमूल ·०२ हुन्छ भन्ने पनि स्पष्ट हुन्छ । यी दुइ उदाहरणबाट घन-संख्यामा जति दशमलवस्थान हुन्छन्, त्यसको तीन खण्डको एक खण्ड दशमलवस्थान घनमूलमा हुन्छन् भन्ने देखिन आउँछ । यो भयो ट्वाक्क घनमूल आउने दशमलव भिन्नको कुरो ।

·८ = ·८०० = ·८००००० = ·८००००००००

इत्यादि हुन्छ ।

यस कारण ·८ को घनमूल ल्याउँदा त्यसलाई ·८०० बनाई ८०० लाई पूर्णाङ्क जस्तो संझी त्यसको घनमूल ल्याउनुपर्छ भन्ने देखिन आउँछ । ८०० मा घट्ने सबभन्दा ठूलो घनसंख्या ७२९ हुन्छ । यस कारण ·८०० को आसन्न घनमूल ·९ हुन्छ । घनमूलमा दशमलवस्थान बढ्ता लिनुपरेमा क्रमैसँग तीन तीन शून्य थप्दै काम गर्दै जानुपर्छ ।

·०८ = ·०८० हुन्छ ।

यस कारण ·०८ को घनमूल लिंदा ८० लाई पूर्णाङ्क जस्तो संझी त्यसको आसन्न घनमूल ४ ल्याई ·०८० मा तीन स्थान दशमलव भएकोले आसन्न घनमूल ·४ हुन्छ भन्ने संझनुपर्छ । यहाँ पनि तीन तीन शून्य थप्दै अरू दशमलवस्थान ल्याए हुन्छ ।

·०००८ = ·०००८०० हुन्छ ।

यस कारण यहाँ पहिले ८०० लाई पूर्णाङ्क जस्तो संझी त्यसको आसन्न घनमूल ९ ल्याई घनमूलमा दशमलवस्थान दुइ हुनुपर्ने हुनाले ·०००८ को आसन्न घनमूल ·०९ हुन्छ भन्ने संझनुपर्छ । अरू दशमलवस्थान ल्याउन इच्छा भएमा तीन तीन शून्य थप्दै काम गर्दै जानुपर्छ ।

३(२०² + २०) + १
= ३ × ४२० + १ = १२६१
१२६१००

१२६१०० ) २००००० ( १
१२६१००

२०२
४०८०४
२०२

८१६०८
८१६०८

८२४२४०८

८२०००००० बाट २०२ को घन ८२४२४०८ नघटेको हुनाले घनमूलको तेश्रो अङ्क १ हुन्छ ।

(२०१)³ = (२०२)³ − (३ × २०२ × २०१ + १)
= ८२४२४०८ − ( ६०६ × २०१ + १ )
= ८२४२४०८ − १२१८०७
= ८१२०६०१

६०६
२०१
६०६
१२१२
१२१८०६

८२००००००
८१२०६०१
७९३९९०००

(२०१)² = (२०२)² − ( २ × २०२ − १ )
= ४०८०४ − ४०३
= ४०४०१

३(२०१² + २०१) + १
= ३ × ४०६०२ + १ = १२१८०७
१२१८०७००

१२१८०७००)७९३९९०००(६
७३०८४२००

यस कारण ८·२ को आसन्न घनमूल
२·०१७ उत्तर

३ उदाहरण

$\frac{२}{३}$ को घनमूल ल्याउँदा

$$\frac{२}{३} = \frac{२ \times ३ \times ३}{३ \times ३ \times ३} = \frac{१८}{२७}$$

यहाँ अंश १८ हर २७ हुन्छ। अंश १८ को आसन्न घनमूल ल्याई त्यसलाई हर २७ को घनमूल ३ ले भाग लिंदा $\frac{२}{३}$ को आसन्न घनमूल आउँछ। यस कारण १८ को आसन्न घनमूल ल्याउनुपर्छ।

१८ (२
८
१००००

$३(२^२ + २) + १$
$= ३ \times ६ + १ = १९$
१९००

१९००) १०००० (.५
९५००

२६
२७६
४
६७६
२६
४०५६
१३५२
१७५७६

१८०००
१७५७६
४२४०००

$३(२६^२ + २६) + १$
$= ३ \times ७०२ + १ = २१०७$
२१०७००

२१०७००) ४२४०००(२

२६३
१५६९
२७६
४
६९१६९
२६३ →

→ २०७५०७
४१५०१४
१३८३३८
१८१९१४४७

१८००००००० बाट २६३ को घन १८११९४४७ नघटेको हुनाले घनमूलको तेस्रो अङ्क २ हुन्छ ।

$$(२६२)^3 = (२६३)^3 - (३ \times २६३ \times २६२ + १)$$
$$= १८११९४४७ - (७८९ \times २६२ + १)$$
$$= १८११९४४७ - २०६७१९$$
$$= १७९८४७२८$$

```
   ७८९
   २६२
  ----
  १५७८
 ४७३४
१५७८
------
२०६७१८
```

```
१८००००००
१७९८४७२८
---------
  १५२७२०००
```

$$(२६२)^2 = (२६३)^2 - (२ \times २६३ - १)$$
$$= ६९१६९ - ५२५$$
$$= ६८६४४$$

$$३(२६२^2 + २६२) + १$$
$$= ३ \times ६८९०६ + १ = २०६७१९$$

२०६७१९००

२०६७१९०० ) १५२७२००० ( ०

यस कारण १८ को आसन्न घनमूल २·६२१ हुन्छ ।

१८ को आसन्न घनमूल २·६२१ लाई ३ ले भाग लिंदा

```
३००० ) २६२१ ( ·८७३
        २६२१
        २४००
        ----
         २२१
         २१०
        ----
          ११
           ९
        ----
           २
```

यस कारण $\frac{२}{३}$ को आसन्न घनमूल ·८७३ उत्तर

## ६ प्रश्नमाला

तलका संख्याका दशमलव ३ स्थानसम्म आसन्न घनमूल ल्याऊ—

(१) ३ (२) ७ (३) २५
(४) १०८९ (५) ·३ (६) ·७
(७) ·०२५ (८) ·००१०८९ (९) $\frac{१}{३}$
(१०) $\frac{१}{४}$ (११) $\frac{१०}{११}$

उत्तर

(१) १·४४३ (२) १·९१३
(३) २·९२४ (४) १०·२८९
(५) ·६६९ (६) ·८८८
(७) ·२९३ (८) ·१०३
(९) .६९३ (१०) ·२७३
(११) .९६८

ε प्रक्रम

वर्ग वर्गमूल घन घनमूलमा त्रैराशिक लाग्दैन भनी भास्कराचार्यले स्पष्टसँग बोलेका छन्। त्यसलाई हामीले माथि उपपत्तिसाथ देखाइसकेका छौं (पूर्णिमा ८ अङ्क ५०–५२ पृष्ठ)। यसैलाई लक्ष्य गरी गोपाल पाँडेले

**"त्रैराशिक बाट घनमूल ल्याउन्या रीति यसमा लेखियाकोछ। वर्ग र घनमा त्रैराशिक लागदैन भनी कोइ भन्लान् यसै कारणले स्थूल लब्धि आउदछ।"**

भनी बोलेका हुन्।

लब्धिभन्दा १ बढी लिनुपर्ने अवस्था प्रायः पर्ने र भिन्नरूप इच्छाफल आउने हुनाले पनि स्थूल लब्धि आउंछ भन्ने कुरा सबै उदाहरणले स्पष्ट गराएका छन।

त्रैराशिकबाट घनमूल ल्याउँदा

घनमूलको अन्त्य अङ्क = मू
घनमूलको आदि अङ्क = क भएमा
अभीष्ट घनमूल = १० मू + क हुन्छ।

यताबाट

$$\text{प्रमाण} = \left\{ १० \left( \text{मू} + १ \right) \right\}^{३} - \left( १० \text{ मू} \right)^{३}$$

$$= १००० \left( \text{मू} + १ \right)^{३} - १००० \text{ मू}^{३}$$

$$= १००० \left\{ \left( \text{मू} + १ \right)^{३} - \text{मू}^{३} \right\}$$

$$=१००० \left\{ मू^३ + ३मू^२ + ३मू + १ - मू^३ \right\}$$

$$=१००० \left\{ ३मू^२ + ३मू + १ \right\}$$

प्रमाण $=१०$

इच्छा $=(१०मू+क)^३-(१०मू)^३$

$$=(१०मू)^३+३(१०मू)^२ क+३(१०मू)क^२+क^३-(१०मू)^३$$

$$=३००मू^२क+३०मू क^२+क^३$$

यस्तो हुँदो रहेछ भन्ने कुरो माथिका प्रश्नका अभ्यासबाट विद्यार्थीको मनमा स्पष्टसँग बहन सक्छ ।

$$\therefore इच्छाफल = \frac{१०(३००मू^२क+३०मू क^२+क^३)}{१०००(३मू^२+३मू+१)}$$

$$= \frac{३००मू^२क+३०मू क^२+क^३}{१००(३मू^२+३मू+१)}$$

$$= \frac{३००मू^२क+३०मू क^२+क^३}{३००मू^२+३००मू+१००}$$

$$३०० मू^२+३००मू+१००\ )\ ३००मू^२क+३०मू क^२+क^३\ (\ क$$

$$\underline{३००मू^२क+३००मू क+१००क}$$

$$३०मू क^२-३००मू क+क^३-१००क$$

$$\therefore शेष = ३० मू क^२-३०० मू क+क^३-१०० क$$

$$= ३० मू क(क-१०)+क (क^२-१००)$$

घनमूलको आदि अङ्क क हो । यस कारण १० भन्दा क जहिले पनि अवश्यमेव सानो हुन्छ । यस कारण शेष ऋण हुन्छ भन्ने निश्चित छ ।

[१] ५ प्रक्रमको १ उदाहरणमा

मू $=१$

क $=२$ हो ।

यस कारण

$$शेष = ३०मू क (क-१०)+क (क^२-१००)$$

$$=३०\times१\times२ (२-१०)+२ (४-१००)$$

$$=६० (-८)+२ (-९६)$$

$$=-४८०-१९२$$

$$=-६७२$$

परीक्षा गर्दा—

$$७०० \enspace ) \enspace ७२८ \enspace ( \enspace २$$
$$\underline{१४००}$$
$$-६७२$$

यहाँ भाजक $=$ ७००

भाज्य $=$ ७२८

लब्धि $=$ २

शेष $=$ $-$६७२

[२] ५ प्रक्रमको २ उदाहरणमा

मू $=$ २

क $=$ ७

शेष $=$ ३०मू क (क$-$१०) $+$ क (क$^{२}-$१००)

$=$ ३० $\times$ २ $\times$ ७ (७$-$१०) $+$ ७ (४९$-$१००)

$=$ ४२० ($-$३) $+$ ७ ($-$५१)

$=$ $-$१२६०$-$३५७

$=$ $-$१६१७

परीक्षा गर्दा

$$१९०० \enspace ) \enspace ११६८३ \enspace ( \enspace ७$$
$$\underline{१३३००}$$
$$-१६१७$$

[३] ६ प्रक्रमको १ उदाहरणमा

घनमूलको तेस्रो अङ्क ल्याउँदा

मू $=$ ११

क $=$ २

शेष $=$ ३० मू क (क$-$१०) $+$ क (क$^{२}-$१००)

$=$ ३० $\times$ ११ $\times$ २ (२$-$१०) $+$ २ (४$-$१००)

$=$ ६६० ($-$८) $+$ २ ($-$९६)

$=$ $-$५२८०$-$१९२

$=$ $-$५४७२

परीक्षा गर्दा

३९७०० ) ७३९२८ ( २
७९४००
−५४७२

[४] $(९९)^३ = (१०० - १)^३$

$= (१००)^३ - ३(१००)^२(१) + ३(१००)(१)^२ - १^३$

$= १०००००० - ३०००० + ३०० - १$

$= १०००३०० - ३०००१$

$= ९७०२९९$

९७०२९९ ( ९
७२९
२४१२९९

$३(९^२ + ९) + १$

$= ३ \times ९० + १ = २७१$

२७१००

२७१०० ) २४१२९९ ( ९
२४३९००
−२६०१

शेष $= ३० \times ९ \times ९(९ - १०) + ९(९^२ - १००)$

$= २४३०(-१) + ९(-१९)$

$= -२४३० \; १७१$

$= -२६०१$

यहाँसम्मका कुराबाट घनमूलको एकस्थानी अङ्क ल्याउँदा लब्धि घनमूलको बास्तव अङ्क भन्दा सधैं सानै आउँदो रहेछ भन्ने स्पष्ट हुन्छ ।

$(९९९)^३ = (१००० - १)^३$

$= (१०००)^३ - ३(१०००)^२(१) + ३(१०००)(१)^२ - (१)^३$

$= १००००००००० - ३०००००० + ३००० - १$

$= १०००००३००० - ३००००० १$

$= ९९७००२९९९$

```
                ९९७ं००२ं९९९ं ( ९
                ७२९
               ─────────
२७१०० )  २६८००२ ( ९
                २४३९००
               ─────────
                 २४१०२
```

$(९९)^३ = ९७०२९९$

९९७००२

९७०२९९

―――――

२६७०३

$३(९९^२ + ९९) + १$

$= ३ \times ९९(९९ + १) + १$

$= २९७ \times १०० + १$

$= २९७०० + १$

$= २९७०१$

२९७०१००

२९७०१०० ) २६७०३९९९ ( ९

२६७३०९००

―――――

− २६९०१

$शेष = ३० \times ९९ \times ९(९ - १०) + ९(९^२ - १००)$

$= ३० \times ८९१(-१) - १७१$

$= -२६७३० - १७१$

$= -२६९०१$

यस उदाहरणबाट घनमूलमा दुइभन्दा बढी अङ्क आउने भएमा माझका लब्धिका अङ्क कहिलेकहीं चाहिने जति पनि आउँदो रहेछ भन्ने देखिन्छ ।

माझका चाहिने अङ्क नै लब्धि भएर ६ प्रक्रमको दोस्रो उदाहरणमा (०), ८ प्रक्रमको पहिलो उदाहरणमा (५), दोस्रो उदाहरणमा (० तथा १) तेस्रो उदाहरणमा (२) आएका छन् ।

यस कारण गोपाल पाँडेको

**"भाजकले भाग लिदा पांच भन्दा थोरै लब्धि आउन्या भया एक अधिक र धेरै आउन्या भया एक कम लिनु पर्छ ।"**

यो कुरो अलि मिले जस्तो लागेन ।

यो एउटा कुराबाहेक घनमूलको विषयमा गोपाल पाँडेले बोलेका अरू सबै कुरा उपपत्तिसँग ठम्म मिल्न आउँछन् ।

१० प्रक्रम

## भास्कराचार्यको घनमूल ल्याउने रीति

**आर्यभट,❁ ब्रह्मगुप्त,❀ श्रीधर,▱ द्वितीय आर्यभट,★ श्रीपति△ आदि प्राचीन गणितज्ञहरूको घनमूल ल्याउने रीति नै भास्करको घनमूल ल्याउने रीति हो । सो रीति**

---

❁ अघनाद् भजेद् द्वितीयात् त्रिगुणेन घनस्य मूलवर्गेण ।
वर्गस्त्रिपूर्वगुणितः शोध्यः प्रथमाद् घनश्च घनात् ॥५॥
(आर्यभटीयको गणितपाद)

❀ छेदोऽघनाद् द्वितीयाद् घनमूलकृतिस्त्रिसङ्गुणाप्तकृतिः ।
शोध्या त्रिपूर्वगुणिता प्रथमाद् घनतो घनो मूलम् ॥७॥
(ब्राह्मस्फुटसिद्धान्त गणिताध्याय)

अत्र चतुर्वेदाचार्यः ।

'अत्रोद्दिष्टघनराशेः प्रथमस्थानस्य घनसंज्ञा ततो विलोमतः स्थानद्वयस्य अघनसंज्ञा ततः परं पुनरेकस्य घनसंज्ञा ततश्च द्वयोरघनसंज्ञैवमापदसमाप्तेः । एवं स्थिते सूत्रावतारः । आदिभाजकः घनमूलकृतिस्त्रिसङ्गुणा कुत ;इत्याह । अघनाद् द्वितीयात् ततो यदाप्तं तस्य कृतिः शोध्या किन्तु सा त्रिगुणिता पूर्वगुणिता च कुतः प्रथमादघनात् ततश्च घनतो घनः शोध्यः । एवं कृते घनमूलं भवति । (ब्राह्मस्फुटसिद्धान्तको माथिको श्लोकको सुधाकरको टीका)

▱ घनपदमघनपदे द्वे घनपदतोऽपास्य घनमतो मूलम् ।
संयोज्य तृतीयपदस्याधस्तदनष्टवर्गेण ॥१६॥
एकस्थानेन तथा शेषं त्रिगुणेन सम्भजेत् तस्मात् ।
लब्धं निवेश्य पङ्क्त्यां तद्वर्गं त्रिगुणमन्त्यहतम् ॥१७॥
जह्यादुपरिगराशेः प्राग्वद् घनमादिमस्य च स्वपदात् ।
भूयस्तु तृतीयपदस्याध इत्यादिविधिर्मूलम् ॥१८॥
(त्रिशतिका)

★ घनशोध्यभाज्यसंज्ञानि पदानि घनं त्यजेत् स्वपदात् ।
मूलं भाज्यपदाधो निधाय तदनष्टवर्गेण ॥८॥
त्रिगुणेन भजेत् स्वपदाल्लब्धं विनिवेश्य पङ्क्तौ तत् ।
वर्गं त्रिपूर्ववधजं जह्याच्छोध्याद् घनं च घनपदतः ॥९॥
तन्मूलं भाज्याधो निधाय कार्यो विधिः प्राग्वत् ।
(महासिद्धान्तको पाटीगणिताध्याय)

△ घनोऽघनद्वन्द्वमिति प्रपात्य घनं घनान्मूलमधः पदस्य ।
नयेत् तृतीयस्य हरेच्च शेषं त्रिनिघ्नकृत्यास्य नियोज्य लब्धम् ॥

$$(अ+क)^3 = अ^3 + ३ अ^2 क + ३ अ क^2 + क^3$$

यस सूत्रबाट बनेको हो ।

भास्करको वाक्य यस्तो छ—

आद्यं घनस्थानमथाघने द्वे पुनस्तथाऽन्त्याद् घनतो विशोध्य ।
घनं पृथक्स्थं पदमस्य कृत्या त्रिघ्न्या तदाद्यं विभजेत् फलं तु ॥१४॥
पङ्क्त्यां न्यसेत् तत्कृतिमन्त्यनिघ्नीं त्रिघ्नीं त्यजेत् तत्प्रथमात् फलस्य ।
घनं तदाद्याद् घनमूलमेवं पङ्क्तिर्भवेदेवमतः पुनश्च ॥१५॥

(लीलावती परिकर्माष्टक)

घनमूलको रीतिलाई संझन अन्वय पनि घोक्ने चलन हुँदा सो अन्वय यहाँ दिइन्छ—

आद्यम् घनस्थानम् । अथ द्वे अघने । पुनः तथा । अन्त्यात् घनतः घनम् विशोध्य पदम् पृथक्स्थम् कार्यम् । त्रिघ्न्या अस्य कृत्या तदाद्यम् विभजेत् । फलम् तु पङ्क्त्याम् न्यसेत् । अन्त्यनिघ्नीम् त्रिघ्नीम् तत्कृतिम् तत्प्रथमात् त्यजेत् । फलस्य घनम् तदाद्यात् त्यजेत् । पङ्क्तिः घनमूलम् भवेत् । अतः पुनः एवम् ।

[पहिलो घनस्थान हुन्छ । अनि दुइटा अघनस्थान हुन्छन् फेरि त्यस्तै हुन्छ । { उद्दिष्ट घनराशिको दायाँपट्टिको सबभन्दा पहिलो (एकस्थानी) अङ्क घनस्थान कहाउँछ। घनस्थानमा ठाडो धर्कोले चिनो लाउनुपर्छ । घनस्थानका बायाँतिरका दुइटा (दशस्थानी र शतस्थानी) अङ्क अघनस्थान कहाउँछन् । अघनस्थानमा तेर्सो धर्कोले चिनो लाउनुपर्छ । फेरि सहस्रस्थानी अङ्क घनस्थान कहाउँछ। अनि दुइटा अङ्क अघनस्थान कहाउँछन् । यसै गरी जम्मै अङ्क नसिद्धिए-सम्म दायाँबाट चिनो लाउँदै बायाँतिर जानुपर्छ ।}

अन्त्य घनस्थानसम्मका संख्याबाट घटन सक्नेसम्मको ठूलो संख्याको घन घटाउनू । जसको घन घटेको छ, सो संख्या घनमूलको अन्त्य अङ्क हुन्छ । त्यसलाई पङ्क्तिमा (उत्तर लेख्ने ठाउँमा) लेख्नू । आएको घनमूलको अन्त्य अङ्कको वर्ग गरी सो वर्गलाई ३ ले गुन्नू । सो गुणनफल भाजक हुन्छ ।

---

पङ्क्त्यां ततस्तत्कृतिमन्त्यनिघ्नीं त्रिसङ्गुणां चापनयेद् घनं च ।
विधानमेतद् गणकेन नूनं पुनर्विधेयं घनमूललब्ध्यै ॥

(गणिततिलक) ‡

---

‡ सिद्धान्तशेखरमा (द्वितीय भागको १० पृष्ठमा) पनि यी श्लोक परेका छन् । त्यहाँ १, २ पदका पाठ फरक छन् । गणिततिलकको पाठ प्रामाणिक जस्तो लागेकोले यहाँ सोही पाठ दिइएको हो ।

घन घटाई बाँकी रहेको शेषको दायाँतिर अन्त्य घनको दायाँतिरको एउटा अघनस्थान उतारी बनेको संख्यालाई भाजकले भाग लिनू । लब्धि घनमूलको आद्य (दायाँतिरको*) अङ्क हुन्छ । त्यसलाई पङ्क्तिमा दायाँतिर लेख्नू । अहिले आएको आद्य (दायाँतिरको) अङ्कको वर्ग गरी त्यसलाई अन्त्य अङ्कले (अघि आएको घनमूलको अङ्कले) र ३ ले पनि गुन्नू । शेषको दायाँतिर अर्को एउटा अघनस्थान उतारी बनेको संख्याबाट सो गुणनफल घटाउनू । यस शेषको दायाँतिर घनस्थान उतारी बनेको संख्याबाट घनमूलको आद्य अङ्कको घन घटाउनू । पङ्क्तिमा आएको संख्या घनमूल हुन्छ । सबै अङ्क नसिद्धिएसम्म यो रीति गर्दै जानुपर्छ ।]

१ उदाहरण

१०६४८ को घनमूल ल्याउँदा

| | | |
|---|---|---|
| | | १०६४८ (२२ उत्तर |
| २ को घन | | ८ |
| | | २६ |
| २ को वर्ग ४ लाई ३ ले गुन्दा १२ भाजक | २ लब्धि | |
| | २४ | २४ |
| | | २४ |
| २ को वर्ग ४ लाई २ ले गुनी ३ ले गुन्दा | | २४ |
| | | ८ |
| २ को घन | ८ | ८ |
| | | × |

यस कारण अभीष्ट घनमूल २२

उहिले कागत दुर्लभ वस्तु थियो । यस कारण पाटी (धुळौटो) मा धूलो हाली खरीहरूले कोरेर गणित गर्दथे । यस कारण गणितको क्रियाको नाम लिनुपर्दा 'धूलीकर्म' भनी भास्करले धेरै ठाउँमा बोलेका छन् । (सिद्धान्तशिरोमणि स्पष्टाधिकार ४० श्लोक, चन्द्रग्रहणाधिकार ४ श्लोकका भाष्य इत्यादि) । धुळौटोमा लामा लामा गणित नअटाउने हुनाले काम गर्दै मेट्दै जाने चलन थियो । यस कारण उनताका गणितको न्यास अलि फरक हुन्थ्यो । 'शुद्धो' को विषयमा लेख्ता यस कुरालाई खुलाएर विस्तारपूर्वक लेख्ने मेरो विचार छ ।

* घनमूलमा धेरै अङ्क आउने भएमा यसलाई उपान्तिम अङ्क भन्छन् ।

## २ उदाहरण

१९६८३ को घनमूल ल्याउँदा — १९६८३ (२७ उत्तर

२ को घन — ८

२ को वर्ग ४ लाई ३ ले गुन्दा १२ भाजक — ११६

७ लब्धि †

८४ — ८४

३२८

७ को वर्ग ४९ लाई २ ले गुनी फेरि ३ ले गुन्दा २९४ — २९४

३४३

७ को घन ३४३ — ३४३

×

यस कारण अभीष्ट घनमूल २७

---

† लब्धि अडकल गर्ने अभ्यास नबसेसम्म तलको रीतले घनमूल गर्नु बढिया छ---

१९६८३ को घनमूल ल्याउँदा — १९६८३ (२७ उत्तर

२ को घन — ८

२ को वर्ग ४ लाई ३ ले गुन्दा १२ भाजक — ११६

९ लब्धि

१०८ — १०८

८८

९ को वर्ग ८१ लाई २ ले गुनी फेरि ३ ले गुन्दा ४८६ हुन्छ ।
८८ बाट ४८६ घट्न सक्तैन । यस कारण लब्धि ८ लिनुपरयो ।

१२ भाजक — ११६

८ लब्धि

९६ — ९६

२०८

८ को वर्ग ६४ लाई २ ले गुनी फेरि ३ ले गुन्दा ३८४ हुन्छ ।
२०८ बाट ३८४ घट्न सक्तैन । यस कारण ७ लब्धि लिनुपरयो ।

१२ भाजक — ११६

७ लब्धि

८४ — ८४

३२८

७ का वर्ग ४९ लाई २ ले गुनी फेरि ३ ले गुन्दा २९४ — २९४

३४३

७ को घन ३४३ — ३४३

×

यस कारण अभीष्ट घनमूल २७

## ३ उदाहरण

१९५३१२५ को घनमूल ल्याउँदा

| | |
|---|---|
| | १९५३१२५ (१२५ उत्तर |
| १ को घन १ | १ |
| १ को वर्ग १ लाई ३ ले गुन्दा ३ भाजक | ९ |
| २ लब्धि | |
| ६ | ६ |
| | ३५ |
| २ को वर्ग ४ लाई १ ले गुनी फेरि ३ ले गुन्दा १२ | १२ |
| | २३३ |
| २ को घन ८ | ८ |
| १२ को वर्ग १४४ लाई ३ ले गुन्दा ४३२ भाजक | २२५१ |
| ५ लब्धि | |
| २१६० | २१६० |
| | ९१२ |
| ५ को वर्ग २५ लाई १२ ले गुनी फेरि ३ ले गुन्दा ९०० | ९०० |
| | १२५ |
| ५ को घन १२५ | १२५ |
| | × |

यस कारणे अभीष्ट घनमूल १२५

११ प्रकम–

१० प्रक्रमको तेस्रो उदाहरणमा घनमूलमा तीन अङ्क आएका छन् अर्थात् घनमूलमा तीन पदांश छन् । यस कारण यहाँ

$$(\text{अ}+\text{क})^{३}=\text{अ}^{३}+३\text{अ}^{२}\text{क}+३\text{अ}\,\text{क}^{२}+\text{क}^{३}$$

माथिको यस सूत्रले

$$(\text{अ}+\text{क}+\text{ग})^{३}$$

$$=\left\{(\text{अ}+\text{क})+\text{ग}\right\}^{३}$$

$$=(\text{अ}+\text{क})^{३}+३(\text{अ}+\text{क})^{२}\text{ग}+३(\text{अ}+\text{क})\text{ग}^{२}+\text{ग}^{३}$$

$$=\text{अ}^{३}+३\text{अ}^{२}\text{क}+३\text{अ}\,\text{क}^{२}+\text{क}^{३}+३(\text{अ}+\text{क})^{२}\text{ग}+३(\text{अ}+\text{क})\text{ग}^{२}+\text{ग}^{३}$$

यो रूप लिएको छ ।

यो सूत्रलाई भास्करले तलको वाक्यमा बोलेका छन्—

समत्रिघातश्च घनः प्रदिष्टः स्थाप्यो घनो ऽन्त्यस्य ततो ऽन्त्यवर्गः ।
आदित्रिनिघ्नस्तत आदिवर्गस्त्र्यन्त्याहतोऽथादिघनश्च सर्वे ।।११।।
स्थानान्तरत्वेन युता घनः स्यात् प्रकल्प्य तत्खण्डयुगं ततो ऽन्त्यम् ।
एवं मुहुः ... ... ... ... ... ।।१२।।

(लीलावती परिकर्माष्टक)

[बराबरका तीनवटा राशिको गुणनफल घन कहाउँछ । अन्त्यको घन लेख्नू । अनि अन्त्यको वर्गलाई ३ ले र आदिले गुनी लेख्नू । अनि आदिको वर्गलाई ३ ले र अन्त्यले गुनी लेख्नू । अनि आदिको घन लेख्नू । सबैलाई स्थान मिलाई जोड्नू । अभीष्ट घन आउँछ ।

अभीष्ट राशिमा दुइभन्दा बढ्ता अङ्क भएमा अहिले काम गरेका २ अङ्कले बनेको संख्यालाई अन्त्य मानी फेरि यो काम गर्नू । यसै गरी वारंवार काम गर्दै जानू । ]

जस्तै–

१ *उदाहरण*

२७ को घन गर्दा

१९६८३

---

२३
८९४
८४४३

---

२७

यहाँ पहिले अन्त्य अङ्क २ को घन ८ लेखिएको छ । अनि अन्त्य अङ्क २ को वर्ग ४ लाई ३ ले र आदि अङ्क ७ ले गुन्दा ८४ हुन्छ । सो ८४ को आदि अङ्क ४ लाई अन्त्य अङ्कको घन (८) को दायाँतिर पारी सो ८४ लेखिएको छ । अनि आदि अङ्क ७ को वर्ग ४९ लाई ३ ले र अन्त्य अङ्क २ ले गुन्दा २९४ हुन्छ । सो २९४ को आदि अङ्क ४ लाई अघि लेखिएको ८४ को आदि अङ्क ४ को दायाँतिर पारी सो २९४ लेखिएको छ । अनि आदि अङ्क ७ को घन ३४३ हुन्छ । सो ३४३ को आदि अङ्क ३ लाई अघि लेखिएको २९४ को आदि अङ्क ४ को दायाँतिर पारी सो ३४३ लेखिएको छ । लेख्ने क्रम माथि माथि हुँदै गएको छ । यी लेखिएका अङ्कको योग गर्दा १९६८३ हुन्छ । यस कारण २७ को घन १९६८३ हुन्छ ।

स्थानीयमान मिलाई सूत्रअनुसार काम गर्दा

$$(२७)^3 = (२०+७)^3 = (२०)^3 + ३(२०)^2(७) + ३(२०)(७) + (७)^3$$
$$= ८००० + ३(४००)(७) + ३(२०)(४९) + ३४३$$
$$= ८००० + ८४०० + २९४० + ३४३$$
$$= १९६८३$$

२ *उदाहरण*

१२५ को घन गर्दा

१९५३१२५

२ ९१

११६०२

१६२८००५

१२५

यहां पहिले १ उदाहरणमा बताए जस्तै १२ को घन लेखिएको छ। अनि १ र २ यी दुइ अङ्कबाट बनेको १२ लाई अन्त्य अङ्क भनी कल्पना गरिएको छ। अनि अन्त्य अङ्क १२ को वर्ग १४४ लाई ३ ले र आदि अङ्क ५ ले गुन्दा २१६० हुन्छ। सो २१६० का आदि अङ्क ० लाई अन्त्य (१२) को घनको आदि अङ्क ८ को दायाँतिर पारी २१६० लेखिएको छ। अनि आदि अङ्क ५ को वर्ग २५ लाई ३ ले र अन्त्य अङ्क १२ ले गुन्दा ९०० हुन्छ। सो ९०० को आदि अङ्क ० लाई अघि लेखिएको २१६० को आदि अङ्क ० को दायाँतिर पारी सो ९०० लेखिएको छ। अनि आदि अङ्क ५ को घन १२५ हुन्छ। सो १२५ को आदि अङ्क ५ लाई अघि लेखिएको ९०० को आदि अङ्क ० को दायाँतिर पारी सो १२५ लेखिएको छ। लेख्ने क्रम माथि माथि हुँदै गएको छ। यी लेखिएका अङ्कको योग गर्दा १९५३१२५ हुन्छ। यस कारण १२५ को घन १९५३१२५ हुन्छ।

स्थानीयमान मिलाई सूत्रअनुसार काम गर्दा

$$(१२५)^3 = (१२०+५)^3 = (१२०)^3 + ३(१२०)^2(५) + ३(१२०)(५)^2 + (५)^3$$
$$= (१०×१२)^3 + ३(१२०)^2(५) + ३(१२०)(५)^2 + (५)^3$$
$$= (१०)^3(१०+२)^3 + ३(१२०)^2(५) + ३(१२०)(५)^2 + (५)^3$$
$$= (१०)^3 \left\{(१०)^3 + ३(१०)^2(२) + ३(१०)(२)^2 + (२)^3\right\}$$
$$+ ३(१२०)^2(५) + ३(१२०)(५)^2 + (५)^3$$
$$= १००० \left\{१००० + ६०० + १२० + ८\right\} ३(१२०)^2(५)$$
$$+ ३(१२०)(५) + (५)^3$$

=१०००(१७२८)+३(१४४००)(५)+३(१२०)(२५)+(१२५)
=१७२८०००+२१६०००+९०००+१२५
=१९५३१२५

७ प्रश्नमालाका उत्तरका घन गर्दा ती प्रश्न आउँछन् । यस कारण विद्यार्थीहरूले ती उत्तरका माथि दिइएका दुवै रीतले घन गरी सूत्रको राम्ररी अभ्यास गर्नु बढिया छ ।

घनमूलको प्रसङ्गमा यहाँ घनको चर्चा आएको हो । दुवैको भित्री भाग एउटै छ । घनमूल सूत्रबाट मात्र गर्न सकिन्छ, घनचाहिं सामान्य गुणनबाट पनि आउन सक्तछ । यस कारण घनमूलको अभ्यास गरिसकेपछि बुद्धिविकासको लागि सूत्रअनुसार घनको अभ्यास गरे पनि हुन्छ ।

## ७ प्रश्नमाला

भास्करको (१० प्रक्रमको) रीतबाट तलका संख्याका घनमूल ल्याऊ—

(१) १३३१ (२) २१९७
(३) १७२८ (४) ९२६१
(५) २७४४ (६) ३३७५
(७) ४०९६ (८) ४९१३
(९) ५८३२ (१०) ६८५९
(११) ६८९२१ (१२) २९७९१
(१३) १२१६७ (१४) ३२७६८
(१५) ७४०८८ (१६) ३५९३७
(१७) ७९५०७ (१८) १३८२४
(१९) ३९३०४ (२०) ८५१८४
(२१) १३२६५१ (२२) २२६९८१
(२३) ३५७९११ (२४) ५३१४४१
(२५) ७५३५७१ (२६) १४८८७७
(२७) २५००४७ (२८) ३८९०१७
(२९) २३८३२८ (३०) १४०६०८
(३१) ३७३२४८ (३२) ५५१३६८
(३३) ७७८६८८ (३४) ५७१७८७
(३५) ८०४३५७ (३६) १०३०३०१
(३७) ९२६१००० (३८) १०६१२०८
(३९) ८१२०६०१ (४०) १४०४९२८
(४१) १७७१५६१ (४२) ९३९३९३१

(४३) २७४४०००
(४४) २१९७०००
(४५) ८२४२४०८
(४६) १०७९३८६१
(४७) १०९४१०४८
(४८) ११०८९५६७
(४९) १२४८७१६८
(५०) १२३२६३९१
(५१) ११२३९४२४
(५२) १३१४४२५६
(५३) ११८५२३५२
(५४) ११३९०६२५
(५५) १२८१२९०४
(५६) ८०४३५७०००
(५७) ८१२१६६२३७
(५८) ८४३९०८६२५
(५९) ५२१६६०१२५
(६०) ३५१८९५८१६
(६१) ७८६३३०४६७
(६२) ५२३६०६६१६
(६३) १००६०१२००८
(६४) १०७०५९९१६७
(६५) ११४११६६१२५
(६६) ८०६०१५०१२५
(६७) ८६२७७३८६५१
(६८) २३२६२०३१२५
(६९) १७४९६९०१२५
(७०) ९४४७४५७५४४
(७१) २८०९४४६४०००
(७२) ७९५६२४८२९०१
(७३) ६४४३२९७२७२९
(७४) ३९३०४००००००
(७५) ४२९११७६०५०१
(७६) २७१०८१४४०६४
(७७) ६४१४४१०८०२७
(७८) ९११८५७६३५०१
(७९) ६९४७७२१९६३१
(८०) ३०१९६४०५५४४
(८१) १२५२२५१३५०२७
(८२) २६२३८९८३६८०८
(८३) ७३१४३२७०१०००
(८४) २३८४४३३३८६०१
(८५) ३४३७३५५२५१२५
(८६) ७२९२४३०२७००१
(८७) २१७१९०१७९३३१
(८८) ३४३४४११८९०२७
(८९) १८३३४७२३६२४१
(९०) १९९१३४०३१८९४१
(९१) ४५८८६५५७०२७४०१
(९२) ३०९२९९०९९३०००
(९३) ३८७६५५२०४५८२९
(९४) ९८४९४७३३८३७५७२९३
(९५) ३०९८३४०४९५०५५९३६८
(९६) ३७६१३४०८२१३६०५८०५१
(९७) ९५१९५४८६४७४१७९३५५६३४४
(९८) ८३५१७६९२३५०६७२२०४५६१
(९९) ३७००००००४९४१८३७८०५०४८
(१००) ५७८६८०३२२०७४१६५८७३३०९९३१

## उत्तर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| [१] | ११ | [२] | १३ | [३] | १२ | [४] | २१ |
| [५] | १४ | [६] | १५ | [७] | १६ | [८] | १७ |
| [९] | १८ | [१०] | १९ | [११] | ४१ | [१२] | ३१ |
| [१३] | २३ | [१४] | ३२ | [१५] | ४२ | [१६] | ३३ |
| [१७] | ४३ | [१८] | २४ | [१९] | ३४ | [२०] | ४४ |
| [२१] | ५१ | [२२] | ६१ | [२३] | ७१ | [२४] | ८१ |
| [२५] | ९१ | [२६] | ५३ | [२७] | ६३ | [२८] | ७३ |
| [२९] | ६२ | [३०] | ५२ | [३१] | ७२ | [३२] | ८२ |
| [३३] | ९२ | [३४] | ८३ | [३५] | ९३ | [३६] | १०१ |
| [३७] | २१० | [३८] | १०२ | [३९] | २०१ | [४०] | ११२ |
| [४१] | १२१ | [४२] | २११ | [४३] | १४० | [४४] | १३० |
| [४५] | २०२ | [४६] | २२१ | [४७] | २२२ | [४८] | २२३ |
| [४९] | २३२ | [५०] | २३१ | [५१] | २२४ | [५२] | २३६ |
| [५३] | २२८ | [५४] | २२५ | [५५] | २३४ | [५६] | ९३० |
| [५७] | ९३३ | [५८] | ९४५ | [५९] | ८०५ | [६०] | ७०६ |
| [६१] | ९२३ | [६२] | ८०६ | [६३] | १००२ | [६४] | १०२३ |
| [६५] | १०४५ | [६६] | २००५ | [६७] | २०५१ | [६८] | १३२५ |
| [६९] | १२०५ | [७०] | २११४ | [७१] | ३०४० | [७२] | ४३०१ |
| [७३] | ४००९ | [७४] | ३४०० | [७५] | ३५०१ | [७६] | ३००४ |
| [७७] | ४००३ | [७८] | ४५०१ | [७९] | ४१११ | [८०] | ३११४ |
| [८१] | ५००३ | [८२] | ६४०२ | [८३] | ९०१० | [८४] | ६२०१ |
| [८५] | ७००५ | [८६] | ९००१ | [८७] | ६०११ | [८८] | ७००३ |
| [८९] | ५६८१ | [९०] | १२५८१ | [९१] | ३५८०१ | [९२] | १४५७० |
| [९३] | १५७०९ | [९४] | २१४३५७ | [९५] | ३१४०८२ | [९६] | ७२१८५१ |
| [९७] | ९८३७२१४ | [९८] | ४३७११२१ | [९९] | ३३३२२२२ | [१००] | ८३३३२२११ |

१२ प्रक्रम

## सामन्त चन्द्रशेखरको घनमूल
## ल्याउने रीति

भास्करले

$$(\text{अ}+\text{क})^3 = \text{अ}^3 + ३\text{अ}^2\,\text{क} + ३\,\text{अ}\,\text{क}^2 + \text{क}^3 \quad [१]$$

यस सूत्रबाट घनमूल ल्याएका हुन् भनी माथि नै भनिसकिएको छ ।

स्थानीयमानको ख्याल राख्ता
अभीष्ट घनमूल $= १० अ + क$
हुन्छ भन्ने कुरो पनि बताइसकिएको छ ।
यस कारण

$$उद्दिष्ट घनराशि = (१० अ + क)^३$$
$$= (१० अ)^३ + ३(१० अ)^२ (क) + ३(१० अ)(क)^२ + क^३$$
$$= १००० अ^३ + ३०० अ^२ क + ३० अ क^२ + क^३ \qquad [२]$$

हुन्छ ।

भास्करले एकएकवटा अङ्क ओह्लाल्दै काम गर्दै गएकाले त्यहाँ स्थानीयमानको स्पष्ट झलक नपाइएको हो । तीनतीनवटा अङ्क ओह्लाल्दै काम गर्दै गएमा स्थानीयमानको झलक स्पष्ट देखिन्छ ।

सामन्त चन्द्रशेखरले स्थानीयमानको झलक देखाई [२] सूत्रबमोजिम घनमूल ल्याएका छन् । जस्तै—

घनः समाङ्कत्रितयस्य घातस्तदीयमूलानयनाय सूत्रम् ।
यथाङ्कपङ्क्तेश्चरमे निधाय बिन्दुं ततो वामगते चतुर्थे ।।२३२।।
ततश्चतुर्थे क्रमतश्च दत्वा सबिन्दुशिष्टाङ्कत एव यस्य ।
यातु घनो युज्यत एतमङ्कं लब्धं न्यसेत् तद्घनवर्ज्जितायाः ।।२३३।।
पङ्क्तेः स्थिरायास्त्रिविधाङ्कहानिर्जाता द्वितीयादिकलब्धसिद्ध्यै ।
तस्यास्तले न्यस्य पृथक्स्थितायां लब्धाङ्कवर्गं त्रिशतघ्नमेवम् ।।२३४।।
वामाद् द्वितीयादिसबिन्दुकाङ्कस्याधोऽन्त्यशून्यस्य यथा स्थितिः स्यात् ।
तेनैव तस्या हरणे प्रवृत्ते नवाधिकं चेत्पततीह लब्धम् ।।२३५।।
नवैव कृत्वा तदनेन हारं हृत्वा पृथक् पङ्क्तितले निधाय ।
कृतिं द्वितीयादिफलस्य पूर्व्वलब्धैर्हतां खाग्नि ३० गुणां ततोऽधः ।।२३६।।
घनं द्वितीयादिफलस्य चैवं त्रिधाङ्कयोगं विजहातु पङ्क्तेः ।
साल्पा यदि स्यङ्कयुतेर्द्वितीयाद्येकैकहीनं क्रमशोऽत्र लब्धम् ।।२३७।।
कृत्वा विदध्यात्त्रिविधाङ्कयोगं स्थिरं विशुद्ध्यन्तमथाङ्कपङ्क्तेः ।
तेनोज्झितायाः पुनरन्यलब्धान्येवं फलाङ्का घनमूलसंज्ञाः ।।२३८।।
पतन्ति पङ्क्त्यूर्द्धगबिन्दुतुल्यास्तेषां घनः पूर्व्ववदङ्कपङ्क्तिः ।
सा चेत्सहस्राल्पतया स्थिता स्यात् सकृद्भवेत्तद् घनमूलमेकम् ।।२३९।।

(सिद्धान्तदर्पणको गोलाधिकारको वासनाशेषरहस्यवर्णन (२३८–२३९ पृ.) )

[बराबरका तीनवटा संख्याको गुणनफललाई घन भन्दछन् । घनबाट मूल संख्या (घनमूल) ल्याउने रीति अब दिइन्छ ।

उद्दिष्ट घनसंख्याको एकस्थानी अङ्कको शिरमा चिनो लाउनू । अनि त्यसको बायाँतिरको चारौं अङ्कमा चिनो लाउनू । यसरी चारौं चारौं अङ्कमा चिनो लाउँदै जानू । बायाँतिरको पछिल्लो चिनोसम्मका संख्याबाट घट्न सक्नेसम्मको ठूलो संख्याको घन घटाउनू । सो संख्यालाई लब्ध भन्दछन् । यो संख्यालाई एक ठाउँमा थपक्क लेखिराख्नू । शेषको दायाँतिर दोस्रो चिनो-सम्मका ३ अङ्क ओह्राल्नू । सो भाज्य हुन्छ । लब्धको वर्गलाई ३०० ले गुनी भाजक ल्याउनू । भाजकले भाज्यलाई भाग लिई दोस्रो लब्ध ल्याउनू । ९ भन्दा बढ्ता दोस्रो लब्ध आएमा पनि ९ मात्र लिनुपर्दछ । पहिलो लब्धको दायाँतिर दोस्रो लब्ध लेख्नू । दोस्रो लब्धले भाजकलाई गुन्नू । यो गुणनफल पहिलो फल कहाउँछ । दोस्रो लब्धको वर्गलाई पहिलो लब्धले र ३० ले गुन्नू । यो गुणनफल दोस्रो फल कहाउँछ । दोस्रो लब्धको घन तेस्रो फल कहाउँछ । पहिलो दोस्रो तेस्रो फलको योगलाई भाज्यबाट घटाउनू । केही गरी भाज्यबाट यो योग घटेन भने दोस्रो लब्धभन्दा १ कम संख्यालाई दोस्रो लब्ध मान्नुपर्छ । अहिले मानेको दोस्रो लब्धबाट आएका पहिलो दोस्रो तेस्रो फलको योग पनि भाज्यबाट घटेन भने अहिले मानेको दोस्रो लब्धभन्दा पनि १ कम संख्या-लाई दोस्रो लब्ध मान्नुपर्छ । तीनवटा फलको योग भाज्यबाट नघटेसम्म १ कम दोस्रो लब्ध लिंदै जानुपर्छ । फेरि शेषको दायाँतिर तेस्रो चिनोसम्मका ३ अङ्क ओह्राल्दा बनेको संख्यालाई भाज्य कल्पना गर्नू । पहिलो लब्धको दायाँतिर दोस्रो लब्धलाई लेख्दा बनेको संख्यालाई (नयाँ) पहिलो लब्ध कल्पना गर्नू । अघि जस्तै गरी फेरि अर्को लब्ध ल्याउनू । सबै अङ्क नसिद्धिएसम्म यो क्रिया गर्दै जानू ।

उद्दिष्ट घनराशिमा जतिवटा चिनो लागेका हुन्छन्, त्यतिवटा लब्ध आउँछन् । ती लब्धबाट बनेको संख्या नै अभीष्ट घनमूल हुन्छ । अभीष्ट घनमूलको घन उद्दिष्ट घनराशिले बराबर हुन्छ ।

उद्दिष्ट घनराशि १००० भन्दा सानो छ भने एक अङ्कले बनेको संख्या अभीष्ट घनमूल हुन्छ । सो संख्या एकैपटक आउँछ ।]

१ *उदाहरण*

१०६४८ को घनमूल ल्याउँदा

| | |
|---|---|
| | १०६४८(२२ उत्तर |
| पहिलो लब्ध २ को घन | ८ |
| भाज्य | २६४८ |
| पहिलो लब्ध २ को वर्ग ४ लाई ३०० ले गुन्दा आएको १२०० भाजक | |
| दोस्रो लब्ध २ ले भाजक १२०० लाई गुन्दा आएको पहिलो फल | २४०० |

| | |
|---|---|
| दोस्रो लब्ध २ को वर्ग ४ लाई पहिलो लब्ध २ | |
| र ३० ले गुन्दा आएको दोस्रो फल | २४० |
| दोस्रो लब्ध २ को घन तेस्रो फल | ८ |
| तीन फलको योग | २६४८ |
| भाज्यबाट तीन फलको योग घटाउँदा शेष | ० |

यस कारण अभीष्ट घनमूल २२

२ उदाहरण

१९६८३ को घनमूल ल्याउँदा

| | १९६८३ (२७ उत्तर |
|---|---|
| पहिलो लब्ध २ को घन | ८ |
| भाज्य | ११६८३ |
| पहिलो लब्ध २ को वर्ग ४ लाई ३०० ले गुन्दा आएको १२०० भाजक | |
| दोस्रो लब्ध❀ ७ ले भाजक १२०० लाई गुन्दा आएको पहिलो फल | ८४०० |
| दोस्रो लब्ध ७ को वर्ग ४९ लाई पहिलो लब्ध २ र ३० ले गुन्दा आएको दोस्रो फल | २९४० |
| दोस्रो लब्ध ७ को घन तेस्रो फल | ३४३ |
| तीन फलको योग | ११६८३ |
| भाज्यबाट तीन फलको योग घटाउँदा शेष | ० |

यस कारण अभीष्ट घनमूल २७

❀ दोस्रो लब्ध अडकल गर्ने अभ्यास नबसेसम्म तलको रीतिले घनमूल गर्नु बढिया छ ।

१९६८३ को घनमूल ल्याउँदा

| | १९६८३ ( २७ उत्तर |
|---|---|
| पहिलो लब्ध २ को घन | ८ |
| भाज्य | ११६८३ |
| पहिलो लब्ध २ को वर्ग ४ लाई ३०० ले गुन्दा आएको १२०० भाजक | |
| दोस्रो लब्ध ९ ले भाजक १२०० लाई गुन्दा आएको पहिलो फल | १०८०० |

३ उदाहरण

१९५३१२५ को घनमूल ल्याउँदा

| | |
|---|---|
| | १९५३१२५ (१२५ उत्तर |
| पहिलो लब्ध १ को घन | १ |
| भाज्य | ९५३ |
| पहिलो लब्ध १ को वर्ग १ लाई ३०० ले गुन्दा आएको ३०० भाजक | |
| दोस्रो लब्ध २ ले भाजक ३०० लाई गुन्दा आएको पहिलो फल | ६०० |

---

| | |
|---|---|
| दोस्रो लब्ध ९ को वर्ग ८१ लाई पहिलो लब्ध २ र ३० ले गुन्दा आएको दोस्रो फल | ४८६० |
| दोस्रो लब्ध ९ को घन तेस्रो फल | ७२९ |
| तीन फलको योग | १६३८९ |
| भाज्यबाट तीन फलको योग नघटेकोले दोस्रो लब्ध ८ लिनुपर्‍यो । | |
| दोस्रो लब्ध ८ ले भाजक १२०० लाई गुन्दा आएको पहिलो फल | ९६०० |
| दोस्रो लब्ध ८ को वर्ग ६४ लाई पहिलो लब्ध २ र ३० ले गुन्दा आएको दोस्रो फल | ३८४० |
| दोस्रो लब्ध ८ को घन तेस्रो फल | ५१२ |
| तीन फलको योग | १३९५२ |
| भाज्यबाट तीन फलको योग नघटेकोले दोस्रो लब्ध ७ लिनुपर्‍यो । | |
| दोस्रो लब्ध ७ ले भाजक १२०० लाई गुन्दा आएको पहिलो फल | ८४०० |
| दोस्रो लब्ध ७ को वर्ग ४९ लाई पहिलो लब्ध २ र ३० ले गुन्दा आएको दोस्रो फल | २९४० |
| दोस्रो लब्ध ७ को घन तेस्रो फल | ३४३ |
| तीन फलको योग | ११६८३ |
| भाज्यबाट तीन फलको योग घटाउँदा शेष | ० |
| यस कारण अभीष्ट घनमूल २७ | |

| | |
|---|---|
| दोस्रो लब्ध २ को वर्ग ४ लाई पहिलो लब्ध १ र | |
| ३० ले गुन्दा आएको दोस्रो फल | १२० |
| दोस्रो लब्ध २ को घन तेस्रो फल | ८ |
| तीन फलको योग | ७२८ |
| भाज्यबाट तीन फलको योग घटाई अर्को चिनोसम्म | |
| तीन अङ्क ओह्राल्दा भाज्य | २२५१२५ |
| पहिलो लब्ध १२ को वर्ग १४४ लाई ३०० ले गुन्दा | |
| आएको ४३२०० भाजक | |
| दोस्रो लब्ध ५ ले भाजक ४३२०० लाई गुन्दा | |
| आएको पहिलो फल | २१६००० |
| दोस्रो लब्ध ५ को वर्ग २५ लाई पहिलो लब्ध १२ र | |
| ३० ले गुन्दा आएको दोस्रो फल | ९००० |
| दोस्रो लब्ध ५ को घन तेस्रो फल | १२५ |
| तीन फलको योग | २२५१२५ |
| भाज्यबाट तीन फलको योग घटाउँदा शेष | ० |

यस कारण अभीष्ट घनमूल   १२५

७ प्रश्नमालाका जम्मै प्रश्नलाई यस (१२ प्रक्रमको) रीतिबाट पनि अभ्यास गर्नु बढिया छ।

१३ प्रक्रम

## आजभोलि चलेको घनमूल ल्याउने रीति

$$(१०अ+क)^३ = १०००अ^३ + ३००अ^२क + ३०अ\,क^२ + क^३$$
$$= १०००अ^३ + (३००अ^२ + ३०अ\,क + क^२)क \quad [३]$$

हुन्छ।

यस कारण आजभोलिका गणितज्ञहरू यसै [ ३ ] बाट काम लिन्छन्।

"किसी राशि के घनमूल निकालने की रीति नीचे लिखी जाती है.

१ उदाहरण। १३८२४ का घनमूल निकालो।

१३,८२४(२४ उत्तर

८

५८२४

$२^२ \times ३०० = १२००$
$२ \times ३० \times ४ = २४०$
$४^२ = १६$

१४५६   ५८२४

संख्या को प्रत्येक ३ अङ्कों के अंशों में बांट लो, यही बिन्दु संख्या घनमूल के अङ्कों की संख्या है।

अब देखते हैं कि २ सबसे बडी संख्या है जिसका घन प्रथम अंशसे न्यून है; इसलिये यही घनमूल का पहिला अंक है, २के घन को प्रथम अंशमेंसे घटाओ और शेष में दूसरे अंश को उतार लो।

फिर २ (अर्थात् घनमूल के प्रथम अंक) के वर्ग को ३०० से गुणा करो और गुणनफल १२०० रखदो, यह जाँच भाजक है, अब ५८२४ को (जाँच भाजक) से भाग देनेसे ४ भागफल आया यह दूसरा अंक घनमूलका है; अब घनमूल के प्रथम अंक को ३० से गुणा किया और इस गुणनफल को घनमूल के दूसरे अंकसे गुणा करके इस फल को जांच भाजक के नीचे रख दिया, और इस के नीचे घनमूल के दूसरे अंक का वर्ग रक्खा; इन तीनोंके जोडने से १४५६ भाजक बन गया, फिर इसका मूलके दूसरे अंकसे गुणा किया और गुणनफलको ५८२४ मेंसे घटाया जिसमे शेष कुछ न रहा; परिणाम में २४ घनमूल १३८२४ का निकला।

यदि घनमूल में तीन वा तीनसे अधिक अंक हो तो ऊपर लिखी हुई क्रिया के अनुसार कार्य करते जाना चाहिये।

२ उदाहरण। ३३०७६१६१ का घनमूल निकालो।

| क्रिया. | |
|---|---|
| | ३३०७६१६१ (३२१ उत्तर |
| | २७ |
| $३^२ \times ३०० = २७००$ | ६०७६ |
| $३ \times ३० \times २ = १८०$ | |
| $२^२ = ४$ | |
| २८८४ | ५७६८ |
| $३२^२ \times ३०० = ३०७२००$ | ३०८१६१ |
| $३२ \times ३० \times १ = ९६०$ | |
| $१^२ = १$ | |
| ३०८१६१ | ३०८१६१ |

(यादवचन्द्र चक्रवर्तीको अङ्कगणितको छंटौं संस्करणको २१२–१३ पृष्ठ)

[उद्दिष्ट राशिको घनमूल ल्याउने रीति तल दिइन्छ।

उद्दिष्ट सङ्ख्यालाई (दायाँदेखि) तीन तीन अङ्कको खण्डमा छुट्याउँदै जाऊ। जतिवटा बिन्दु हुन्छन्, उतिवटा अङ्क घनमूलमा आउँछन्।

बायाँतिरको पहिलो खण्डबाट जसको घन घट्न सक्छ। सबभन्दा ठूलो त्यो सङ्ख्या २ हो भन्ने स्पष्ट छ। यस कारण घनमूलको बायाँतिरको पहिलो अङ्क २ नै हुन्छ। २ को घनलाई पहिलो खण्डबाट घटाऊ। शेषको (दायाँतिर) दोस्रो खण्डलाई ओह्राल।

अनि २ (घनमूलको बायाँतिरको पहिलो अङ्क)को वर्गलाई ३०० ले गुन्दा गुणनफल १२०० हुन्छ। यस गुणनफल १२०० लाई जाँचभाजक भन्छन।

जाँच भाजकले ५८२४ लाई भाग लिदा ४ लब्धि आउँछ। यो लब्धि घनमूलको दोस्रो (बायाँतिरबाट गन्दा) अङ्क हुन्छ।

अब घनमूलको पहिलो अङ्कलाई ३० ले गुणी गुणनफललाई घनमूलको दोस्रो अङ्कले गुनी जाँचभाजकको तलतिर लेख। यसको तलतिर घनमूलको दोस्रो अङ्कको वर्ग लेख। यो तीन-वटालाई जोड्दा १४५६ हुन्छ। यसलाई भाजक भन्दछन्। भाजकलाई घनमूलको दोस्रो अङ्कले गुन्दा गुणनफल ५८२४ हुन्छ। यसलाई ५८२४ बाट घटाउँदा निःशेष हुन्छ। यस कारण १३८२४ को घनमूल २४ हुन्छ।

घनमूलमा तीन वा तीनभन्दा बढी अङ्क आउने भएमा माथिको रीतिअनुसार नै काम गर्दै जानुपर्छ ]

७ प्रश्नमालाका जम्मै प्रश्नलाई यस (१३ प्रक्रमको) रीतिबाट पनि अभ्यास गर्नु बढिया छ।

प्राचीन (१०) चन्द्रशेखरको (१२) आजकलको (१३) प्रक्रमका रीतबाट भिन्नाभिन्नै गणित गरी तिनलाई भिडाउँदा एकैरूपका अङ्क आएको देखता यो तीनवटै रीत वास्तवमा एउटै रहेछन् भन्ने कुरो विद्यार्थीको मनमा स्पष्टसँग चढ्न सक्दछ।

*१४ प्रक्रम.*

## बापूदेव शास्त्रीको घनमूल ल्याउने रीति

उद्दिष्टघनराशेरेकस्थानीयाङ्कोपरि बिन्दुं कृत्वा ततः क्रमेण चतुर्थस्थानस्थाङ्कानामुपरि बिन्दून् विदध्यात्। तथा च बिन्दुसंजाता घनराशेर्विभागा घनाख्याः स्युः। अथान्त्याद् घनात् तदनधिकं महत्तमघनं विशोध्य मूलं लब्धिस्थाने न्यसेत्। तन्मूलस्यान्तिमाङ्को भवति। ततः शेषदक्षिणभाग उपान्तिमघनं संयोज्य तादृशशेषमन्त्यभाज्यं कल्पयेत्। अस्य वामभागे भजने भाजकस्थान इव मूलान्त्याङ्कस्य वर्गं त्रिगुणं शतगुणं कृत्वा न्यसेत्। तं चापूर्णभाजकं कल्पयेत्। अस्यापि वामतस्त्रिनिघ्नं मूलान्त्याङ्कं न्यसेत्। तं च पङ्क्तिसंज्ञं कल्पयेत्। ततस्तस्माद् भाज्यादपूर्णभाजकेन यल्लभ्यं स मूलस्योपान्तिमाङ्कः स्यात्। तं मूलान्त्याङ्के पङ्क्त्यां च स्थानान्तरत्वेन संयोज्य तादृशपङ्क्तिं मूलोपान्तिमाङ्केन संगुण्य फलं क्षेपसंज्ञमपूर्णभाजकस्याधो विन्यसेत्। ततोऽपूर्णभाजकक्षेपयोर्योगं क्षेपाधोभागे विन्यस्य तं पूर्णभाजकं कल्पयेत्। तं पूर्णभाजकं मूलोपान्तिमाङ्केन हत्वा फलं भाज्याद्विशोधयेत्। ततः शेषदक्षिण-

भाग उपान्तिमाद्यघनं संयोज्य तादृशशेषं पुनरन्त्यभाज्यं कल्पयेत् । ततो मूलोपान्तिमाङ्कवर्गं पूर्णभाजकाधो विन्यस्य तस्य तदुपरितनसंख्ययोश्च योगं शतघ्नं पुनरपूर्णभाजकं कल्पयेत् । ततो द्विगुणं मूलोपान्तिमाङ्कं पङ्क्त्यां संयोज्योक्तवद्विधिं वितनुयात् । एवं मुहुः कृतेऽन्ते यदि शेषं न स्यात् तर्हि लब्धिस्थाने येऽङ्काः स्युस्तद् घनमूलं स्यात् ॥ ॥

उदाहरणम् । घनः । घनमूलम् ।

| | | | | |
|---|---|---|---|---|
| पङ्क्तिः | | | ८१९५५२८५२१३३३६८ | (९३५८२ |
| | | | ७२९ | |
| २७३ | अपूर्णभाजकः | २४३०० | ९०५५२ | |
| ६ | क्षेपः | ८१९ | | |
| २७९५ | पूर्णभाजकः | २५११९ | ७५३५७ | |
| १० | | ९ | | |
| २८०५८ | अपूर्णभाजकः | २५९४७०० | १५१९५८५५ | |
| १६ | क्षेपः | १३९७५ | | |
| २८०७४२ | पूर्णभाजकः | २६०८६७५ | १३०४३३७५ | |
| | | २५ | | |
| | अपूर्णभाजकः | २६२२६७५०० | २१५२४८०१३३ | |
| | क्षेपः | २२४४६४ | | |
| | पूर्णभाजकः | २६२४९११६४ | २०९९९३५७१२ | |
| | | ६४ | | |
| | अपूर्णभाजकः | २६२७१६४९२०० | ५२५४४४२१३६८ | |
| | क्षेपः | ५६१४८४ | | |
| | पूर्णभाजकः | २६२७२२१०६८४ | ५२५४४४२१३६८ | |
| | | | ...................... | |

[लीलावतीको वि. सं. १९४० मा प्रकाशित टिप्पणी (१०–११ पृष्ठ) ]

[ उद्दिष्ट घनराशिको एकस्थानी अङ्कको शिरमा चिनो लाउनू । अनि त्यसको बायाँतिरको चारौं अङ्कमा चिनो लाउनू । यसरी चारौं चारौं अङ्कमा चिनो लाउँदै जानू । जुन जुन अङ्कमा चिनो लाग्छन्, तिनलाई घनस्थान भन्दछन् । अन्त्य घनस्थानसम्मका संख्याबाट घट्न सक्नेसम्मको ठूलो संख्याको घन घटाउनू । जसको घन घटेको छ, सो संख्या घनमूलको अन्त्य अङ्क

हुन्छ। त्यसलाई लब्धि लेख्ने ठाउँमा लेख्नू। शेषको दायाँतिर उपान्त्य घनस्थानसम्मका तीन अङ्क ओह्राल्नू। यसरी बनेको संख्या अन्त्यभाज्य कहाउँछ। यसको बायाँपट्टि भाग लिंदा भाजक लेख्ने ठाउँमा, आएको घनमूलको अन्त्य अङ्कको वर्गलाई ३०० ले गुनेर लेख्नू। यसलाई अपूर्णभाजक भन्दछन्। यसभन्दा पनि बायाँपट्टि घनमूलको अन्त्य अङ्कलाई ३ ले गुनेर लेख्नू। यसको पङ्क्ति भन्ने नाम राख्नू। अन्त्यभाज्यलाई अपूर्णभाजकले भाग लिंदा आएको लब्धि घनमूलको उपान्त्य अङ्क हुन्छ। घनमूलको उपान्त्य अङ्कलाई अघि आएको घनमूलको दायाँतिर लेख्नू। पङ्क्तिको दायाँतिर पनि घनमूलको उपान्त्य अङ्क लेख्नू। यसरी बनेको पङ्क्तिलाई घनमूलको उपान्त्य अङ्कले गुन्दा जुन गुणनफल आउँछ, सो क्षेप कहाउँछ, अपूर्णभाजकको तलतिर क्षेप लेखि ती दुइको योग गर्नू। आएको योगफललाई पूर्णभाजक भन्दछन्। पूर्णभाजकलाई घनमूलको उपान्त्य अङ्कले गुनी गुणनफललाई अन्त्यभाज्यबाट घटाउनू।

अहिलेको शेषको दायाँतिर अर्को घनस्थानसम्मका तीन अङ्क ओह्राल्नू। यसरी बनेको संख्या दोस्रो अन्त्यभाज्य कहाउँछ। घनमूलको उपान्त्य अङ्कको वर्गलाई पूर्णभाजकको तलतिर लेख्नू। अनि त्यसभन्दा माथिका दुइ संख्या (पूर्णभाजक तथा क्षेप) संग त्यसको योग गर्नू। यस योगफल-लाई शयले गुन्नू। यो गुणनफल फेरि अपूर्णभाजक हुन्छ। घनमूलको उपान्त्य अङ्कलाई २ ले गुनी गुणनफललाई पङ्क्तिमा जोडी त्यस योगफललाई पङ्क्ति मान्नू। माथि बताएबमोजिमको काम फेरि गर्दै जानू। यसरी काम गर्दै जाँदा निःशेष भयो भने लब्धि लेख्ने ठाउँमा आएका अङ्क अभीष्ट घनमूल हुन्छन्।]

*१ उदाहरण*

१०६४८ को घनमूल ल्याउँदा

| | | | घन | घनमूल |
|---|---|---|---|---|
| | | | १०६४८ ( | २२ |
| पङ्क्ति | | | ८ | |
| ६२ | अपूर्णभाजक | १२०० | २६४८ | |
| | क्षेप | १२४ | | |
| | पूर्णभाजक | १३२४ | २६४८ | |
| | | | × | |

घनमूलको अन्त्य अङ्क २ को वर्ग ४ लाई ३०० ले गुन्दा १२०० अपूर्णभाजक भयो। शेषको दायाँतिर उपान्त्य घनसम्मका तीन अङ्क ओह्राल्दा २६४८ अन्त्यभाज्य भयो। अन्त्यभाज्यलाई अपूर्णभाजकले भाग लिंदा आएको लब्धि २ घनमूलको उपान्त्य अङ्क भयो। घनमूलको अन्त्य अङ्क २ लाई ३ ले गुन्दा ६ पङ्क्ति भयो। सो पङ्क्ति ६ को दायाँतिर घनमूलको उपान्त्य अङ्क २ लेख्ता पङ्क्तिमा ६२ भयो। पङ्क्ति ६२ लाई घनमूलको उपान्त्य अङ्क २ ले गुन्दा आएको गुणनफल १२४

क्षेप भयो। अपूर्णभाजक १२०० र क्षेप १२४ को योग १३२४ पूर्णभाजक भयो। पूर्णभाजक १३२४ लाई घनमूलको उपान्त्य अङ्क २ ले गुन्दा २६४८ गुणनफल हुन्छ। अन्त्यभाज्य २६४८ बाट सो गुणनफल घटाउँदा निःशेष हुन्छ।

*२ उदाहरण*

१९६८३ को घनमूल ल्याउँदा

| पङ्क्ति | | | घन | घनमूल |
|---|---|---|---|---|
| | | | १९६८३ | (२७ |
| | | | ८ | |
| ६७ | अपूर्णभाजक | १२०० | ११६८३ | |
| | क्षेप | ४६९ | | |
| | पूर्णभाजक | १६६९ | ११६८३ | |
| | | | × | |

१२०० ले ११६८३ लाई भाग लिंदा ९ लब्धि आउँछ। यस कारण प्राचीन (१० प्रक्रमको) चन्द्रशेखरको (१२ प्रक्रमको) रीतमा जस्तै यहाँ पनि हात नबसेसम्म ९ आएन, ८ आयो, ८ आएन, ७ आयो भन्ने क्रिया दोहऱ्याउनुपर्छ। आजकलका (१३ प्रक्रमको) रीतमा पनि क्रिया दोहऱ्याउनुपर्छ।

*३ उदाहरण*

१९५३१२५ को घनमूल ल्याउँदा

| पंङ्क्ति | | | घन | घनमूल |
|---|---|---|---|---|
| | | | १९५३१२५ | (१२५ |
| | | | १ | |
| ३२ | अपूर्णभाजक | ३०० | ९५३ | |
| ४ | क्षेप | ६४ | | |
| ३६५ | पूर्णभाजक | ३६४ | ७२८ | |
| | | ४ | | |
| | अपूर्णभाजक | ४३२०० | २२५१२५ | |
| | क्षेप | १८२५ | | |
| | पूर्णभाजक | ४५०२५ | २२५१२५ | |
| | | | × | |

यहाँ माथितिरको क्षेप ६४ र तलतिरको ४ (घनमूलको उपान्त्य अङ्क २ को वर्ग) संग पहिलो पूर्णभाजक ३६४ जोड्दा आएको योग ४३२ लाई १०० ले गुन्दा आएको गुणनफल ४३२०० दोस्रो अपूर्णभाजक बनेको छ ।

७ प्रश्नमालाका जम्मै प्रश्नलाई यस (१४ प्रक्रमको) रीतिबाट पनि अभ्यास गर्नु बढिया छ ।

१५ प्रक्रम

## बापूदेव शास्त्रीजीको रीतिको वैशिष्टय

$$(१०अ+क)^३ = १०००अ^३ + ३००अ^२क + ३०अ क^२ + क^३$$
$$= १०००अ^३ + (३००अ^२ + ३०अ क + क^२)क$$
$$= १०००अ^३ + \left\{३००अ^२ + (३०अ + क)क\right\}क$$

यहाँ

$\left\{३००अ^२ + (३०अ + क)क\right\}$ क यसको नाम शास्त्रीजीले अन्त्यभाज्य भन्ने राखेका छन् ।

$३००अ^२$ लाई शास्त्रीजीले अपूर्णभाजक भन्ने नाम दिएका छन् ।

पङ्क्तिमा ३ अ ले बुझाउने अङ्क लेखी त्यसको दायाँतिर क ले बुझाउने अङ्क लेखनू भनी शास्त्रीजीले बोलेका छन् । यताबाट ३० अ+क लाई स्थानीयमानको क्रममा शास्त्रीजीले लेखेका हुन् र त्यसको नाम उनले पङ्क्ति राखेका हुन् भन्ने देखिन आउँछ ।

$(३० अ + क)$क यसको नाम शास्त्रीजीले क्षेप भन्ने राखेका छन् ।

$\left\{३००अ^२ + (३०अ + क)क\right\}$ यसको नाम शास्त्रीजीले पूर्णभाजक भनी राखेका छन् ।

यहाँसम्मको रीतिमा विशेष कुरो छैन भने पनि हुन्छ ।

घनमूलमा २ भन्दा बढ्ता अङ्क आउने भएमा सो ल्याउने रीतिमा शास्त्रीजीले आफ्नो बुद्धि देखाएका छन् । यो कुरा तल दिइन्छ—

अभीष्ट घनमूल $= १००अ + १० क + ग$ भएमा
उद्दिष्ट घनराशि $= (१००अ + १०क + ग)^३$ हुन्छ ।

घनमूलका अन्त्य अङ्क (अ) तथा उपान्त्य अङ्क (क) ल्याइसकेपछि तेस्रो अङ्क (ग) ल्याउनुपर्दा

अन्त्य भाज्य $= (१००अ + १०क + ग)^३ - (१००अ + १०क)^३$

$= \{(१००अ + १०क)^३ + ३(१००अ + १०क)^२ ग$

$+ ३(१००अ + १०क)ग^२ + ग^३\} - (१००अ + १०क)^३$

$= ३(१००अ + १०क)^२ ग + ३(१००अ + १०क)ग^२ + ग^३$

$= \{३(१००अ + १०क)^२ + ३(१००अ + १०क)ग + ग^२\} ग$

यस कारण

दोस्रो पूर्णभाजक $= \{३(१००अ + १०क)^२ + ३(१००अ + १०क)ग + ग^२\}$ हुनुपर्छ ।

घनमूलका अन्त्य तथा उपान्त्य अङ्क आइसकेका हुनाले अहिलेसम्म आएको घनमूलको रूप $१०अ + क$ हुन्छ ।

यस कारण

दोस्रो अपूर्णभाजक $= ३००(१०अ + क)^२$ हुन्छ ।

यस कारण

दोस्रो अपूर्णभाजक $= ३००(१०अ + क)^२$

$= ३००(१००अ^२ + २०अ क + क^२)$

$= १००\{३००अ^२ + ६०अ क + ३क^२\}$

$= १००\{३००अ^२ + ३०अ क + क^२ + ३०अ क + क^२ + क^२\}$

$= १००\{३००अ^२ + (३०अ + क)क + (३०अ + क)क + क^२\}$

$= १००\{$पहिलो पूर्णभाजक + पहिलो क्षेप + घनमूलको उपान्त्य अङ्कको वर्ग$\}$

दोस्रो क्षेप = दोस्रो पूर्णभाजक − दोस्रो अपूर्णभाजक

$= \{३(१००अ + १०क)^२ + ३(१००अ + १०क)ग + ग^२\} - ३००(१०अ + क)^२$

$= [३\{१०(१०अ + क)\}^२ + ३०(१०अ + क)ग + ग^२] - ३००(१०अ + क)^२$

$= \{३ \times १००(१०अ + क)^२ + ३०(१०अ + क)ग + ग\} - ३००(१०अ + क)^२$

$= ३००(१०अ + क)^२ + ३०(१०अ + क)ग + ग^२ - ३००(१०अ + क)^२$

$= ३०(१०अ + क)ग + ग^२$

$$= \left\{ \text{३०(१०अ + क) + ग} \right\} \text{ग}$$

$$= \left\{ \text{३००अ + ३०क + ग} \right\} \text{ग}$$

$$= \left\{ \text{१०(३०अ + ३क) + ग} \right\} \text{ग}$$

$$= \left\{ \text{१०(३०अ + क + २क) + ग} \right\} \text{ग}$$

$$= \left\{ \text{१०(पहिलो पङ्क्ति + घनमूलको द्विगुणित उपान्त्य अङ्क)} + \text{घनमूलको तेस्रो अङ्क} \right\} \text{घनमूलको तेस्रो अङ्क}$$

यस कारण पहिलो पङ्क्तिमा घनमूलको उपान्त्य अङ्कलाई २ ले गुनेर जोडी योगफलको दायाँतिर घनमूलको तेस्रो अङ्क लेख्ता दोस्रो पङ्क्ति हुन्छ । दोस्रो पङ्क्तिलाई घनमूलको तेस्रो अङ्कले गुन्दा दोस्रो क्षेप आउँछ भनी शास्त्रीजीले बोलेका हुन् ।

प्राचीन (१० प्रक्रमको) चन्द्रशेखरको (१२ प्रक्रमको) आजकलको (१३ प्रक्रमको) रीतिमा घनमूलमा आएका संख्याको बराबर वर्ग गरिरहनुपर्दा ठूला ठूला संख्याको वर्ग गरिरहनुपर्छ । सो कष्ट हटाउन शास्त्रीजीको रीति समर्थ छ । यस कारण घनमूलमा २ अङ्कभन्दा बढ्ता अङ्क आउने ठाउँमा शास्त्रीजीको रीति बढ्ता उपयुक्त छ भन्ने देखिन्छ । यसै कारण घनमूलमा ५ अङ्क आउने उदाहरणको क्रिया शास्त्रीजीले दिएका हुन् । त्यहाँ क्रियालाघव स्पष्ट देखिन्छ ।

हुनत १०,१२,१३ प्रक्रमका रीति जुन सूत्रबाट निस्केका हुन् । त्यही सूत्रबाट शास्त्रीजीको रीति पनि निस्केको हो । तर आफ्नो रीतिमा शास्त्रीजीले अलिकता विलक्षणता देखाएका छन् । त्यसले शास्त्रीजीको गणितको पाण्डित्य प्रकट गर्दछ ।

## उपसंहार

वि. सं. ५५६ का प्रथम आर्यभटले घनमूल ल्याउने जुन रीति लेखेथे, त्यसैअनुसार ब्रह्मगुप्त (वि. सं. ६८५), श्रीधर (वि.सं. को नवौं शताब्दी आसन्न), द्वितीय आर्यभट (वि. सं. को एघारौं शताब्दी आसन्न), श्रीपति (वि. सं. १०९६), भास्कर (वि. सं. १२०७) आदि गणितज्ञहरूले घनमूल ल्याउने रीति लेखे । भास्करपछिका नारायण (वि. सं. १४१३) आदि गणितज्ञले पनि यही रीति लेखेका छन् । ❀

---

❀ घनमघने द्वे च घनादन्त्याद् घनतो घनं विशोध्य पदम् ।
अन्यत्र न्यस्याऽस्य च पदस्य कृत्या त्रिसङ्गुणया ॥२४॥
विभजेत् तदादिमाप्तं स्थाप्य (न्यस्य) तदादौ पृथक् च तद्वर्गम् ।
त्रिगुणान्त्यघ्नं जह्यात् तत्पूर्वघने च लब्धिघनम् ॥२५॥

(गणितकौमुदीको अभिन्नपरिकर्माष्टक)

आर्यभटको सूत्रमा अलिकता रूपान्तर गरी सामन्त चन्द्रशेखरले वि. सं. १९२६ मा घनमूल ल्याउने रीति लेखे। आजकलका (अंग्रेजी शिक्षा पाएका) गणितज्ञहरू पनि आर्यभटको सूत्रमा अलिकता रूपान्तर गरी घनमूल ल्याउँछन् ।

बापूदेव शास्त्रीले वि. सं. १९४० मा आर्यभटको सूत्रको आजकलको रूपमा आधा भाग जति फरक पारी घनमूल ल्याएका छन् ।

वि. सं. १९५२ मा पण्डित गोपाल पाँडेले घनमूल ल्याउने जुन रीति लेखेका छन्, सो रीति सबै रीतिभन्दा विलक्षण छ । सो रीतिले गोपाल पाँडेको तीक्ष्ण बुद्धि र गणितविषयको राम्रो पाण्डित्य देखाउँछ ।

१ प्रक्रमदेखि १५ प्रक्रमसम्मका कुराको राम्रो मनन गरेपछि माथिको कुरा स्वच्छसँग जिज्ञासु मनुष्यको मनमा चढ्न सक्तछ ।

आफ्नो ५२ वर्ष पुगी ५३ वर्ष नपुग्दैको उमेरमा मैले गोपाल पाँडेको रीति बुझें । सो बुझ्दा मेरो मनमा अत्यन्त आनन्द भयो । आफूले बुझेको यो कुरा प्रकाश गर्न पाउँदा मेरो आनन्दको सीमा झन् बढेको छ ।

यस निबन्धलाई तयार गर्दा संशोधन–मण्डलका केही सदस्यहरूबाट मैले सहायता लिएको छु । नेपाल राजकीय संस्कृतमहाविद्यायलमा ज्यौतिष गणित पढाएर मैले जीविका गरेको छु । तर ज्यौतिष गणितको स्वाध्यायबाट हुने आनन्द जसरी म उपभोग गर्दछु, त्यसरी नै अरूलाई बाँड्न मैले चाहे तापनि अहिलेसम्म त्यसो गर्न म समर्थ हुन सकेको छैन । यस कारण मेरो यस आनन्दमा अलिकता खल्लोपन मिसिएको छ ।

नेपाली गणितज्ञमा पृथुयशा गोपाल पाँडे भए,
सुल्झाए घनमूललाइ तिनले आफ्नै नयाँ रीतिले ।
हालैं मात्र बुझें प्रसङ्गवशले याथार्थ्य सो रीतिको,
होस् व्याखया उपपत्तियुक्त त्यसको भन्दै रचें लेख यो ।।१।।

“आयुर्वेद, खगोल, शिल्प, गणित प्राचीन विद्याकन
पढ्दै गै उपपत्तिसाथ तिनमा गर्दै नयाँ शोधन ।
केही मानिसले उतातिर गरे विज्ञानको उन्नति,
जेले ती अहिले भए भुवनमा सामर्थ्यशाली अति ।।२।।
हामीले निजदेशका प्रतन ती विद्या सह्यार्नाकन
जानेनौं, त्यसले क्रमैसँग गल्यो हामीहरूको मन ।”

भन्ने भावपरम्परा हृदयमा मेरो सधैं खेल्दछ,
सोही भाव अरण्यरोदनसरी यो लेख लेखाउँछ ।।३।।

।। समाप्त ।।❁

–:–

# ऐतिकहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग

## प्रार्थना

आदरणीय ऐतिहासिकशिरोमणिज्यू !

"नेपालको संक्षिप्त वृत्तान्तमा धेरै तिथिमिति फरक परेको छ भनी हाल 'पूर्णिमा' मा प्रो. नयराज पन्तले लेख्नुभएको एउटा चिठीतिर हामीले ध्यान आकर्षित गर्दा इतिहासशिरोमणिज्यूले भन्नुभयो–पृथिवीनारायण शाहको निधन भएको मितिमा १ दिन फरक परेछ, त्यो मेरो भूल हो, तर नयराजजीले भन्नुभएका अरू दुई मितिमा शायद उहाँ नै भूलमा हुनुहुन्छ । यस प्रसङ्गमा आफ्नो पुस्तकमा इस्वी संवत् प्रयोग गर्नाको कारण विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई सजिलो होस् भन्ने हो भनी बताउनुभयो ।"

(वि. सं. २०२३ भाद्र १८ गते शनिवारको गोरखापत्रको ८ पृष्ठ, खरदार बाजे र इतिहासको ठेली भन्ने अर्यालको लेख ।)

यो लेख देख्ता मलाई अत्यन्त आनन्द लाग्यो । किनभने मैले गणना गरी गराई प्रकाश गराएका कुरालाई ७८ वर्ष पुगिसक्नुभएका तपाईंले सावधानसाथ परीक्षा गरी गुणदोषको निर्णय गर्नुभएछ । यस उमेरमा प्रज्ञाचक्षुको भरमा यस्तो काम तपाईं जस्ता असाधारण प्रतिभासम्पन्न व्यक्तिहरूबाट मात्र हुन सक्ने हो । यस कारण तपाईं प्रति कृतज्ञता प्रकट गर्नु मैले आफ्नो कर्तव्य सम्झेको छु ।

आफूले पढाएका विद्यार्थीहरूले देखाएका मेरो भूललाई मैले सहर्ष स्वीकार गर्दै आएको छु । अहिलेसम्म निस्केका ६२ वटा◉ इतिहास-संशोधनपत्रमध्ये ९ वटाले मेरो भूल देखाएका

---

❁यो निबन्ध तयार गर्दा नानी शङ्करमानले मेरो इच्छा तथा विचारअनुसार काम गरिदिएका छन् । नानी गौतमवज्र, महेशराज, दिनेशराजहरूले पनि यसमा अलिकता काम गरिदिएका छन् । सबैलाई यथोचित धन्यवाद छ ।

◉ पूर्णिमाको यस ११ अङ्कको प्रकाशन ढिलो भएकोले ६३ वटा इतिहास–संशोधनपत्र भन्नुपर्ने हुन आयो ।

–सम्पादक

छन् । पूर्णिमामा पनि मेरो दोष देखाइएको छ । यस कारण तपाईं जस्ता प्रतिभाशाली वयोवृद्ध विद्वान्ले देखाइदिएका मेरा भूललाई म सहर्ष स्वीकार गर्छु । यसमा मलाई कुनै संकोच छैन ।

तर–

अवितृप्ततया तथापि मे हृदयं निर्णयमेव धावति ।

(भारवि)

[ तैपनि राम्रो चित्त नबुझेकोले मेरो मन निर्णयतिर नै दौडीरहेको छ । ]

युधिष्ठिरको यस उक्ति मेरो मनमा वारंवार खेलीरहन्छन् । किनभने–

ग्रहकोष्ठक, ज्योतिर्गणित, सर्वानन्दकरण, संसारके संवत्, इन्डिअन् क्यालेन्डर् (भारतीय पञ्चाङ्ग), इन्डिअन् यान्ड् फरिन् कोनलजि (भारत र बाहिरका कालगणना), स्फेरिकल् अस्ट्रनमि (सिद्धान्त ज्यौतिष) यी ग्रन्थलाई प्रमाण मान्ने हो भने तपाईंले निकाल्नुभएको परिणाम आउन सक्तैन । मुगल–मराठा–कालका हिजरीसंवत्, शकसंवत्, विक्रमसंवतका तिथिमितिलाई यिनै ग्रन्थका आधारमा विद्वान्हरूले ईसवीसंवतमा परिणत गरेका छन् । इतिहासमा यसका जति भने पनि उदाहरण दिन सकिन्छ । यस कारण यी ग्रन्थलाई प्रमाण नमान्ने हो भने बाहिरका इतिहासका तिथिमितिसंग तपाईंले ल्याउनुभएको परिणाम मिल्न सक्तैन र "आफ्नो पुस्तकमा इस्वी संवत् प्रयोग गर्नाको कारण विश्वइतिहासको सन्दर्भमा हाम्रो इतिहासको अध्ययन गर्न स्वदेशी विदेशी सबैलाई सजिलो होस् भन्ने हो" तपाईंको यो विचार अलि नमिल्दो हुन्छ। यस कारण यस विषयमा फेरि एकपल्ट विचार गर्नुपर्ला कि जस्तो मलाई लाग्छ ।

हे प्रतिभाशाली तथा परिश्रमी अन्वेषक !

"बोद्धव्यं किमिव हि यत्त्वया न बुद्धम् "

( भट्टि )

[ तपाईंले सबै कुरा बुझ्नुभएकै छ । तपाईंलाई के बुझाउने ! ]

तपाईंको स्नेहभाजन–

नयराज पन्त

# हाम्रो वक्तव्य

## श्रीडिल्लीरमण रेग्मीज्यूको छटेलपन

हालसाल वि. सं. २०२३ मा ❀ श्रीडिल्लीरमण रेग्मीज्यूको "मेडिईभल् नेपाल (नेपालको मध्यकालको इतिहास)" नामक पुस्तकको पहिलो, दोस्रो तथा तेस्रो भाग निस्केका छन् । पहिलो भागमा ७६१ पृष्ठ तथा १० वटा सादा चित्र छन् । सो पुस्तकको मोल ने. रु. ५०।८० छ । दोस्रो भागमा १०७६ पृष्ठ तथा २७ वटा सादा चित्र छन् । सो पुस्तकको मोल ने. रु. ६०।९६ छ । तेस्रो भागमा ३१९ पृष्ठ छन् । सो पुस्तकको मोल ने. रु. ३०।४८ छ ।

रेग्मीज्यूको नेपालको मध्यकालको इतिहासको चौथो भाग पनि निस्कन्छ भन्ने सुनिएको छ । तर बजारमा त्यो पुस्तक नआएकोले त्यो पुस्तक कस्तो छ, अहिले केही भन्न सकिँदैन ।

नेपालको इतिहासको बिषयमा हामीहरूको गहिरो दिलचस्पी हुनाले हामीले रेग्मीज्यूका ती तीन पुस्तकलाई बजारमा पाउनेबित्तिकै ल्याई सावधानीसँग पढ्यौं । सो पढ्दा हाम्रो मनमा उठेको विचारलाई अब हामी प्रकट गर्छौं ।

वि. सं. २००९ मा रेग्मीज्यूको "एन्शन्ट् यॉन्ड् मेडिईभल् नेपाल्† (नेपालको प्राचीन र मध्यकालको इतिहास)" निस्केको थियो । श्रीबालचन्द्र शर्माज्यूको वि. सं. २००८ मा निस्केको "नेपालको ऐतिहासिक रूपरेखा" जस्तै त्यो पनि अशुद्धिले भरिपूर्ण थियो । तर अहिले रेग्मीज्यूले आफ्ना ती अशुद्धिलाई सच्याउनुभएछ । जस्तै—

*२००९ मा रेग्मीज्यू—*

रत्नमल्ल'स् सक्सेशर् अमरमल्ल (१६४ पृष्ठ)

[रत्न मल्लका उत्तराधिकारी अमर मल्ल]

*२००९ मा इतिहास-संशोधन—*

रत्न मल्लपछि उनका छोरा सूर्य मल्ल, सूर्य मल्लपछि उनका छोरा अमर मल्ल राजा भए । (इतिहास-संशोधनको प्रमाणप्रमेय १ पृष्ठ)

*२०२३ मा रेग्मीज्यू—*

सूर्यमल्ल"'दर् इज् नो डाउट् लेफ्ट् अबाउट् हिज् बीइङ् एन् सन् यॉन्ड् सक्सेशरर् अफ् रत्नमल्ल (पहिलो भाग ४७२ पृष्ठ)

---

❀ ती पुस्तकमा पहिलो भागको प्रकाशनमिति ई. सं. १९६५ तथा दोस्रो तथा तेस्रो भागको प्रकाशनमिति ई. सं. १९६६ लेखिएका छन् । पहिलो र दोस्रो भाग वि. सं. २०२३ को बर्खामा र तेस्रो भाग वि. सं. २०२३ को शरद्ऋतुमा बजारमा आएका हुन् ।

† अंग्रेजी उच्चारणलाई स्पष्ट गर्ने केही चिह्न छापाखानामा नपाइएकाले दिन सकिएनन् ।

[रत्न मल्लका छोरा तथा उत्तराधिकारी सूर्यमल्ल हुन भन्ने कुरामा केही पनि सन्देह छैन ।

\+ + +

*२००६ मा रेग्मीज्यू—*

शिवदेवमल्ल,…ही ह्याड् टू सन्ज् लक्ष्मीनर सिंह यॉन्ड् हरिनरसिंह (१६५ पृष्ठ)

[शिवदेव मल्लका लक्ष्मीनरसिंह र हरिनरसिंह नामक दुइ छोरा थिए।]

*२०१० मा इतिहास-संशोधन—*

शिवसिंहका छोरा हरिहरसिंह, हरिहरसिंहका छोरा लक्ष्मीनरसिंह हुन् । (इ. सं. प्र. प्र. ४३ पृष्ठ)

*२०२३ मा रेग्मीज्यू—*

दर् इज् नो डाउट् लेफ्ट् अबाउट् हरिहरसिंह बीइङ् द् सन अफ् शिवसिंह । हरिहरसिंह इज् अल्सो द् फादर् अफ् लक्ष्मीनरसिंह (दोस्रो भाग ५२ पृष्ठ)

[शिवसिंहका छोरा हरिहरसिंह हुन् भन्ने कुरामा केही पनि सन्देह छैन। लक्ष्मीनरसिंहका पनि बाबु हरिहरसिंह हुन् ।]

\+ + +

*२००६ मा रेग्मीज्यू—*

लक्ष्मीनरसिंह इज् द् बिल्डर् अफ् द् वुड् टेम्प्ल् नाउ नोन् यॉज काष्ठमण्डप्,… ह्विच् गिभ्ज् एज् नेम् टु द् टाउन् । (१६५ पृष्ठ)

[लक्ष्मीनरसिंहले काठको मन्दिर बनाए। त्यसलाई आजभोलि काष्ठमण्डप भन्छन् । यही काष्ठमण्डपबाट शहरको नाउँ नै काष्ठमण्डप रहन गएको हो । ]

*२०११ मा इतिहास-संशोधन—*

विक्रमको सत्रौं शताब्दीका लक्ष्मीनरसिंह मल्लभन्दा कैयौं शय वर्षअघि नै काष्ठमण्डप भन्ने नाम चलिसकेको स्पष्टै देखिन्छ। (इ. सं. प्र. प्र. ११० पृष्ठ)

*२०२३ मा रेग्मीज्यू—*

अकर्डिङ् टु मडर्न् क्रनिकल्ज् द् काष्ठमण्डप वज् बिल्ट् बाइ राजा लक्ष्मीनरसिंहमल्ल (एन्. एस् ७४०–७६१) । बट् दिस् इज् यॉब्सल्यूट्लि रङ् ।

(पहिलो भाग ६०१–२ पृष्ठ.)

[लक्ष्मीनरसिंह मल्ल ( वि. सं. १६७७–१६९८ ) ले काष्ठमण्डप बनाए भनी नयाँ वंशावलीहरूमा लेखिएको छ । तर यो बिलकुल अशुद्ध हो ।]

\+ + +

*२००६ मा रेग्मीज्यू—*

द् कङ्क्वेस्ट् अफ् द् भ्यॉलि अफ् काठमान्डु बाइ हरिसिंहदेव टुक् प्ले ́स् इन् १३१४ ए$_{३}$डी।··· ···बट् ही कुड् नट् रिटे$_{३}$न् हिज् कङ्क्वेस्ट् फर् लङ्। आफ्टर् समटाइम् ही फाउन्ड् द्यॉट् द् मल्ल रूलर्ज् वेर् पुटिङ् अप् ए$_{३}$ स्टिफ् रिजिस्टयॉन्स् यॉन्ड् हिज् अरिजिनल् किङ्डम् अफ् तिर्हुत् इट्सेल्फ् थ्रेटन्ड् बाइ द् राइज् अफ् द् तुघ्लकस्। दिस् कम्पेल्ड् हिम् टु लीभ् नेपाल्, यॉन्ड् दिस् इज् एक्सप्रेस्ड् बाइ ए$_{३}$ म्यॉन्युस्क्रिप्ट् डे$_{३}$टिड् १३१८ ए$_{३}$· डी., ह्विच् शोज् इन् द् कलफन् ए$_{३}$ ठकुरी प्रिन्स् यॉज् ए$_{३}$ रूलर्। हरिसिंह'स् अटेन्शन् वज् अ$_{३}$ल्वेज् डिभर्टिड् ईभन् ह्वेन् ही वज् इन् पजेशन् अफ् द् भ्यॉलि। बट् ह्वेन् मुहम्मद् तुगलक् फोर्स्ड् हिम् टु रिटाइर् टु द् हिल्ज् आफ्टर् डिफीटिङ् हिम् इन् १३२४ ए$_{३}$. डी., ही डिभोटिड् हिमसेल्फ सोल्लि टु कन्सलिडे$_{३}$ट् हिज् पजिशन् दर्।··· ··· ··· ··· ··· ··· हरिसिंहदेव एन्टर्ड् नेपाल् अगे$_{३}$न् इन् १३२४ ए$_{३}$.डी. यॉन्ड् रूल्ड् कम्पे$_{३}$- रेटिभ्लि फर् ए$_{३}$ लङ् टाइम्, मे$_{३}$बी फ्रम् भातगाउँ······। अक$_{३}$डिङ् टु क्रनिक्ल्ज् ठकुरि जयराजदेव वज् रूलिङ् न् काठमान्डु इन् १३४६ ए$_{३}$. डी.। दिस् मीन्ज् द्यॉट् द् ठकुरी डिन्यॉस्टि वज् टोटल्लि इक्लिप्स्ड् फर् द्यॉट् इनटर्भल्, हरिसिंहदेव'स् इन्भे$_{३}$ज़न् इज् नट् नोटिड् इन् द् नेप्लिज् क्रनिक्ल् अफ् जयस्थिति'स् टाइम्। इट् वज् प्रबब्लि बिकज् द् कन्टेम्परेरि क्रनिक्लर्ज् रिगार्डिड् हिम् यॉज् यॉन् ए$_{३}$लिअन् इन्भे$_{३}$डिङ् द् कन्ट्रि। (१५०–१५१ पृष्ठ)

[हरिसिंहदेवले वि. सं. १३७१ मा नेपालखाल्डो विजय गरे।······तर उनले आफ्नो विजयलाई धेरै कालसम्म दीगो पार्न सकेनन्। मल्ल राजाहरूले कडा विरोध गरेकाले र तुगलकहरूको उदयले उनको तिरहुतको मूल राज्य नै जाने डर भएकोले केही कालपछि उनलाई नेपाल छोड्न कर लाग्यो। वि. सं. १३७४ मा लेखिएको एउटा पुस्तकमा राजाको रूपमा एकजना ठकुरी देखिएकाले यो कुरा बुझिन्छ। नेपालखाल्डोमा आफ्नो अधिकार भएको वेलामा पनि हरिसिंहले यतातिर मात्र मन लाउन पाएका थिएनन्। वि. सं. १३८१ मा मुहम्मद तुगलकले उनलाई हराएर पहाडतिर जान बाध्य गराएपछि उनले एक चित्त भई यहाँ आफ्नो खुट्टा बरो पारे।

वि. सं. १३८१ मा हरिसिंहदेव फेरि नेपाल पसी धेरै कालसम्म सम्भवत भादगाउँबाट राज्य चलाए। ··· ··· वंशावलीहरूअनुसार वि. सं. १४०३ मा ठकुरी जयराजदेव काठमाडौंमा राज्य गरिरहेका थिए। यसको अर्थ यो हो कि यस समयको बीचमा ठकुरी राजवंश पूरापूर अधिकारहीन थियो। जयस्थितिको पालामा लेखिएको नेपाली वंशावलीमा हरिसिंहदेवको आक्रमण टिपिएको छैन। विदेशी आक्रमणकारी भनी त्यस वेलाका वंशावलीकारहरूले उनको विषयमा नलेखेको हुनुपर्छ।]

*वि. सं. २०१२ मा इतिहास-संशोधन—*

ने. सं. ४४६ (वि. सं. १३८२) माघशुक्ल तृतीया । तिरहुतका राजा हरसिंहदेवले रैतीहरू जम्मा पारी आफू अघि सरी' 'मिथिलाबाट दिल्लीका तुरक (गयासुद्दीन तुगलक) माथि जाइलागे । सिम्रौनगढ ध्वस्त पारियो । तिरहुतका राजा मन्त्री आदि सबै उठी भागे । केही कालपछि फेरि पसे । केही कालपछि राजग्राम दोलखामा आउँदा टिंपाटमा (तीनपाटनमा) राजा हरसिंहदेवको मृत्यु भयो । यिनका छोरा मन्त्री दुवै कैद गरिए, परिवार पनि समातियो । राजग्रामका भारादारले जम्मै धन हात लाए ।

(गोपालराजवंशावलीको हामीले गरेको अनुवाद)

यसरी· · · · · 'हरसिंहदेव नेपालउपत्यकामा नपुग्दै तीनपाटनमै हरसिंहदेवको मृत्यु भएकोले उनले नेपालउपत्यकामा आफ्नो शासन कायम गर्न सकेका थिएनन्. . भन्ने स्पष्ट छ। (इ. सं. प्र. प्र. २३३–२३४ पृष्ठ)

*वि. सं. २०२३ मा रेग्मीज्यू—*

वी ह्याभ् यान् अन्याम्बिग्युअस् प्यासिज् इन् भी३ (फोलिओ ४६ ए३) ह्विच् नट् ओन्लि मेन्शनज् हरसिंह बट् अ३ल्सो से३ज थ्याट् ही डाइड् सून् आफ्टर् हिज् एन्ट्रि इन्टु ईस्ट् नेपाल । द् प्यासिज् रनज् टु से३: कलेक्टिङ् अ३ल् हिज् ट्रूप्स्, द् मिथिला रूलर् मेट् दि इन्भे३डरज् इन् ब्याटल् फील्ड्ज्, बट् ही वज् आउस्टेड् बाइ द् टर्कस् अफ् डिल्लि, सिम्राओनगढ् वज् कम्प्लीट्लि डिस्ट्राइड्: देन् ही एन्टर्ड् द् फरिस्ट् यान्ड् इन् डिस्ट्रेस् के३म् टु लिभ् इन् द् हिल्ज् अन् ४४६ माघ शुक्ल ३ (=७ ज्यान्युआरि, १३२६) विद् अ३ल् हिज् फ्यामिलि यान्ड् मिनिस्टर्ज् यान्ड् फ्रम् दर् ही वज् अन् हिज् वे३ टु दोल्खा । अन् द् वे३ हाउएभर्, द् राजा डाइड् याट् ए३ प्ले३स् क३ल्ड् तिम्पाट । इन दोल्खा हिज् सन् यान्ड् मिनिस्टर् विद् दे३र् फ्यामिलिज् वेर् टे३कन् प्रिज्नर् बाइ भझिभारो अफ् राजाग्राम हू टूक् पजेशन् अफ् दे३र् एनटाइर् वेल्थ् ।

इन् भ्यू अफ् दिस् प्यासिज् आइ डू नट् थिङ्क् थ्याट् दर् इज् एनी ग्राउन्ड लेफ्ट् टु स्पेक्युले३ट् अबाउट् हरसिंहदेव याज् ३ परसनलिटि प्ले३इङ् हिज् रोल् इन् द् हिस्टरी अफ् नेपाल् । वी मस्ट् बे३र् इन् माइन्ड थ्याट् द भी३ वज् बीइङ् कम्पाइल्ड् अबाउट् फिफ्टि यर्ज् अफ्टर् हरसिंहदेव'स् फ्लाइट् फ्रम् सिम्राओनगढ् । (पहिलो भाग २७६–७७ पृष्ठ)

[गोपालराजवंशावली ४६ क पत्रमा एउटा स्पष्ट अंशमा हरसिंहको उल्लेख मात्र भएको होइन कि पूर्वी नेपालमा पस्नेबित्तिकै उनको मृत्यु भएको कुरा पनि लेखिएको छ। सो अंश यस प्रकारको छ—आफ्ना जम्मै फौज जम्मा पारी मिथिलाका राजा लडाइँको मैदानमा हमला गर्नेहरूसँग भिडिए । तर दिल्लीका तुर्कहरूद्वारा उनी धोक्याइए ।

सिम्रौनगढ पूरा तवरले ध्वस्त पारियो । अनि उनी जंगलतिर पसे । ने. सं. ४४६ माघ शुक्ल ३ को दिन आपत् परेको वेलामा पहाडमा बस्न आफ्ना सबै जहान मन्त्रीहरूका साथमा आए । त्यहाँबाट उनी दोलखातिर लागे । बाटामा तिनपाट भन्ने ठाउँमा राजाको मृत्यु भयो । दोलखामा उनका छोरा मन्त्री तथा उनीहरूका जहानलाई कैद गरी राजग्रामका मझि भारो भन्नेले उनीहरूको सबै धन हात लाए ।

यो अंश हेरेपछि नेपालको इतिहासमा हरसिंहदेवको स्थानको विषयमा कुनै तर्कवितर्क गर्नुपर्ने ठाउँ बाँकी छ भन्ने मलाई लाग्दैन । हरसिंहदेव सिम्रौनगढबाट भागेको लगभग पचास वर्षपछि गोपालराजवंशावली तयार भइरहेको थियो भन्ने कुरा पनि हामीले संझनुपर्छ । ]

रेग्मीज्यूले इतिहास–संशोधनबाट प्रमाण लिई आफ्ना भूल सच्च्याउनुभएका यी अलिकता उदाहरण हुन् । स्थानाभावले जम्मै कुरा दिनु अहिले संभव छैन ।

यसरी सच्च्याउँदा रेग्मीज्यूले कहीं पनि इतिहास–संशोधनको नाम लिनुभएको छैन । इतिहास–संशोधनले विस्तारपूर्वक दिएको प्रमाण मात्र ओल्टाई पल्टाई उहाँले आफ्नो ग्रन्थमा लेख्नुभएको छ । यसो हुँदा प्रकाण्ड विद्वान् कहलाएका रेग्मीज्यूले आफ्नै अध्ययनले प्रमाण भेट्टाई आफ्ना भूल सच्च्याउनुभएको हो, उहाँले इतिहास–संशोधनहरू देख्दै देख्नुभएको छैन भनी केही मानिस भन्न सक्छन् । बाहिरका मनुष्यले यस्तै भनून् भनी रेग्मीज्यूले इतिहास–संशोधनको नाम नलिनुभएको देखिन्छ । तर—

"इतिहास–संशोधन नामले प्रकाश भएका जम्मै जसो पुस्तिकाहरू मैले पढेको छू र तिनलाई ज्यादै उपादेय पाएको छू । मलाई लाग्दछ लेखकहरूले नयाँ नयाँ खोजको प्रकाशमा अकाट्य प्रमाणद्वारा नै धेरै अंशमा हाम्रो इतिहासका कतिपय ग्रन्थहरूमा भेट्टिएका अनेकानेक भ्रमहरू सच्याउने सफल प्रयास गरेका छन् । हामीले यस्तो प्रयासको कदर गर्नुपर्दछ ।

डिल्लीरमण रेग्मी
१६।४।०१४ "

रेग्मीज्यूले आफ्नै हातले यो पत्र लेख्नुभएको हुनाले उहाँ इतिहास–संशोधनदेखि अपरिचित हुनुहुन्छ भन्न सकिदैन ।

रोमबाट श्रीलुशियानो पेटेकको "मेडिईभल् हिस्टरि अफ् नेपाल (नेपालको मध्यकालको इतिहास)" नामक पुस्तक वि. सं. २०१५ मा निस्केको छ । सो पुस्तकको उपोद्घातको २ पृष्ठमा—

"आफ्टर् बेन्डाल् यॉन्ड् लेभी, प्र्याक्टिकल् लि नो फरद्र् अरिजिनल् वर्क् वज डन् अन् दिस् पीरिअड् । स्कलर्ज् आइदर् कन्फाइन्ड् दे॒र् एफर्ट्स् टु द् फर्स्ट् पीरिअड् अफ् नेपलिज् हिस्टरि, अर् लिमिटिड् देम्सेल्भ्ज् टु समराइजिङ् बेन्डाल् यॉन्ड् लेभी । दिस् इज् अ॒ल्सो द् केस् फर् डी. आर्. रेग्मी ए॒न्शन्ट् यॉन्ड् मेडिईभल् नेपाल्, काठमान्डु १९५२, ए॒ डिस्अपइन्टिङ् वर्क् इन्स्पाइर्ड् अफ् द् म्याग्निफिसन्ट् अपर्ट्यूनिटिज् ओपन् टु इट्स अ॒थर् ।"

[बेन्डाल र लेभीभन्दा पछि कसैले पनि यस कालको इतिहासको विषयमा मौलिक ग्रन्थ लेखेनन् । विद्वान्हरूले कि त नेपालको पहिलो कालको इतिहासमै आफ्नो प्रयत्नलाई सीमित राखे अथवा बेन्डाल र लेभीको सार खिच्न मात्र लागे । वि. सं. २००९ मा काठमाडौंबाट निस्केको डिल्लीरमण रेग्मीको "एन्शन्ट् यॉन्ड् मेडिईभल् नेपाल् (नेपालको प्राचीन र मध्यकालको इतिहास)" को विषयमा पनि यही कुरो छ । ग्रन्थकारले उत्तम सुअवसर पाउनुभएको थियो तापनि उहांको ग्रन्थ हिस्स पार्ने खालको बनेको छ ।]

—यस्तो लेखिएको छ ।

रेग्मीज्यूलाई राम्रो लाग्ने कुरा यो होइन ।

बुद्धिको जागरण नभई माथिल्लो तहबाट अकस्मात् राजकाजमा परिवर्तन आएको हाम्रो देशमा अधिकारसंपन्न बालचन्द्र शर्माज्यूको इतिहासको वाहवाह चलिरहेछ❀ तापनि बुद्धिको जागरणपछि राजकाजमा परिवर्तन आएको पाश्चात्य मुलुकमा रेग्मीज्यूको पुस्तकले प्रतिष्ठा पाउन नसकेको कुरो लुशियानो पेटेकको यो वाक्यले देखाउँछ । इतिहास-संशोधनले भने विदेशी भाषामा नलेखे तापनि परम्पराबाट यस्तो सुन्यो—

३० सेप्टेम्बर् १९५८

"इन्सिडन्टलल्लि, वुड् यू टेल् दि अथर्ज् अफ् दि इतिहास-संशोधन प्याम्फ्लिट्स् हाउ मच् वी अप्रीशिएट् दि एक्सेलेन्ट् वर्क् दे आर् डूइङ् इन् देर् करेक्शन्ज् अफ् हिस्टरि । जेनरल्लि, देर् वर्क् ह्याज् बीन् अफ् एरि भेरि हाइ स्कलर्शिप् यॉन्ड् आइ थिङ्क् द्याट् दे आर् डूइङ् ए भेरि यूज्फुल् सर्भिस् टु द् कज् अफ् नेपाली हिस्टरिकल् रिसर्च् । सर्टेन्लि, मोस्ट् अफ् द् पीप्ल् हू ह्याभ् रिटन् हिस्टरिज् अफ् नेपाल् अर् हिस्टरिकल् अकाउन्ट्स् ह्याभ् टेन्डिड् टु बी एरि बिट् टू केरलेस् यॉन्ड् द् फ्याक्ट् द्याट् देर् इज् ए ग्रूप् अराउन्ड् वेटिङ् टु पाउन्स् अन् यॉन्ड् करेक्ट् दीज् एरर्स् शुड् मेक् अल् अफ् अस् बी मोर् केरफुल्

❀ बालचन्द्र शर्माज्यूको इतिहासको वाहवाह चलिरहेको हुनाले नै उहाँले आफ्नो अशुद्ध पुस्तकलाई नसच्याई फेरि वि.सं. २०२२ मा छपाउने साहस गर्न सक्नुभयो । वयोवृद्ध ज्ञवालीज्यू पनि आफ्नो पूर्व चरित्रलाई बिर्सेर शर्माज्यूले लेख्नुभएको कुरालाई तानतुन गरी सिद्ध गरी शर्माज्यूलाई रिझाउन लाग्नुभएको छ । हाम्रो सावधानपत्र देख्ता क्रुद्ध हुनुभएका ज्ञवालीज्यू "मेरा सबै पुस्तक बिके भने म फेरि पनि अशुद्ध नै छाप्छु, मलाई कसले के गर्न सक्छ" भनी हामीसँग नयाँ सडकमा गर्जनुभएको पनि थियो । त्रिभुवन-विश्व-विद्यालयका भूतपूर्व उच्च अधिकारीहरूले शर्माज्यू र ज्ञवालीज्यूका ती अशुद्ध पुस्तकलाई संशोधनविना पाठ्यपुस्तक बनाइराख्न आफ्नो बुद्धि र शक्तिले भ्याएसम्म उद्योग गर्नुभएको थियो । अहिले (वि.सं.२०२३को आश्विनमा) बल्लतल्ल संशोधन पनि त्रिभुवनविश्व-विद्यालयमा पढाउने निर्णय भयो भनी सूचना पाइएको छ ।

इन् ह्वट् वी राइट् । आइ'म् शूर् दे् ज्याॅल् फाइन्ड मेनि मिसटे्कस इन् ह्वट् वी प्रोड्यूस हीर् याट् बर्कले, बट् आइ क्यांन् अशूर् यू वी श्याॅल् वेल्कम् दे् र् क्रिटिसिज्मज् ।

लिओ ई. रोज
यूनिभर्सिटि अफ् क्यालिफोर्निया,
बर्कले, क्यालिफोर्निया, यू. एस. ए.

(श्रीगोकुलचन्द्रज्यूलाई श्रीलिओ. ई. रोजले पठाउनुभएको पत्रको एक अंश)

वि. स.२०१५ आश्विन १४ गते

[

इतिहास–संशोधन–पुस्तिकाका रचयिताहरूका साथमा भेट भएमा इतिहासका संशोधनमा उनीहरूले गरेका उच्च कृतिहरूलाई हामीहरू अत्यन्त प्रशंसा गर्छौं. भनी सुनाइदिनुहोला । प्रायः उनीहरूका कृति ठूलो पाण्डित्यका छन् । नेपालको इतिहासको अन्वेषणमा उनीहरूले धेरै उपयोगी काम गरेका छन् भन्ने मेरो विचार छ। नेपालको इतिहास अथवा ऐतिहासिक वर्णन लेख्ने धेरै रचयिताहरूले केही ज्यादै असावधानी गरेका छन् । तिनीहरूले गरेका अशुद्धिलाई आक्रमण गर्न र शुद्ध गर्न तयार रहेको मण्डलले जुन विषयमा हामीहरू लेख्न लागेका छौं, ती हामी सबैलाई धेरै सावधान गराइदिनेछ । यहाँ बर्कलेमा हामीले तयार गरेका ग्रन्थमा (नेपालका इतिहासका विषयमा) तिनीहरूले धेरै अशुद्धि भेट्टाउनेछन् भन्ने कुरा मलाई लागेको छ। तर उनीहरूले गरेका आलोचनालाई हामीहरू स्वागत गर्नछौं भन्ने कुरामा म तपाईंलाई विश्वास दिलाउँछु ।

लिओ ई. रोज
क्यालिफोर्निया–विश्वविद्यालय
बर्कले,क्यालिफोर्निया, संयुक्त–राज्य अमेरिका]

यस कारण बाहिर आफ्नो ग्रन्थको यश फैलियोस् भनी चाहने रेग्मीज्यूलाई इतिहास–संशोधनले सिद्ध गरेका कुरा लोभ लाग्ने हुनु स्वाभाविक थियो । यस कारण वि. सं. २०१७ मा रेग्मीज्यूले आफ्नो "ए्नशन्ट् नेपाल् (नेपालको प्राचीन इतिहास)" नामक पुस्तकमा इतिहास–संशोधनबाट धेरै कुरा लिई थोरै ठाउँमा मात्र इतिहास–संशोधनको नाम लिई इतिहास–संशोधन (संशोधन-मण्डल)को आँखामा छारो हाली उसलाई पनि आफ्नो विरोधी बन्न नदिने, उसको परिश्रमबाट आफू यशस्वी अन्वेषक बनी धनमान पनि कमाउने चाल चल्नुभएको थियो । तर यसको फल रेग्मीज्यूलाई राम्रो भएन । किनभने विद्या–रक्षा ३ संख्याले रेग्मीज्यूको धूर्तता नेपाली दुनियाँलाई देखाइदियो ।

अहिले वि. सं. २०२३ मा रेग्मीज्यूले एउटा अर्कै नयाँ चाल चल्नुभएको छ । इतिहास-संशोधनमा स्थाननिर्देशनपूर्वक प्रमाणहरू दिएकै छन । तिनलाई स्थाननिर्देशन गरी खुरुखुरु सारे भइगयो । कसैको लड्कानधक्का भन्ने रेग्मीज्यूले विचार गर्नु भयो र सोहीबमोजिम काम पनि गर्नु भयो । तर रेग्मीज्यूलाई वि. सं. २०१८ वैशाखदेखि निस्कन लागेको संशोधन—मण्डलको

अभिलेख–संग्रहनामक त्रैमासिक पत्रिकाले अपठ्यारोमा पारिदियो। जसले पहिले प्रकाश गर्‍यो उसैका नाममा सो अभिलेख दर्ता हुने चलन संसारभर भएको हुनाले अभिलेख–संग्रहबाट सामान लिंदा संशोधन–मण्डलको नाम लिनुपर्‍यो। नाम नलिई खुरुक्क सारे चोरीमा परिने भइयो। यस सङ्कटबाट बच्न रेग्मीज्यूले अर्को चाल चलनुभयो। मैले यो पुस्तक वि. सं. २०१८ ज्येष्ठ १९ गतेमा नै लेखिसिद्धयाएको हुँ भनी उहाँले आपनो भूमिकामा लेखनुभयो तथा प्रकाशकबाट पनि सोही किसिमको वक्तव्य निकाल्न लाउनुभयो। जस्तै—

उहाँका ग्रन्थका तीनै भागका भूमिकामा "ई. सं. १९६१ जून १ (वि. सं. २०१८ ज्येष्ठ १९ गते) लेखिएको छ।

दोस्रो भागमा—

पब्लिशर' स् नोट्

द् म्यॉन्युस्क्रिप्ट् आफ् "मेडिईभल् नेपाल्" ह्याड रीच्ड् अस् समटाइम् इन् जून् अफ् १९६१। बी, हाउएभर, रिग्रेट् टु अंनाउन्स् द्याँट् अन् अकाउन्ट अफ् अनअभइडेब्ल् सरकमस्टन्सिज् द् बुक इज् नाउ बीइङ् ब्रट् आउट आफ्टर् सम् डिले। अगस्ट् १९६६

[प्रकाशकको सूचना

"मेडिईभल् नेपाल्" को पुरुकापी १९६१ को जून महीनामा (वि. सं. २०१८ को ज्येष्ठ आषाढमा) हामीकहाँ आइपुगिसकेको थियो। टारिनसक्ना परिस्थितिले गर्दा केही बियाँलो गरी अहिले यो पुस्तक जसोतसो गरी प्रकाश भइरहेछ भनो भन्नुपर्दा हामीलाई अपशोच लागेको छ।

१९६६ को अगस्ट महीना (वि. सं. २०२३ को श्रावण-भाद्र) ]

वि. सं. २०१८ को प्रारम्भदेखि निस्कन लागेको अभिलेख–संग्रहको पहिलो भागमा लिच्छवि-कालका अभिलेखमात्र परेकाले तिनको दरकार रेग्मीज्यूलाई अहिले नपरेको र वि. सं. २०१८ श्रावणदेखि निस्केका अभिलेख–संग्रह दोस्रो भागदेखिका अभिलेखको मात्र रेग्मीज्यूलाई अहिले दरकार भएको हुंदा सो (वि. सं. २०१८ श्रावणसंक्रान्ति) भन्दा अघिल्लै (वि. सं. २०१८ ज्येष्ठ १९ गतेको) मिति रेग्मीज्यूले आपनो ग्रन्थमा हाल्नुभएको देखिन्छ।

यसरी आफूलाई चाहिने जति जम्मै अभिलेख आपनो नाममा रेग्मीज्यूले निर्धक्कसँग दर्ता गराउनुभयो। जस्तै—

| *अभिलेखको परिचय* | *संशोधन–मण्डलको अभिलेख–संग्रहमा* | *रेग्मीज्यूको ग्रन्थमा* |
|---|---|---|
| भक्तपुर तौमढीटोल भैरवस्थानको | २ भाग ९ पृष्ठ | ३ भाग २–३ पृष्ठ |
| पाटन थपाहिटीको | २ भाग १० पृष्ठ | ३ भाग ५ पृष्ठ |
| भक्तपुर तौमढीटोल नारायणचोकको | २ भाग १०-११ पृष्ठ | ३ भाग ६-७ पृष्ठ |
| सांखु वज्रयोगिनीको | २ भाग १२ पृष्ठ | ३ भाग ७ पृष्ठ |
| पाटन कुम्भेश्वरको | २ भाग १२ पृष्ठ | ३ भाग ७–८ पृष्ठ |

| अभिलेखको परिचय | संशोधन-मण्डलको अभिलेख-संग्रहमा | रेग्मीज्यूको ग्रन्थमा |
|---|---|---|
| पाटन वलहोलको | २ भाग १३ पृष्ठ | ३ भाग ८ पृष्ठ |
| चाँगुको | २ भाग १३ पृष्ठ | ३ भाग ९ पृष्ठ |
| पाटन वटुकभैरवको | २ भाग १५ पृष्ठ | ३ भाग ६ पृष्ठ |
| पाटन बालकुमारीको | २ भाग १५-१६ पृष्ठ | ३ भाग१६-१७ पृष्ठ |
| पाटन गुइतविहारको | ९ भाग २५ पृष्ठ | ३ भाग ४ पृष्ठ |
| फर्पिङको | ९ भाग २७ पृष्ठ | ३ भाग१२-१३ पृष्ठ |

इत्यादि

यी अभिलेख पहिले कसले प्रकाश गरेका हुन्, यस विषयमा रेग्मीज्यूले केही बोल्नु भएको छैन।

तेस्रो भागको भूमिकामा —

मोस्ट् अफ् द् मटीरिअल् ज् पब्लिश्ड् इन् दिस् वर्क् आर् यांब्सल्यूट्लि अरिजिनल् यॉन्ड् देः ह्याँभ् सीन् द लाइट् अफ् डे, फर् द फर्स्ट् टाइम्।

[यो ग्रन्थमा छापिएका धेरैजसा सामान पुरापूर मौलिक छन् तथा पहिलोबाजि यी सामान प्रकाश भएका हुन्।]

यो वाक्य रेग्मीज्यूले लेख्नुभएकोले रेग्मीज्यूले नै यी अभिलेखलाई सबभन्दा पहिले छाप्नु-भएको रहेछ भन्ने देखिन आउँछ।

पाटन थपाहिटीको राजा प्रद्युम्नको पालाको अभिलेख हामीले अभिलेख-संग्रह दोस्रो भागको १० पृष्ठमा छपाएका थियौं। सो अभिलेख यस प्रकारको छ—

पञ्चाशीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्णा शुभा
मूलादित्ययुता (वि) थिश्च धवलाषाढत्रयोदश्यपि
श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता
तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वाभिना

यो अभिलेखलाई रेग्मीज्यूले आफ्नो ग्रन्थको पहिलो भागको १३२ पृष्ठमा पनि छपाउनुभएको छ। त्यसको टिप्पणीमा चाहिं "अन्पब्लिश्ड् (अप्रकाशित)" भनी लेखिएको छ। यस कारण यी जस्तै अभिलेख रेग्मीज्यूले आफैंले खोजी पढी प्रकाश गर्नु भएको रहेछ भन्ने कुरा उहाँको लेखबाट देखिन आउँछ।

जति जति सङ्गालर्दै गयो, उति उति लोभ बढ्दै जाने हुनाले वि. सं. २०१९, २०, २१, २२ सम्म संशोधन-मण्डलले प्रकाश गरेका कुरालाई पनि रेग्मीज्यूले छोडन सक्नुभएन, सुटुक्क पचाउने नियत लिनुभयो। जस्तै—

वि. सं. २०१९ मंसीरमा संशोधन–मण्डलको "इतिहास–संशोधनको प्रमाणप्रमेय" जगदम्बा-प्रकाशनबाट निस्क्यो । १ देखि ५० संख्यासम्मका इतिहास–संशोधनका संग्रहको रूपमा सो पुस्तक निस्केको हो तापनि नयाँ पाइएका प्रमाणहरूको पनि त्यसमा समावेश भएको हुनाले इतिहास-संशोधनहरूको परिवर्द्धित तथा संशोधित संस्करण सो पुस्तक बन्न गएको छ । त्यसबाट पनि रेग्मीज्यूले प्रशस्त कुरा सार्नु भएको छ । रेग्मीज्यूले सार्नुभएका जम्मै कुरा देखाउन स्थानाभावले सम्भव नभएकोले ३ वटा उदाहरण मात्र यहाँ दिइन्छन्—

*इतिहास–संशोधनको प्रमाणप्रमेयमा—*

" याते कामशरैकभूतसहिते नैपालिके हायने
षष्ठ्यां भाद्रपदेऽसिते रविदिने ऋक्षे तथा स्रष्टरि ।
मध्याह्ने स्थितिराजमल्लनृपतिः स्वर्गाधिरोहं गतो
हाहाकाररवः सशोकवचनव्याप्तं प्रजानान्मुखम् ॥

(राष्ट्रिय पुस्तकालयमा रहेको ताडपत्रमा लेखिएको ३२३ सं. को "भारतीय नाट्यशास्त्र" भन्ने पुस्तकबाट)

[ने. सं. ५१५ (वि. सं. १४५२) भाद्र कृष्ण षष्ठी आदित्यवार रोहिणी नक्षत्रमा मध्याह्नमा राजा स्थितिमल्ल स्वर्ग हुनुभयो । प्रजाहरूमा हाहाकार र शोक फैलियो ।]

(३८ पृष्ठ)

*मेडिईभल् नेपालमा—*

रेग्मीज्यूले सो श्लोक सारी यसको अर्थ यसरी दिनुभएको छ—

"यॉट् नून् अन सन्डे, द ६थ अफ् द डार्क फर्ट्नाइट अफ् द मन्थ अफ् भाद्र अफ् द नेपाल् यर् ५१५, किङ् स्थितिमल्ल ब्रीद्ड हिज् लास्ट यॉन्ड् दर् वज् ग्रीफ् यॉन्ड् सरो अल् अराउन्ड् यॉन्ड् द पीपल् स्पोक इन् डिसट्रेस ।" (पहिलो भाग ३७१ पृष्ठ)

*इतिहास–संशोधनको प्रमाणप्रमेयमा—*

अब्दे नेपालवृत्ते गगनयुगरसे मासि भाद्रे च शुक्ले,
द्वादश्यान्चातिगण्डे श्रवणसहगते वासरे सूर्यपुत्रे ।
त्यक्त्वा सप्ताङ्गलक्ष्मीं विपुलधन महाक्रन्दितानेकलोकं,
हा स्वामी रत्नमल्लो दश युवति सहा रुद्रलोके च यातु ॥

(राष्ट्रिय–पुस्तकालयमा रहेको ३४९० संख्याको अमरकोशबाट)

[ने.सं. ६४० (वि. सं. १५७७) भाद्र शुक्ल द्वादशी श्रवणनक्षत्र अतिगण्डयोग शनैश्चरवारका दिन राज्य धन–सम्पत्ति छोडी दुनियाँलाई रुवाई रत्नमल्ल स्वर्ग हुनुभयो । दशजना सती गए ।]"

(१४० पृ.)

*मेडिईभल् नेपाल् मा—*

माथि उद्धरण गरिएको श्लोक सारो त्यसको अर्थ यसरी दिइएको छ—

" अन् स्याँटर्डेऽ भाद्र शुक्ल १२ किङ् रत्नमल्ल डाइड् यॉन्ड विद् हिज् डेड् बडि टेन् यङ बिमिन् वेर् बर्न्ट, द् पीप्ल मोर्न्ड् हिज् डेथ्।" (पहिलो भाग ४६३ पृ.)

शिवसिंह मल्लभन्दा अघि पाटन स्वतन्त्र राज्यको रूपमा खडा भएको थियो भनी "इतिहास-संशोधनको प्रमाणप्रमेय" २–१७ पृष्ठमा विस्तारपूर्वक सप्रमाण सिद्ध गरिएको छ। रेग्मीज्यूले आफ्नो ग्रन्थको दोस्रो भागका २५८–६८ पृष्ठमा "पाटन् बिफोर् शिवसिंह" भन्ने शीर्षक राखी ओल्टाई पल्टाई हाम्रो कुरा सार्नु भएको छ। त्यसको एउटा सानो उदाहरण यहाँ दिइन्छ—

*इतिहास-संशोधनको प्रमाणप्रमेयमा—*

श्रीयक्षमल्लो भूपोऽस्ति नेपाले तेन पालिते।
स्थापिता सारदा देवी ललितापुरप्राग्दिशि ॥
त्रिभिः प्रधानैः पात्रैश्च पालितो ललितापुरः।
श्रीमान् मणिकुमारोऽत्र भाति सप्तकुटुम्बकैः ॥

संवद्भूधरषण्महेशवदनेतीते च नेपालिके
ज्येष्ठे शुक्लहुताशनाख्यतिथिके वारे हिमांशोः शुभे।
ऋक्षे सन्मृगशीर्षके वरधृतौ योगे वृषस्थे रवौ
लोकैर्विंशतिभिः कृता मखवरे श्रीसारदास्थापना ॥

[पाटन क्वाछें बालकुमारीसंगैको यक्षमल्लको पालाको वि. स. १५०४ को अभिलेखबाट]

[राजा श्रीयक्षमल्लले नेपालमा शासन गरिरहनुभएको बेलामा ललितपुरको पूर्वपट्टि सरस्वती देवीको स्थापना गरियो। यस बेला ललितपुरको शासन सप्तकुटुम्बज तीन महापात्रहरूले चलाइरहनुभएको छ। यस ललितपुरमा श्रीमणिकुमार (स्वामिकार्तिक) सुहाइरहनुभएको छ। ने. सं. ५६७ (वि. सं. १५०४) ज्येष्ठ शुक्ल प्रतिपदा सोमवार मृगशिरानक्षत्र धृतियोगमा सूर्य वृषराशिमा बसेमा २० जना मिली यज्ञ गरीकन सरस्वतीको स्थापना गरियो।]

पूर्वं यन्मुनिना सुपालितमही नेनामधेयेन सा
नेपालेति च संज्ञिता मुनिजनैस्तत्रापि रम्या पुरी।
नाम्नेयं ललितापुरी द्विजवरैः पात्रोत्तमैः पालिता
तस्यां श्रीमणिनागराज इति यः सोऽयं मुने राजते ॥

श्रीश्रीजययक्षमल्लदेवभूपालेश्वरस्य हृदयानन्दकारिणः श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुष-महादानप्रसङ्गे तस्य राज्ञः परिषत्सु श्रीदक्षिणविहारमहामहमहापात्रश्रीमदुदयसिंहमल्लवर्म्मणा च पात्रत्रितयेन स्वस्थानभवनभूपालस्थापनाचार्येण मामेव बहुमानमाहूय नानादिग्देशागतेन राजसमूहेन साङ्गमहमुक्तो यथा चतुरङ्कमहाभारतनाटकं त्वया नाटयितव्यमिति।

[बीरपुस्तकालयमा रहेको 'चतुरङ्कमहाभारत' भन्ने प. ४४९ संख्याको पुस्तकबाट]

[हे मुनि! उहिले नेमुनिले पालना गरिएको देश हुनाले 'नेपाल' भनी मुनिहरूले नाउँ राखिएको यस देशमा राम्रो 'ललितपुर' भन्ने शहर छ। तांगाधारी महापात्रहरू त्यसको पालना गर्नुहुन्छ। त्यहाँ मणिनागराज हुनुहुन्छ।

.........महाराजाधिराज श्रीश्रीजक्षमल्लदेवको आनन्द बिने (छोरा) श्रीश्रीजयरायमल्लदेवको सुवर्णतुला महादानको प्रसङ्गमा उहाँ राजाको भारादारीसभामा दक्षिणविहारका प्रधान महापात्र, राज्यच्युत राजालाई थामिदिनामा सिपालु श्रीउदयसिंहमल्लवर्मा आदि तीन महापात्रले नानादेशबाट आएका राजाहरूसहित भई मलाई बोलाएर 'चतुरङ्गमहाभारत' नाटक तिमीले नचाउनू भनी भन्नुभयो।]

ज्येष्ठः श्रीजयरायमल्लनृपतिर्न्नेपालचूडामणि–
स्तन्मध्योनुजकंसकेशवबली श्रीरत्नमल्लः प्रभुः।
कानिष्ठो रणमल्लदेवसुकृती कारुण्यरत्नाकर–
स्तत्तेषां वरभागिनेयविदितः श्रीभीममल्लो नृपः॥

तेषां नृपाणां विजयराज्ये॥ अत्र हि॥
पात्रोत्तमे सप्तकुटुंबमध्ये प्रधानतः श्रीत्रिभयः प्रमुख्यः।
तीक्ष्णप्रतापैजितवैरिवृन्दः प्रतापसिंहः परमं विभाति॥

अन्यच्च॥ जयति अमृतसिंहः शत्रुमातंगसिंहः... ...
ललितपुरवरेस्मिन् सर्वसामंतसिंहः॥
अतश्च॥... श्रीपात्रवंशार्णवजातचन्द्रः...
विराजते राघवसिंहधीरः।
अपि च॥ श्रीमन्माणिकुमारस्य पदाम्भोजैकषट्पदः।
जीयात्कुसुमसिंहोयं कीर्तिसिंहसुतः सुधीः॥
अपरञ्च॥...हर्षपालो विभात्युच्चैः कल्पवृक्ष इवापरः।
... ... बिन्दुयुग्मरसे याते श्रीनेपालिकवत्सरे।
वैशाखस्य शिते पक्षे द्वितीयायां प्रयत्नतः॥

(फील्डमार्शल श्रीकेसर शमशेर ज. ब. रा. को पुस्तकालयमा रहेको २३४ संख्याको वि. सं. १५५७ मा लेखिएको 'साद्यन्तकोशसार' भन्ने पुस्तकबाट)

[नेपालका राजा जेठा श्रीजयराय मल्लदेव, उहाँका माहिला भाइ असुरनारायण बलिया श्रीरत्न मल्लदेव, कान्छा धर्मात्मा दयालु श्रीरण मल्लदेव, उहाँहरूका असल भानिज श्रीभीम मल्ल देव, यहाँ राजाहरूको विजयराज्यमा।

यहाँ (ललितपुरमा)—उत्तम पात्रकुलका सप्तकुटुम्बजमध्ये तीन महापात्र मुख्य हुनुहुन्छ। ठूलो प्रतापद्वारा शत्रुहरूलाई जितेका प्रतापसिंह हुनुहुन्छ।

अरू–शत्रुहरूको नाश पारेका…सबै सामन्तहरूमा श्रेष्ठ भएका अमृतसिंह यस ललितपुरमा हुनुहुन्छ ।

अरू–पात्रकुलमा श्रेष्ठ भएका धीर राघवसिंह हुनुहुन्छ ।

अरू–श्रीमणिकुमारका पाउका भक्त, कीर्तिसिंहका छोरा कुसुमसिंहको चिरायु होस् ।

अरू–…खूब दानी हर्षपाल हुनुहुन्छ ।

"ने. सं. ६२० (वि. सं. १५५७) वैशाख शुक्ल द्वितीयाका दिन परिश्रमपूर्वक (यो पुस्तक लेखियो ) ]"

मेडिईभल् नेपाल्मा–

"द् थ्री प्रधानपात्रज् अदीर् वन्स् अगे॒न् इन् द् सरस्वती टेम्प्ल् इन्स्क्रिप्शन् अफ् द् यर् ५६७ एन्. एस्.… …। इन् द् कलफन् अफ् द् चतुराङ्क महाभारतनाटकम् (दर्बार् लाइब्रेरि क्याटलग् १. ४४९) द् थ्री महापात्रज् आर् नोटिड् बट् ओन्लि वन् इज् मेन्शन्ड् बाइ ने॒म्, दिस् इज् उदयसिंहमल्ल वर्मा डेजिग्ने॒टिड् यॉज् दक्षिणविहार महापात्र, बट् ही इज् शोन् टु बी सर्भिङ् इन् द् रे॒न् अफ् यक्षमल्ल। सिमिलर्लि कुसुमसिंह हु इज् नोटिड् यॉज् द् सन् अफ् कीर्तिसिंह फिगर्ज् यॉज् वन् अफ् द् थ्री महापात्रज् अ॒ल् मेन्शनड् बाइ ने॒म् इन् द् कलफन् अफ् द् म्याँन्युस्क्रिप्ट् स्याद्दन्तकोशसार अफ् ए॒ ल्याटर् डे॒ट् (केसर लाइब्रेरि नम्बर २३४)। द् कलफन् डे॒ट्स् इन् ६२० वैशाख शुक्ल २ यॉन्ड् वज कपिड् इन् द् रे॒न् अफ् द् थ्री सन्ज् अफ् यक्षमल्ल । (दोस्रो भाग २६१ पृ.)

वि. सं. २०२० आषाढ ७ गते छापिएको इतिहास-संशोधन ५७ संख्यामा विष्णुमल्लको वंशपरिचय यसरी दिइएको छ—

श्रीनिवासमल्ल

मणिमती — योगनरेन्द्रमल्ल

इन्द्रमल्ल — पुण्यमती + दरसिंह

विष्णुमल्ल

रेग्मीज्यूले आफ्नो ग्रन्थको दोस्रो भागको ३५५ पृष्ठमा यो वंशक्रम खुरुक्क सार्नु भएको छ।

वि. सं. २०२० मा छापिएका अरु इतिहास–संशोधनहरूबाट पनि रेग्मीज्यूले आफूलाई चाहिने जति कुरा सार्नु भएको छ ।

वि. सं. २०२१ वैशाखदेखि संशोधन–मण्डलले "पूर्णिमा" नाउँको त्रैमासिक पत्रिका निकाल्न लाग्यो । पूर्णिमा पत्रिकाबाट पनि रेग्मीज्यूले आफूलाई चाहिने जति कुरा सार्नु भएको छ । जस्तै–

पूर्णिमा १ अङ्कका ३३–४१ पृष्ठमा "नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको प्रभाव" भन्ने निबन्ध छापिएको छ । त्यहाँ दिइएका उदाहरणलाई रेग्मीज्यूले आफ्नो ग्रन्थको दोस्रो भागका ८२७–२९ पृ. मा सार्नु भएको छ ।

वि. सं. २०२२ मा "पूर्णिमा"मा छापिएका कुरा रेग्मीज्यूले सार्नु भएको उदाहरण "पूर्णिमा"को ११ अङ्कका १७–२४ पृष्ठमा हेर्नुहोस् ।

रेग्मीज्यूले हाम्रो नाम नलिई हाम्रा ग्रन्थबाट सार्नु भएका जम्मै कुरा अहिले यहाँ लेख्नु सम्भव छैन ।

वि. सं. २०२३ मा निस्केको पुस्तक वि. सं. २०१८ मै पूर्ण भई छापाखानामा गइसकेको हो भनी साबीत गर्न जति सावधानी गर्नुपर्थ्यो, त्यति रेग्मीज्यूले गर्न सक्नुभएको छैन । जस्तै–

रेग्मीज्यूले आफ्नो ग्रन्थको पहिलो भागको ४४८ पृष्ठमा धर्मगुप्तको रामाङ्कनाटिकाको तलको वाक्य उद्धरण गर्नुभएको छ—

"इह नेपालमण्डले श्री ललितापुरी नामधेयं विविधगुण(नि)जन संसेव्यमान(म्) नगरं वर्तते यत्र ॥ सकलपात्रकुलावलम्बकामिनी जनालङ्कृतः विश्वम्भराभरण मौलिभूतः श्री दक्षिणविहार प्रधान-महामहमहापात्र श्री(ज)यासिहमल्ल(:) पात्रवंस(वंश)तिलकभूत(तः) प्रतापभास्कर विदो (दुयौ) इव ॥ श्रीमान् जयसिंहमल्ल पात्रवंसादि(वंशब्धि)चमाः ॥ यत्कृतं स्थापितं राज्यं विक्षा(ख्या)त(म्) पृथिवीतले ॥ यश्चक्रे नाटिकेयं (नाटिकां यो) विजय-तुलमतिः हन्ति सर्व्वान् विपक्षान् यस्य श्रीकीर्तिमूप्रथितगुणगनां पावनः पावनानाम् ॥ प्रत्यक्षा-नीतिसेवी क्षितितलभुवने पात्रवंशाधिराज(:)सोयं श्रीराजसिंहो नयविनयगुणनीतिरत्नाकरे(न्दुः) संवत्सरं समद्वि(धि)के शशि शून्यबाणैः मासे सितेतरभवे द्वितीया च पौषे ॥ नक्षत्रमेव वरपुण्य तथापि युक्तवारेस्ताथा भृगुसुतश्च सर्वधृतिश्च ."

यो पुस्तक वीरपुस्तकालयको हो भनी रेग्मीज्यूले सोही पृष्ठमा लेख्नुभएको छ । त्यसको टिप्पणीमा पब्लिशड् भल्युम् ३, पेजिज् ५७–५८ (प्रकाशित सूचीपत्रको तेस्रो भागको ५७–५८ पृष्ठ) भनी रेग्मीज्यूले लेख्नुभएको छ । ❁ वीरपुस्तकालयको प्रकाशित सूचीपत्रको तेस्रो भागको ५७–५८ पृष्ठमा रेग्मीज्यूले उद्धरण गर्नु भएका सबै वाक्य छापिएका पनि छन् । यस कारण रेग्मीज्यूले सो सूचीपत्र अघिल्तिर राखी आफ्नो ग्रन्थ लेख्नुभएको हो भन्ने कुरा स्पष्ट छ । रेग्मी-ज्यूले लक्ष्य गर्नु भएको वीरपुस्तकालयको सूचीपत्रको तेस्रो भाग वि. सं. २०१९ ज्येष्ठ २९ गते श्री ५ महाराजाधिराजको जन्मोत्सवको दिन प्रकाशित भएको हो भनी सोही सूचीपत्रमा दुई तीन ठाउँमा लेखिएको छ । (सो सूचीपत्रमा छापिएको पुरातत्व–विभागका निर्देशक रमेशजङ्ग थापाज्यू तथा वीरपुस्तकालयका अध्यक्ष बुद्धिसागर पराजुलीज्यूहरूको वक्तव्य र सो पुस्तकको मुखपृष्ठ हेर्नुहोस् ।)

---

❁ रेग्मीज्यूले आफ्नो ग्रन्थमा अन्यत्र पनि वीरपुस्तकालयको प्रकाशित सूचीपत्रको तेस्रो भागको चर्चा गर्नु भएको छ । (रेग्मीज्यूको ग्रन्थका पहिलो भागको ४६२, ४६३, ६३६ पृष्ठ हेर्नुहोस् ।)

यस कारण वि. सं. २०१९ ज्येष्ठ २९ गतेभन्दा पछि रेग्मीज्यू आफ्नो ग्रन्थको पहिलो भाग लेख्दै हुनुहुन्थ्यो भन्ने कुरामा केही सन्देह रहँदैन ।

रेग्मीज्यूले आफ्नो ग्रन्थको तेस्रो भागको दोस्रो खण्डका ५६ पृष्ठदेखि ८७ पृष्ठसम्म डी (घ) ठ्यासफु छपाउनुभएको छ । उहाँले सो डी (घ) ठ्यासफुको परिचयचाहिं दोस्रो भागका १७–१८ पृष्ठमा दिनुभएको छ । त्यहाँ उहाँले यो पुस्तक वीरपुस्तकालयले किनेको हो भनी लेख्नुभएको छ । सो ठ्यासफु वीरपुस्तकालयले वि. सं. २०१९ माघ २३ गते किनेको हो । (पूर्णिमा ११ अङ्कको २३ पृष्ठ हेर्नुहोस् ।) यस कारण वि. सं. २०१९ माघ २३ गते भन्दापछि नै रेग्मीज्यूले सो डी (घ) ठ्यासफु देख्नुभएको हो भन्ने कुरामा केही सन्देह रहँदैन । सो डी (घ) ठ्यासफुको चर्चा रेग्मीज्यूले आफ्नो ग्रन्थको दोस्रो भागमा जताततै गर्नुभएको छ । जस्तै— ८७ पृष्ठमा, ९१ पृष्ठमा, ९५ पृष्ठमा, ९६ पृष्ठ इत्यादिमा ।

यस कारण वि. सं. २०१९ माघ २३ गतेभन्दा पहिले रेग्मीज्यूले आफ्नो ग्रन्थको दोस्रो तथा तेस्रो भाग लेखिसिद्ध्याउनुभएको थियो भन्ने कल्पना गर्न पनि सकिंदैन ।

यस कारण—

वि. सं. २०१८ ज्येष्ठ १९ गते मेडिईभल् नेपाल् (नेपालको मध्यकालको इतिहास)का तीनै भाग लेखिसकेको थिएँ भन्ने रेग्मीज्यूको उक्ति र वि. सं. २०१८ ज्येष्ठ आषाढमै रेग्मीज्यूका पुस्तकका गुरुकापी हामीकहाँ आइपुगेका थिए भन्ने रेग्मीज्यूका प्रकाशकको भनाइ सर्वथा जालसाजी हो भन्ने कुरामा केही शङ्का रहँदैन ।

यस कारण रेग्मीज्यूको झूटो व्यवहार स्पष्ट हुन आएको छ । यसरी रेग्मीज्यू विद्याको चोरीमा अग्रणी नेता भएर निस्कनुभएको छ ।

विद्याको चोरीको उल्लेख प्राचीन वाङ्मयमा पनि पाइन्छ । जस्तै—

*अन्यवर्णपरावृत्त्या बन्धचिह्ननिगूहनैः ।*
*अनाख्यातः सतां मध्ये कविश्चौरो विभाव्यते ॥*

—बाण

[ अरूका रचनामा केही अक्षर फेरफार पार्दै कुरा तलमाथि पारी ढाकछोप गर्ने चोर कविलाई कसैले नपोले तापनि विद्वान्हरूको सभामा उसको चोरी साबीत हुन्छ । ]

*साहित्यपाथोनिधिमन्थनोत्थं कर्णामृतं रक्षत हे कवीन्द्राः ।*
*यदस्य दैत्या इव लुण्ठनाय काव्यार्थचौराः प्रगुणीभवन्ति ॥*

—बिल्हण

[ हे ठूला कविहरू हो ! साहित्यरूपी समुद्रलाई मथ्नाले उत्पन्न भएको कानलाई आनन्द दिने अमृत (काव्य)लाई रक्षा गर्नुहोस् । यसलाई लुट्न खोज्ने दैत्य जस्ता चोर कविहरू धेरै छन् ।]

*पुंसः कालातिपातेन चौर्यमन्याद् विशीर्यति ।*
*अपि पुत्रेषु पौत्रेषु वाक्चौर्यं तु न शीर्यति ॥*

—सुभाषित

[समय बितेपछि मानिसले चोरेको अरू कुरा बिर्सदै जान्छ । विद्या चोरेकोचाहिँ छोरा नातिको पालासम्म पनि बिर्सिदैन ।]

रेग्मीज्यूका ग्रन्थमा अशुद्धि पनि निकै छन् । तिनलाई हामी क्रमशः प्रकाश गर्दै जानेछौं । एउटा उदाहरण यहाँ दिइन्छ—

गोरखालीहरूको सैनिक इतिहासमा "साके १६८७ मासे १२ दीन ३ रोज ४ रात्री घटी १२ मा आधा कृतीपुरमा पस्या प्रवेश बाकी रातृगत घटी ३ मा सबै हात भयो।" यस्तो लेखिएको छ । (सो ग्रन्थको ७ पृष्ठ हेर्नुहोस् ।) त्रिरत्नसौन्दर्यगाथाको परिशिष्टमा "संवत् १८२२ प्रथम चैत्र शु २ रो ४ कीर्तिपुर अंबल" भनी लेखिएको छ । (सो ग्रन्थको २६३ पृष्ठ हेर्नुहोस् ।)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२२ शाके १६८७ चैत्र अधिक शुक्ल

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| चैत्र | ३ | बुध | द्वितीया | ४९ । ५ |

(पात्रोबाट)

यताबाट वि. सं. १८२२ चैत्र ३ गते श्री ५ पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेका हुन् भन्ने स्पष्ट हुन्छ ।

अंग्रेजले हरिहरपुरतिर आक्रमण गर्दा पृथ्वीनारायण शाह कीर्तिपुरमा बसी अंग्रेजसंगको युद्धको संचालन गरिरहेका थिए । जस्तै—

"तहाँ हरिहरपुरमा आउन्या फिरंगीको मानिस १ काठमाडौमा आयेछ. पश्चिमबाट हामीमाथि जाट चढ्यो. यस पाला यो काम पुग्दैन. हामी जान्छौ भनि फिरंगीले भनि पठायेछन्. त्यो समाचार सुन्दा अरु प्रजा खुस भया. जयप्रकाश मात्र बिस्मात् भैरहेछ भन्या समाचार काठमाडौंबाट आयाको हो. यहा नेपाल पस्याका नागाहरू पनि निस्कनाको ताक गरी रह्याछन्. अब तो फिरंगी भागनान्. फिरंगीका लस्करमा भिड्क्याईकन १०।१५ चिवा हाल. हान्न सक्न्या भया पनी त्यो भाग्दाषेरी पछिबाट बिचक्याईदेऊ र मुख्ये हान्न पाउला. नपाया पनी अलमलरिरहेका थलीयेका दुषन्या हुनन्. तिनीहरूकन पाउला. मालमत्ता केही हातहतियार दौलत पनि मिल्ला. परंतु हरिहरपुरमा भेटाईकन मानिस हाली राष भंन्या आश्विन शुदि १५ रोज ४ मा कीर्तिपुर मुकाम श्री ५ पृथ्वीबाट रामकृष्ण कवरलाई."

[ज. ध्वजनरसिंह राणा (श्री ३ रणोद्दीपसिंहका भतिजा तथा धर्मपुत्र) ले वि. सं. १९३७ मा तयार गर्न लाएका श्यामराजकहाँ रहेको चिठीपत्रहरूको पञ्जिकाबाट यो सारांश लिइएको हो भन्ने ऐ. शि. बाबुराम आचार्यज्यूको भनाइ छ । उहाँबाट हामीले यो उतार पाएका हौं । पृथ्वीनारायण शाहको उपदेशका १०२६–३० पृष्ठमा व्याख्यासहित यो पत्र छापिएको छ ।]

वि. सं. १८२४ मा अंग्रेजले सिंधुलीमा आक्रमण गरेको हो भन्ने कुरा धेरै प्रमाणबाट सिद्ध हुन्छ❀। यस कारण यस पत्रको मिति वि. सं. १८२४ हुनामा सन्देह छैन । पात्रोसँग मिलाई हेर्दा यहाँ दिइएका तिथि वार मिल्छन्—

वि. सं. १८२४ आश्विन शुक्ल

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| आश्विन २५ | बुध | पूर्णिमा | ३९ |

(पात्रोबाट)

वि. सं. १८२४ आश्विनमा पृथ्वीनारायण शाह कीर्तिपुरमा बसिरहेका थिए भन्ने कुरा उनका अरू दुइ पत्रबाट पनि थाहा पाइन्छ । तिनमा पहिलो पत्र पृथ्वीनारायण शाहले कीर्ति-राजानन्द उपाध्यायलाई लेखेका हुन् । सो पत्र योगी नरहरिनाथद्वारा संस्कृत-सन्देश १।९ मा तथा बृहत्सन्धिपत्रसंग्रहको ३ पृष्ठमा छापिएको छ । त्यहाँ मिति "आश्विन वदि ९ रोज ४ मुकाम किर्त्तिपुर" भनी लेखिएको छ । सो दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२४ आश्विन कृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| आश्विन ४ | बुध | नवमी | ४३ |

(पात्रोबाट)❁

अर्को पत्रचाहिं श्री ५ पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरलाई लेखेका हुन् । यो पत्र हामीले ऐ. शि. ज्यूबाट नै पाएका हौं । त्यहाँ "आश्विन बदि १२ रोज ७ मुकां कीर्तिपुर" भनी लेखिएको छ ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२४ आश्विन कृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| आश्विन ७ | शनैश्चर | द्वादशी | ४९ |

(पात्रोबाट)

---

❀ श्रीसूर्यविक्रम ज्ञवालीको पृथ्वीनारायण शाहको १४८ पृ., श्रीडिल्लीरमण रेग्मीको "मडर्न् नेपाल" को ७२ पृ., श्रीबाबुराम आचार्यको "नेपालको संक्षिप्त वृत्तान्त" को ३७—३९ पृ. हेर्नुहोस्।

❁ योगीजीले अडकल गरी यस पत्रको मिति वि. सं १८२३ हो भनी बृहत्सन्धिपत्रसंग्रहको ३ पृष्ठमा लेख्नुभएको छ । तर वि. सं. १८२३ को आश्विन कृष्ण नवमी शनैश्चरवार पर्छ ।

सो दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२३ आश्विन कृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| आश्विन १५ | शनैश्चर | नवमी | ३४। ३७ |

(यी दुवै पत्र व्याख्यासहित श्री ५ पृथ्वीनारायण शाहका उपदेशका १०१९–२५ पृष्ठमा छापिएका छन् ।)

तर रेग्मीज्यूले "वि. सं. १८२४ को चैत्रमा पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेका हुन्" भनी लेख्नुभएको छ । जस्तै—

बाइ मार्च् १७६८, कीर्तिपुर वज् अन्डर्–सीज् फ्रम् अ॒ल् द् फोर् साँइड्ज् । द् गोर्खा ट्रूप्स् ह्याड् डिसेन्डिड् टु क्लोज् इन् फ्रम् फर्पिङ् यान्ड् दहचोक् । इट्स् लिङ्क् विद् पाटन् वज् कट् अ॒फ् यांज् नगाउँ, पाँगा यान्ड् चोबार् वेर् अक्युपाइड् बाइ दि इन्भे॒डर्ज् । इन्साइड् द् फोर्ट् द् पीप्ल् ह्याड् गट् टाइर्ड् अफ् ए॒ प्रोट्र्याक्टिड् स्ट्रगल् यान्ड् डिजाइर्ड् पीस् ईभन् विद् टोट्ल् सरेन्डर् । कीर्तिपुर गेभ् वे॒ अन् शाक १६८९ ❁ नष्ट चैत्र शुक्ल ८ यान्ड् दि इन्भे॒डर्ज् एन्टर्ड् द् फोर्ट् यांट् नाइट् बीइङ् रिसीभ्ड् बाइ दि इन्ह्याबिटान्ट्स् विद् साइलन्स् ।

(दोस्रो भाग ३६८ पृ.)

[ई. सं. १७६८ मार्च (वि. सं. १८२४ चैत्र) मा कीर्तिपुरमा चारैतिरबाट घेरा हालियो । घेरा हाल्नाको लागि फर्पिङ र दहचोकबाट गोरखाली फौज तल ओर्लेको थियो । आक्रमक (गोरखाली) हरूले नगाउँ, पाँगा, चोभार दखल गरिसकेका हुनाले कीर्तिपुरको पाटनसँग सम्बन्ध छुटिसकेको थियो । लम्बे सङ्घर्षले गर्दा किल्लाभित्रका मानिस वाक्क भइसकेका थिए । सम्पूर्ण आत्मसमर्पण गरेर पनि उनीहरूले शान्ति खोजेका थिए । कीर्तिपुरले शाक १६८९ (वि. सं. १८२४) नष्ट चैत्र शुक्ल ९ को दिन बाटो दिइएकोले रातमा त्यहाँका बासिन्दाले चूपचापसँग स्वागत गरिएका गोरखालीहरू किल्लामा पसे ।]

रेग्मीज्यूले उद्धरण गर्नुभएको वाक्यमा पनि नष्ट चैत्र भनी लेखिएको छ । वि. सं. १८२४ मा कुनै अधिमास वा क्षयमास परेका छैनन् । वि. सं. १८२२ चैत्रमा अधिकमास परेको थियो । त्यसपछि वि. सं. १८२५ श्रावणमा अधिकमास परेथ्यो । सो कुरा नबुझ्दा रेग्मीज्यूले शाके १६८९ ई. सं. १७६८ (वि. सं. १८२४) चैत्रको अधिकमासमा पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरे भनी लेख्नुभएको छ । यस कारण यहाँ दुइवर्ष फरक परेको छ ।

हाम्रो भन्नुपर्ने कुरा धेरै छन् । अहिले स्थानाभावले सो भन्न सकिएन ।

कार्तिकमा निस्कनुपर्ने यो अङ्क हो । तर रेग्मीज्यूले हाम्रो संपत्ति हरी आफ्नो नाममा दर्ता गर्नुभएकोले बेलैमा त्यसको प्रतिवाद गर्नु आवश्यक हुँदा सो गर्दा गर्दै पौषमा मात्र यो अङ्क निस्कन सक्यो ।

★★★

---

❁ यहाँ ३६८ पृष्ठमा शाक नष्ट मात्र लेखिएको छ, शुद्धिपत्रमा (१०६० पृष्ठमा) चाहिं शाक १६८९ नष्ट भनी सच्याइएको छ ।

का. म. अ. द. नं. १३३/२४९

कार्यालय–

# संशोधन-मण्डल

१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२३ कार्तिक–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ६।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य मा. रु. २।५०

मुद्रक–

जोरगणेश प्रेस प्रा० लि०

बालाजु औद्योगिक क्षेत्र, काठमाडौं